# कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग

शोधार्थी

सुजता के.सी.

म.प.वि. दर्ता नं.: २०१८–६८–३–१००२–००५७

परीक्षा रोल नं.: ६८०४०१२६

स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरअन्तर्गत नेपा.शि.५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा विभागमा प्रस्तुत

शोधपत्र

२०७८/२०२२

शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, नेपाल

## प्रतिबद्धता पत्र

प्रस्तुत **कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । शोधपत्र मैले सम्बन्धित विषयका पाठ्यपुस्तक, पुराना सन्दर्भग्रन्थ, शोधपत्रहरूको खोज र गहन अध्ययनका साथ सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेको छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु साभार गरेको छैन । प्रस्तुत शोधपत्रलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको उही स्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रूपमा मिलेको भेटिएमा सम्बन्धित संस्थाले रद्द गर्नसक्ने मञ्जुरी दिँदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेकी छु ।

....................

सुजता के.सी.

शोधार्थी

# सिफारिस पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग** शीर्षकको शोधपत्र शोधार्थी सुजता के.सी.ले मेरो निर्देशनमा तयार पार्नु भएको हो । यो शोधपत्र उपयुक्त देखिएकाले आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभागमा समक्ष स्वीकृतिका लागि सिफारिस गर्दछु ।

...........................

उपप्रा. लक्ष्मीप्रसाद आचार्य

शोध निर्देशक

मिति : वि.सं.२०७८/१२/०२

(सन् : १६ मार्च, २०२२)

मध्यपश्चिम विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय
शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
नेपाली शिक्षा विभाग
सुर्खेत, नेपाल

०८३- ५२३४८५

पत्र सं.:
चलानी नं.:

मिति : ............

# स्वीकृति पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर (एम.एड.) तह चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ शोधार्थी सुजता के.सी.द्वारा तयार पारिएको प्रस्तुत **कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त भएकाले स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. जसविर रोका | क्याम्पस प्रमुख | ------------- |
| २. | उपप्रा. हरिजङ्ग शाह | विभागीय प्रमुख/बाह्य परीक्षक | ------------- |
| ३. | उपप्रा. लक्ष्मीप्रसाद आचार्य | शोधनिर्देशक | ------------- |

मिति : वि.सं. २०७८/ १२/१७
(सन् ३१ मार्च, २०२२)

# कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । साथै यस शोधपत्रको सुरुदेखि अन्तिमसम्म आइपुग्दा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शोधनिर्देशक उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्यज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई पूर्णता दिनका लागि निकै व्यस्तताका बाबजुद समय उपलब्ध गराई निर्देशन गर्नुहुने शिक्षाशास्त्र सङ्काय केन्द्रीय नेपाली शिक्षा विभाग प्रमुख आदरणीय गुरु उपप्राध्यापक हरिजङ्ग शाहज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र लेखनका क्रममा समय समयमा सुझाव सल्लाह दिई सहयोग गर्नुहुने शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख जसविर रोकाज्यू लगायत निरन्तर परामर्श गरिदिनु हुने अन्य गुरुहरू उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य,उपप्राध्यापक रामप्रसाद कँडेल, उपप्राध्यापक द्रोणलता खत्री, उपप्राध्यापक फूलमती खराल, नानीमाया राना लगायत सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस शोधमा विभिन्न विद्वानका पुस्तकहरूबाट सैद्धान्तिक आधार लिइएकाले सम्बन्धित लेखकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी यस अध्ययन कार्यमा सामग्री उपलब्ध गराई सहयोग गर्ने पुस्तकालयीय कर्मचारीप्रति हार्दिक आभार प्रकट गर्दछु । व्यवहारिक जीवनभोगाइका क्रममा शैक्षिक रूपमा समय समयमा उत्प्रेरणा दिई सहयोग गर्नुहुने मेरा पुज्य रत्नबहादुर के.सी. र ममतामयी माता जयन्ती के.सी. लगायत सम्पूर्ण घरपरिवारप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस अध्ययनमा आवश्यक सामग्री उपलब्ध गराई सहयोग गर्नुहुने सम्पूर्ण आत्मीय मित्रजनप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । अन्तमा कम्प्युटर सेटिङ तथा प्रिन्टिङमा सहयोग गर्नुहुने नोबेल कम्प्युटर इन्स्टिच्यूटका मनराज देवकोटालाई धन्यवाद प्रकट गर्दछु ।

सुजता के.सी.

# शोधधार

प्रस्तुत अध्ययन **कक्षा सातमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग** शीर्षकमा केन्द्रित गरिएको छ । यस शोध अध्ययनका उद्देश्य कक्षा सातमा नेपाली विषय शिक्षण गर्दा अन्तर्क्रियाको प्रयोगको अवस्था पहिचान गर्नु, कक्षा सातमा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियामा देखिएका समस्याको खोजि गर्नु, नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका क्रममा देखिएका समस्या समाधानका उपायहरू पहिल्याउनु रहेका छन् । यो शोध अध्ययन शाब्दिक सामग्रीको विश्लेषणमा आधारित हुने भएकाले यो अध्ययन मूलतः गुणात्मक ढाँचाको रहेको छ । कक्षा सातमा नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाको अध्ययनका लागि विद्यालयका नेपाली भाषा शिक्षण गर्ने १० जना शिक्षक र ५० जना विद्यार्थीलाई सम्भावनारहित अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधि र चिठ्ठा विधिको माध्यमबाट नमुना छनोट गरिएको छ । आधारभूत तह कक्षा सातमा अध्ययनरत विद्यार्थी र नेपाली शिक्षण गर्ने शिक्षकलाई सोधिएको प्रश्नावलीका आधारमा कक्षा सातमा शिक्षक विद्यार्थी अन्तर्क्रियाका बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त शिक्षक विद्यार्थी प्रतिक्रियालाई विभिन्न तालिकामा प्रस्तुत गरिएको छ भने विद्यार्थी र शिक्षकका अन्तर्क्रिया सम्बन्धीका धारणालाई समेत प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

आधारभूत तह कक्षा सातमा अन्तर्क्रियाको अवस्थाका सम्बन्धमा अध्ययन गर्दा विभिन्न शिक्षकहरूले कक्षा सातमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने अर्न्तक्रियाहरूमा समूहगत, सिर्जनात्मक अभ्यास, समूह समूहगत, सस्वरवाचन, कथा कथन, छलफल, सहभागितामूलक शिक्षण, कठिन शब्दको उच्चारण, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रिया प्रयोग गर्दै आएका छन् । कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिएको अर्न्तक्रियात्मक कार्यमा सबैभन्दा बढी शिक्षकले कक्षा पाठगत प्रश्नोत्तर गर्ने गरेको पाइयो भने यस अध्ययनमा सहभागि भएका १० जना नेपाली शिक्षण गर्ने शिक्षकहरूमा कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थितिको अध्ययन गर्दा ९० प्रतिशत शिक्षकले सक्रियतापूर्वक सहभागिता हुने र १० प्रतिशत शिक्षकले सहभागितामा वृद्धि हुने गरेको बताएका छन् । यसरी यस आधारमा कक्षा सातमा नेपाली शिक्षण गर्दा अर्न्तक्रिया प्रयोग गर्दा विद्यार्थीको सहभागितामा वृद्धि हुने भएकाले अर्न्तक्रियामार्फत शिक्षण गर्नु उपयुक्त रहेको देखिन्छ ।

अर्न्तक्रिया देखिएका समस्यालाई समाधान गर्नका लागि विद्यालयले वा शिक्षकले कक्षामा भाषिक पाठ्य सामग्रीको व्यवस्था गरेर, भाषा शिक्षकहरूको बैठक, सेमिनार गरेर, तालिमको वसर/व्यवस्था, स्टाफ बैठकमा छलफल, विद्यार्थीको समूह निर्माणमा आर्थिक तथा भौतिक, व्यवस्थापन सहयोग, पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन, नेट इन्टरनेटको सुविधा उपलब्ध गराएर र शैक्षिक सामग्रीहरू उपलब्धगराएर, भाषामा र लेखनमा समस्या भएका विद्यार्थीको समूह अलग बनाइ तिनीहरूको लागि विशेष समय दिनुपर्ने देखिन्छ भने नेट इन्रनेटको सुविधा दिएर विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराइनुका साथै अर्न्तक्रिया आइपरेका समस्यालाई विद्यालयले समाधान गर्नुपर्ने देखिन्छ ।

नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाका सम्बन्धमा ४ प्रतिशत विद्यार्थीमा सुहाउँदो लाग्ने गरेको, १४ प्रतिशत विद्यार्थीमा आकर्षक लाग्ने गरेको, ४० प्रतिशत विद्यार्थीमा झन्झटिलो लाग्ने गरेको र ४२ प्रतिशत विद्यार्थीमा रमाइलो लाग्ने गरेको पाइयो । यसरी विद्यार्थीको धारणा अनुसार कक्षामा अन्तर्क्रिया गराउँदा विद्यार्थी र शिक्षकमा रमाइलो किसिमले सिकाइ हुने गरेकाले पनि नेपाली भाषा शिक्षणका क्रममा अर्न्तक्रिया गर्नु प्रभावकारी हुने देखिन्छ । शिक्षक स्वयंले बोलेको समयावधि (शिक्षक कथन) ८७.४० प्रतिशत रहेको छ । यस अन्तर्गत अप्रत्यक्ष कथन अनुपात ३.२५ रहेको छ भने प्रत्यक्ष कथन अनुपात ८४.२ प्रतिशत छ । विद्यार्थी कथन अनुपात १०.८ प्रतिशत देखिन्छ । विद्यार्थी कथन अन्तर्गत विद्यार्थी-विचार प्रारम्भ र विद्यार्थी विचार-प्रतिक्रिया दुबै श्रेणी रहेका छन् । कक्षामा शिक्षक विद्यार्थी अन्तर्क्रियाका आधारमा व्याख्या विधिलाई बढी प्रयोग गरिएको देखियो । यस आधारमा विद्यार्थी शिक्षक अन्तक्रियाको प्रयोको अवस्थामा कमजोर रहेको छ ।

तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ त्यति प्रभावकारी नहुने हुँदा तालिम अप्राप्त शिक्षकलाई तालिम दिने र अन्तरक्रिया सम्बन्धी जानकारी गराउने नीति ल्याउने, शैक्षिक गुणस्तर वृद्धिका लागि हरेक विद्यालयमा शिक्षण अन्तर्क्रियाको अवलोकन, निरीक्षण सम्बन्धित निकायले गर्नुपर्ने देखिन्छ । शिक्षकले अध्यापनका क्रममा समूह विभाजन गरेर समूहको समूह नेता छनोट गरिदिन र अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई सकारात्मक रूपमा लिनुपर्ने देखिन्छ ।

# विषयसूची


क्र.स. शीर्षक पृष्ठ सं.

प्रतिबद्धता पत्र क

सिफारिस पत्र ख

स्वीकृति पत्र ग

कृतज्ञता ज्ञापन घ

शोधसार ङ

विषयसूची छ

सङ्क्षिप्त शब्दावलीको पूरा रूप ट

चिन्ह सूची ठ

अध्याय : एक

**शोध परिचय** १-६

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन ३

१.३ अध्ययनको उद्देश्य ५

१.४ अध्ययनको औचित्य ५

१.५ अध्ययनको परिसीमा ६

१.६ शोधपत्रको रूपरेखा ६

अध्याय : दुई

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा** ७-३५

२.१ पूर्वकार्यको समीक्षा र उपादेयता ७

२.२ सम्बन्धित सैद्धान्तिक अवधारणा १७

२.२.१ अन्तर्क्रियाको परिचय १८

२.२.२ कक्षाकोठाको अन्तर्क्रिया १९

२.२.३ कक्षाकोठामा अन्तर्क्रियाका प्रकार २२

२.३.४ नेपाली भाषा शिक्षण सिकाइमा अन्तर्क्रियाको प्रयोजन २३

२.२.५ अन्तर्क्रियामा ध्यान दिनुपर्ने कुरा २६

२.२.६ अन्तर्क्रिया प्रभावकारी ल्याउने तरिका २७

२.२.७ फ्लेन्डरको अन्तर्क्रियाको विश्लेषण प्रणाली २७

२.२.८ अन्तर्क्रियाको गणना र विश्लेषण ३१

२.३ अवधारणात्मक खाका ३४

अध्याय : तीन

अनुसन्धान विधि र प्रक्रिया ३६-३९

३.१ अनुसन्धानको ढाँचा ३६

३.२. जनसङ्ख्या र नमुना छनोट ३६

३.३. तथ्याङ्कको प्रकृति र स्रोत ३६

३.४ सामग्री निर्माण र मानकीकरण ३७

३.५ तथ्याङ्क सङ्कलन विधि ३८

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण ३८

३.७ अनुसन्धान प्रतिवेदन ढाँचा ३८

अध्याय : चार

तथ्याङ्कको व्याख्या र विश्लेषण ४०-८४

४.१ कक्षा सातमा नेपाली विषय शिक्षण गर्दा अन्तर्क्रियाको प्रयोगको अवस्था ४०

४.१.१ कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थिति ४०

४.१.२ शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा ४१

४.१.३ कक्षामा गरिएका अन्तर्क्रियाहरू ४३

४.१.४ अन्तर्क्रियायात्मक कार्यको प्रयोगको अवस्था ४४

४.१.५ भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया र विधिको प्रयोग ४५

४.१.६ कक्षामा बढी प्रयोगमा आएका अन्तर्क्रिया ४७

४.१.७ भाषिक सिप सम्बन्धी अन्तर्क्रियाको प्रयोगको अवस्था ४८

४.१.८ शिक्षक विद्यार्थी बिचको दोहोरो अन्तर्क्रिया ५३

४.१.९ शिक्षक विद्यार्थी बिच अन्तर्क्रिया ५५

४.१.१० विद्यार्थी विद्यार्थी बिच अन्तर्क्रिया ५६

४.१.११ शिक्षकले अन्तर्क्रियामा प्रयोग गरेका तौरतरिका ५७

४.१.१२ शिक्षक र विद्यार्थी बिच भएका अन्तर्क्रिया ५५

४.१.१३ अन्तर्क्रिया प्रतिको शिक्षकको बुझाइ ५८

४.१.१४ कक्षाकोठामा अन्तर्क्रिया गराउँदा शिक्षकले गरेको अनुभव ६१

४.१.१५ कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा ६२

४.२ नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका अन्तर्क्रियाको विश्लेषण ६३
४.३ नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका रूपमा देखिएका समस्या ७४
४.३.१ नेपाली शिक्षण गर्दा विद्यार्थीहरूमा देखिएका समस्या ७४
४.३.२ नेपाली शिक्षण गर्दा देखिएका समस्याहरूमा शिक्षकबाट प्राप्त प्रतिक्रिया ७७
४.४ अन्तर्क्रिया प्रयोगमा देखिएका समस्या समाधानका उपाय ७९
४.४.१ नेपाली शिक्षण गर्दा विद्यार्थीहरूमा देखिएका समस्या ७९
४.४.२ नेपाली शिक्षण गर्दा देखिएका समस्याहरूमा शिक्षकबाट प्राप्त प्रतिक्रिया ७७

**अध्याय : पाँच**

**निष्कर्ष र सुझाव ७३-९०**

५.१ निष्कर्ष ७३
५.२ सुझाव ८७
५.२.१ नीतिगत तह ८७
५.२.२ कार्यान्वयनगत तह ८८
५.३ उपयोगिता ८९
५.४ भावी अनुसन्धानका लागि शोध शीर्षक ९०

**सन्दर्भ ग्रन्थसूची**

**परिशिष्ट**

**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थिति | ४१ |
| २ | शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा | ४२ |
| ३ | कक्षामा गरिने अन्तर्क्रियाका प्रकार | ४३ |
| ४ | अन्तर्क्रियात्मक कार्यको प्रयोगको अवस्था | ४४ |
| ५ | भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया र विधिको प्रयोग | ४६ |
| ६ | कक्षामा बढी प्रयोग अन्तर्क्रिया | ४७ |
| ७ | भाषिक सिप सम्बन्धी अन्तर्क्रियाको प्रयोगको स्थिति | ४८ |
| ८ | विद्यार्थी विद्यार्थी बीचको अन्तर्क्रियाको स्थिति | ५७ |
| ९ | शिक्षकले अन्तर्क्रियामा प्रयोग गरेका विधि | ५३ |
| १० | शिक्षक र विद्यार्थी बिच गरिने अन्तर्क्रियाको प्रयोग | ५६ |
| ११ | अन्तर्क्रियाप्रतिको बुझाइ | ५७ |
| १२ | कक्षाकोठामा अन्तर्क्रिया गराउँदा शिक्षकले गरेको अनुभव | ५३ |
| १३ | कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा | ५४ |
| १४ | कक्षाकोठा अन्तर्क्रिया अभिलेखनको उदाहरण | ५५ |
| १५ | अन्तर्क्रियामेट्रिक्स तालिका | ५६ |
| १६ | अन्तर्क्रियाको श्रेणीहरू अनुसार कार्यकलापका प्रतिशताङ्क | ६० |
| १७ | शिक्षक कथन, विद्यार्थी कथन र मौनताको अवस्थालाई गणना | ६२ |
| १८ | नेपाली शिक्षण गर्दा देखिएका समस्या | ६६ |
| १९ | नेपाली शिक्षण गर्दा देखिएका समस्याहरूमा शिक्षकबाट प्राप्त प्रतिक्रिया | ६९ |
| २० | समस्या समाधानका सम्बन्धमा शिक्षकबाट प्राप्त प्रतिक्रिया | ७१ |

## सङ्क्षिप्त शब्दावलीको पूरा रूप

| | | |
|---|---|---|
| आइ.ए. | : | इन्टरमिडिट आर्ट्स |
| बी.एड. | : | व्याचलर अफ एजुकेसन |
| उपप्रा. | : | उपप्राध्यापक |
| एम.एड. | : | मास्टर अफ एजुकेसन |
| एस.इ.इ. | : | सेकेन्डरी इक्ज्यामिनेसन एजुकेसन |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| न.पा. | : | नगरपालिका |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा. | : | प्राध्यापक |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| म.प.वि. | : | मध्यपश्चिम विश्वविद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |

# चिन्ह सूची

| | | |
|---|---|---|
| ( - ) | : | योजक चिन्ह |
| ( , ) | : | अल्पविराम चिन्ह |
| ( ‘ ’) | : | एकल उद्धरण चिन्ह |
| ( “ ” ) | : | युगल उद्धरण चिन्ह |
| (/) | : | वैकल्पिक चिन्ह |
| (= ) | : | समानान्तर चिन्ह |
| ( : ) | : | विसर्ग चिन्ह |
| ∴ | : | तसर्थ |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा शिक्षण भनेको भाषाका सिपहरूको शिक्षण हो । यसले विषयवस्तु सुन्ने, बोल्ने, पढ्ने, लेख्ने क्षमता बढाउन मद्दत गर्दछ । भाषाका विभिन्न सिप मध्ये सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका आधारभूत सिपहरू हुन् । सुनाइ र बोलाइ मौखिक सिप हुन् भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन् अथवा बोलाइ र लेखाइ प्रदानात्मक सिप हुन् भने सुनाइ र पढाइ आदानात्मक सिप हुन् । राम्रोसँग सुन्नु सुने अनुसार ध्वनि उच्चारण गरेर बोल्नु ध्वन्यात्मक उच्चारण अनुसार पढ्नु र उच्चारण गर्नु, सङ्केतानुसार लिपि प्रयोग गरेर लेख्नु भाषा शिक्षणको मूल उद्देश्य हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये पढाइ सिप भाषिक सिपहरू मध्ये एक महत्त्वपूर्ण सिप मानिन्छ । पठन सिप भनेको लिपिबद्ध दृश्यात्मक भाषामा उतारिएका ज्ञान एवम् सूचनालाई मस्तिष्कले सङ्गठित गरेर अर्थ ग्रहण गर्न सक्नु हो ।

भाषा शिक्षण भाषाका सिपहरूको शिक्षण भएकाले भाषा शिक्षण गर्दा विषयवस्तुको शिक्षण नभइ ज्ञान प्राप्त गर्ने माध्यमका रूपमा भाषाका सिपहरूको बारेमा शिक्षण गरिन्छ । तसर्थ भाषा शिक्षण भाषिक सिप विकासका विभिन्न कार्यकलापहरूमा केन्द्रित रहेको हुन्छ । नेपाली भाषा शिक्षण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्ने हेतुले सञ्चालन हुने विभिन्न कार्यकलापहरू मध्ये पढाइ सिपको विकासका लागि सस्वर पठन कार्यकलापको सञ्चालन गरिन्छ । यसले लेख्य भाषाका विभिन्न लिपि, चिन्ह, गति, यति, सूर, ताल, आघात, हाउभाउ, चेष्टा आदिको ख्याल गरी शुद्ध रूपमा उच्चारण गर्दै पढ्ने बानीको विकासमा सहयोग पुऱ्याएको छ (ढुङ्गेल र दाहाल, २०६७, पृ.१५९) । अतः भाषा शिक्षणमा पढाइ सिपको विकास गर्न कक्षामा अन्तर्क्रिया कार्यकलापको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

कुनै निश्चित विषयसँग सम्बन्धित पाठहरूमा छलफल, वादविवाद, प्रश्नोत्तर, क्रियाप्रतिक्रिया आदि हुनु नै अन्तर्क्रिया हो । अध्ययन अभ्यासको समयमा दुई वा दुईभन्दा बढी विद्यार्थीहरूले आफ्ना विचारहरू सञ्चार गर्नु नै अन्तर्क्रिया हो । यसमा शिक्षक र विद्यार्थीसँगैं रूपमा

क्रियाशील हुनुपर्दछ । अध्यापनको समयमा शिक्षकले विद्यार्थीहरूलाई धेरै भन्दा धेरै अन्तर्क्रियामा सहभागी गराउनु पर्दछ । जसबाट उनीहरूमा रहेको डर, त्रास, लाज सङ्कोच जस्ता संवेगहरू हटाइ निर्धक्कसँग आफ्नो समस्या व्यक्त गर्ने, प्रश्न सोध्ने क्षमताको विकासमा सहयोग पुग्दछ । खास भन्ने हो भने शिक्षण सिकाइ भनेको शिक्षक केन्द्रित नभइ विद्यार्थी केन्द्रित हुनुपर्दछ । जसका लागि शिक्षक विद्यार्थी बीचको अन्तर्क्रिया त अपरिहार्य नै हुन्छ । यसबाट भाषिक सिपको विकासमा समेत टेवा पुग्दछ । साथै शिक्षण सिकाइ समेत प्रभावकारी हुन पुग्दछ ।

दुई वा दुई भन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आवद्ध भई आफ्ना विचारहरू एक आपसमा सञ्चार गर्ने प्रक्रियालाई अन्तर्क्रिया भनिन्छ । यसरी दुई पक्ष बीच अन्तर्क्रिया गर्दा एक आपसमा आफ्ना भावनाहरू र विचार आफू समक्ष आउने भएकाले अन्तर्क्रियामा सहभागी दुवैलाई फाइदा पुग्छ । यसरी अन्तर्क्रियामा सहभागि हुने मौका प्रदान गरेको खण्डमा शिक्षक विद्यार्थीहरूमा आपसी समझदारी मेलमिलाप र नेतृत्वदायी सिपको विकास हुन्छ । सिकाइ शिक्षणको क्रममा अन्तर्क्रिया भन्नाले एक आपसमा ज्ञान दिने र लिने प्रक्रिया हो । यसले शिक्षा सिकाइ कार्यकलापलाई नयाँ ढाँचा प्रदान गर्दछ । कक्षा कोठा भित्र शिक्षक र विद्यार्थी बिच वा विद्यार्थी विद्यार्थी बिच अन्तर्क्रिया हुने गर्दछ (पोखरेल र काफ्ले, २०७३, पृ.१५८) । यसरी दुई पक्षबिचअन्तर्क्रिया गर्दा एक आपसमा आफ्ना भावना र विचारहरू अरू समक्षपुग्ने र अरूका भावना र विचारहरू आफू समक्ष आउने भएकाले अन्तर्क्रियामा सहभागी दुबैलाई फाइदा पुग्दछ । दुई पक्ष बिच एक आपसमा सहयोगी भावनाको विकास हुनुका साथै उनीहरूमा आपसी समझदारी, मेलमिलाप र नेतृत्वदायी सिपको विकास पनि हुन्छ । अन्तर्क्रियामा शिक्षक र विद्यार्थी बिच कसको भूमिका कस्तो रह्यो भनी बुझ्नका लागि सिकाइ शिक्षण कार्यकलापमा शिक्षक र विद्यार्थीको सहभागिता केलाउन आवश्यक हुन्छ ।

सन् १९३० बाट कक्षाकोठा अन्तर्क्रियाको विश्लेषण गर्ने कामको सुरूवात गरिएको थियो । यसरी अन्तर्क्रियाको विश्लेषण गर्ने काममा एच.एच.एनडर सन्को नाम अग्रपङ्तिमा रहेको छ । उनी खास गरी कक्षाकोठा भित्र शिक्षक केन्द्रित र सहभागिता पद्धतिको अध्ययन गर्न रूचाउँथे र त्यसै अनुसार भरपर्दो तरिका निर्माण गर्ने चाहन्थे । अन्तर्क्रियाको परिभाषादिने क्रममा अक्सफोर्ड एडभान्स लर्नर्स डिक्सनरका अनुसारः कसैसँग कुनै चिज, विषय वा परिस्थितिको

बारेमा गरिएको छलफल कुराकानीलाई अन्तर्क्रिया भनिन्छ । प्रायोगिक नेपाली शब्दकोशका अनुसार दुई वा दुई भन्दा बढी व्यक्तिहरू बसी एक आपसमा गरिने छलफल, आपसी विचार विमर्श, पारस्परिक सर सल्लाह वा अन्तर सम्वादलाई अन्तर्क्रिया भनिन्छ (अर्याल र अन्य, २०६४, पृ. ९२-९३) । यसरी समग्रमा भन्दा एक आपसमा विचार, ज्ञान, अनुभव आदि आदानप्रदान गर्ने सहज प्रक्रियाको रूपलाई नै अन्तर्क्रिया भनिन्छ ।

शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन मद्दत पुऱ्याउने नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाको प्रयोगमा कमी आउनुको कारणको बारेमा खोजी हुन आवश्यक देखिन्छ । नेपाल सरकारले नेपाल अधिराज्य भरी प्रत्येक शिक्षकले कक्षाकोठामा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाको अध्ययन गरेको र कक्षा शिक्षणका क्रममा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका क्रियाकलापहरू गर्न र गराउनु पर्ने भएपनि शिक्षणका क्रममा यसको प्रयोग हुन नसक्नुका कारणहरू खोजी गरी अन्तर्क्रियामा देखिएका समस्या समाधानका उपायहरू खोज्नु आवश्यक देखिन्छ । नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाको आवश्यक र प्रभावकारी छ भन्ने कुरा थाहा हुँदाहुँदै पनि यसको प्रयोग हुन नसक्नु चिन्ताको विषय हो । यस अध्ययनमा कक्षा शिक्षणका क्रममा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रिया हुन नसक्नुका कारणहरू के के हुन् आदि जस्ता प्रश्नहरूको उत्तर खोजी गर्ने काम गरिने प्रयास गरिने छ । कक्षा शिक्षणका समयमा शिक्षकलाई आ-आफ्ना विषयको शिक्षण सिकाइ प्रभावकारी बनाउन नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाको आवश्यकता पर्दछ र यसले शिक्षकलाई शिक्षणका क्रममा आइपर्ने समस्याहरूलाई समाधान गर्नमा मद्दत पुग्दछ । यस अध्ययनमा सामुदायिक विद्यालय आधारभूत तह कक्षा सातमा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाको प्रयोगको अवस्थाको उत्तर खोजी गरी यसबाट उत्पन्न भएका समस्याहरूलाई उचित रूपमा पहिचान गरी समस्या समाधान गर्ने उद्देश्यले यो शीर्षक छनोट गरिएको हो ।

## १.२ समस्या कथन

भाषा शिक्षण भाषाका आदानात्मक र प्रदानात्मक तहका सिप विकासका लागि गरिने शिक्षण हो । यो अभ्यासपरक हुनु आवश्यक मानिन्छ । नेपाली भाषाको शिक्षण अझैसम्म पनि परम्परागत शिक्षण तौरतरिकाबाट प्रभावित भएको गुनासा व्याप्त छन् । कुनै तह पार गरेको

विद्यार्थीमा सो अनुसाको भाषा सम्पादन सक्षमता पनि नदेखिएको सबैले अनुभव गरेको पाइन्छ । नेपाली भाषा शिक्षणको उपलब्धि आशा गरे अनुसार नभएको कुरालाई मनन गरी यसको कारण खोज्न आवश्यक छ । भाषा सिकाइको मुख्य स्थान कक्षाकोठामा गरिने कार्यकलापको अभ्यासमूलक अवस्था, शिक्षक र विद्यार्थीका बीच दोहोरो कुराकानी लगायत नेपाली भाषा शिक्षणको सहभागितामूलक अवस्थाको अध्ययन गर्न आवश्यक छ । नेपाली भाषा शिक्षणको प्रयोगात्मक अवस्थाको पहिचान गर्नु यस अध्ययनको मुख्य समस्या हो । नेपाली भाषाको सिकाइ सिप परक छ या भाषाका बारेमा पढाउने कार्य भैरहेको छ, अथवा विषयवस्तुमा जोड दिएर गरिन्छ भन्ने कुरालाई यस अध्ययनले प्रमुख समस्याका रूपमा लिएको छ । यसर्थ प्रस्तुत अध्ययनमा कक्षाकोठामा गरिने कार्यकलापको अभ्यास मूलकता, प्रयोगपरकतालाई मुख्य समस्याको रूपमा लिइएको छ । प्रस्तुत अध्ययन निम्न समस्यामा केन्द्रित छ :

(क) कक्षा सातमा नेपाली विषय शिक्षण गर्दा अन्तर्क्रिया पद्धति प्रयोगको अवस्था कस्तो रहेको छ ?

(ख) कक्षा सातमा नेपाली भाषा शिक्षणमा शिक्षक र विद्यार्थी कथनको अवस्था के कस्तो रहेको छ ?

(ग) नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका क्रममा देखिएका समस्यालाई कसरी समाधान गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन् :

(क) कक्षा सातमा नेपाली विषय शिक्षणमा प्रयोग गरिएका अन्तर्क्रियाको पहिचान गर्नु,

(ख) कक्षा सातमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका अन्तर्क्रियाको विश्लेषण गर्नु,

(ग) नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका क्रममा देखिएका समस्या पहिचान गरी समाधानका उपायहरू प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको औचित्य

दुई वा दुई भन्दा बढी व्यक्तिहरू कुनै एक निश्चित विषयमा आबद्ध भई आफ्ना विचारहरू एक आपसमा सञ्चार गर्ने प्रक्रियालाई अन्तर्क्रिया भनिन्छ । यसरी दुई पक्ष बिच अन्तर्क्रिया गर्दा एक आपसमा आफ्ना भावनाहरू र विचार आफू समक्ष आउने भएकाले अन्तर्क्रियामा सहभागी दुवैलाई फाइदा पुग्न जान्छ । यसरी अन्तर्क्रियामा सहभागी हुने मौका प्रदान गरेको खण्डमा शिक्षक विद्यार्थीहरूमा आपसी समझदारी, मेलमिलाप र नेतृत्वदायी सिपको विकास पनि हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई विद्यार्थीको स्तर अनुसार विभिन्न अभ्यास निर्माण गर्न, पाठहरू समावेश गर्न र शिक्षण विधि अनुसारको सिकाइ कार्यलाई प्रभावकारी बनाउन सहयोग गरेको छ । विद्यार्थीलाई पाठ्यपुस्तकका विषयवस्तुलाई आपसी रूपमा सिक्न र सिकाउन र शिक्षक विद्यार्थीमा यसका साथै प्रस्तुत अध्ययनको औचित्य निम्नानुसार रहेको छ :

(क) यस अध्ययनको उद्देश्य नेपाली भाषा शिक्षणका क्रममा गरिने अन्तर्क्रियाको अध्ययन भएकाले यसबाट अनुसन्धानकर्ता, शिक्षक विद्यार्थी, विद्यालय, निरीक्षक, पाठ्यक्रम कार्यान्वयनकर्ता, शिक्षाप्रेमी, शिक्षाविद्का निम्ति प्रत्यक्ष उपयोगी रहेको छ ।

(ख) प्रस्तुत अध्ययनले शिक्षक विद्यार्थीलाई भाषा सिकाइमा अभ्यासको निरन्तरता दिन सुझाएको छ ।

(ग) प्रस्तुत अध्ययनले भाषा शिक्षण सिकाइका क्रममा देखिएका कमिकमजोरीहरू सुधार शिक्षकलाई उपयोगी मार्ग दर्शन गरेको छ ।

(घ) विद्यार्थी शिक्षक बिचको सम्बन्धलाई सहज एवम् सुमधुर बनाई विद्यार्थीको रूची, क्षमता पहिल्याई शिक्षणलाई व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउन मद्दत पुग्ने भएकाले यो शोध औचित्यपूर्ण रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

यो अध्ययन कक्षा सातका नेपाली भाषा शिक्षणका क्रममा गरिने अन्तर्क्रियाको अवस्था सम्बन्धमा केन्द्रित गरिएको छ । यस अध्ययनलाई निम्नानुसार सीमामा परिसीमित गरिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा उपयोग गरिएको कक्षा अन्तर्क्रियाको विश्लेषणमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगरका विद्यालयमा शिक्षकद्वारा गरिएको कक्षा शिक्षण, शिक्षक र विद्यार्थीसँग गरिएको प्रश्नावलीमा जनाइएको प्रतिक्रियामा सीमित गरिएको छ ।

(ग) प्रस्तुत अध्ययनमा “अन्तर्क्रिया” भन्नले शिक्षक र विद्यार्थीका बीच भएका शाब्दिक कार्यकलापलाई मानिएको छ ।

(घ) प्रस्तुत अध्ययन कक्षाको रेकर्ड, शिक्षक र विद्यार्थीसँगको प्रश्नावलीबाट प्राप्त सामग्रीमा आधारित छ ।

(ङ) प्रस्तुत अध्ययनमा तथ्याङ्कको विश्लेषणका लागि नेड ए. फ्लेन्डरबाट प्रस्तुत मान्यतालाई आधार मानिएको छ ।

(ङ) प्रस्तुत अध्ययन शिक्षक विद्यार्थी अन्तर्क्रिया बाहेक अन्य अन्तर्क्रियाको अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको रूपरेखालाई निम्नानुसार उल्लेख गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्यायदुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्यायतीन : अनुसन्धान विधि

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्यायपाँच : निष्कर्ष र सुझाव

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा गरिने अन्तर्क्रियाको अध्ययनसँग सम्बन्धित यस अघि गरिएका अप्रकाशित शोधपत्र, पाठ्यपुस्तक र सन्दर्भ पुस्तकहरूको समीक्षा र उपादेयतालाई निम्न अनुसार गरिएको छ :

नेड ए. फ्लेन्डर (सन् १९६६) ले **इन्ट्र्याक्सन मानुअल बुक** को तयार गरेका छन् । विभिन्न समयमा गरिएका अध्ययन कार्यहरुलाई समेटेर तयार गरिएको उक्त मानु अलबुकमा सन् १९७६, १९७९र १९८४ मा परिमार्जन, संशोधन समेत गरेको देखिन्छ । उल्लिखित संशोधनहरुमा उनीद्वारा अन्तर्क्रिया विश्लेषण सम्बन्धी मान्यतामा शाब्दिक कार्यकलापलाई शिक्षक कथन (Teacher Talk) विद्यार्थी कथन (Student Talk) शान्त/ द्विविधा/ मौनताको अवस्था (Silence/ Confusion) गरी तीनवर्गमा गणना गर्ने तरिकाहरुको चर्चा गरिएको छ । जस अन्तर्गतका दसवटा श्रेणीहरूको बारेमा पनि व्यापक चर्चा गरिएको छ । माथिका तीन वटा श्रेणीहरूमा (१) भावनाको स्वीकार (२) प्रशंसा वा प्रोत्साहन (३) सिकारुका विचारहरूको कदर वा प्रयोग (४) प्रश्न गर्ने (५) व्याख्यान (६) निर्देशन (७) टिप्पणी र अधिकारको पुष्ट्याँइ (८) विद्यार्थीका विचार-प्रतिक्रिया र (९) विद्यार्थीका विचार-प्रारम्भ र (१०) मौनताको अवस्था रहेका उल्लेख गर्दै यसका लागि कोडिङ, डिकोडिङ र मेट्रिक्सका गणना गर्ने तरिकाबारे पनि व्यापक चर्चा गरिएको छ । उक्त पुस्तक यस अध्ययनको सैद्धान्तिक अवधारणालाई बुझ्नका लागि मुख्य आधार बनेको छ ।

हेमाङ्गराज अधिकारी (२०६७) ले **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति (पाँचौ संस्क.)** नामक आफ्नो पुस्तकमा जीवनीलाई विभिन्न विषय क्षेत्रका शब्दभण्डार र बोध क्षमताको विकासमा उपयोगी हुने तत्त्व र व्याकरण तत्त्वको पहिचान अभ्यासका लागि प्रयोजनीय हुने कुरा उल्लेख गरेका छन् । सुरूमा नै नेपाली भाषाको अध्यापन क्षेत्रमा भाषा पाठशाला, दरबार स्कुल हुँदै विकास भएको कुरा ऐतिहासिक पक्षमा समेटेका छन् । यसमा भाषा सिकाइ प्रक्रियामा पहिलो र दोस्रो भाषामा गहन जोड दिइएको पाइन्छ । यस पुस्तकमा शिक्षा पद्धति र विधिमा समेत

व्याख्या गरेका छन् । त्यसमा क्रमशः छनोट र स्तरण, शिक्षण प्रक्रिया, त्रुटिहरूको अध्ययन, परीक्षण र मूल्याङ्कनमा जोड दिएका छन् । दोस्रो भाषाका रूपमा नेपाली शिक्षणमा जीवनी विधाको शिक्षणलाई समेत समेटेको पाइन्छ । यसमा शब्द, हिज्जे र वाक्यको विषयमा पनि प्रष्ट पारेका छन् । यसमा मातृभाषाको विषयमा पनि विस्तृत रूपमा व्याख्या गरेको पाइन्छ । यस अध्ययनले प्रस्तुत शोध अध्ययनमा सैद्धान्तिक खण्ड निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०६८) द्वारा **नेपाली भाषा शिक्षणका सन्दर्भहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तक स्नातक तह दोस्रो वर्षको पाठ्यांशमा आधारित पाठ्य र सन्दर्भ सामग्री हो । उक्त पुस्तकमा नेपाली भाषा शिक्षणको परिचय, परिभाषा, शिक्षक विद्यार्थी अन्तर्क्रियाको सामान्य चर्चा गरिएको छ । भाषा शिक्षणका क्रममा हुने शिक्षक विद्यार्थीका बीचको सम्बन्ध, क्रियाकलाप, विभिन्न शिक्षण विधिहरू र विद्यार्थीले सिकाइका क्रममा अपनाउनु पर्ने तरिकाहरूका साथै शिक्षकले शिक्षणका क्रममा ध्यान दिनुपर्ने कुराहरूका बारेमा व्यापक रूपमा उल्लेख गरिएको छ । यसमा शिक्षक र विद्यार्थी बिचको सिकाइ प्रक्रिया, यस अन्तर्गत पनि अन्तर्क्रियाको आधारभूत पक्ष बारे पनि चर्चा गरिएको छ । प्रस्तुत शोध कार्यमा सैद्धान्तिक अवधारणामा सहयोग पुग्ने भएकाले यसको उपयोग गरिएको छ ।

बेलमती फौँजा (२०६९) द्वारा **कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन** नामक शोधपत्र तयार गरिएको छ । उक्त शोधमा विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको सकारात्मक र नकारात्मक पक्षहरूको आँकलन गर्नु, विद्यार्थीहरूको बोलाइमा देखिएका कमजोरी पक्षहरू पत्ता लगाई निराकरणका उपाय निकाल्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा कक्षा ५ मा अध्ययन अध्ययनरत विद्यार्थीहरूको अभिव्यक्ति क्षमताको अध्ययन गरिएको छ । सुर्खेत जिल्ला अन्तरगत वीरेन्द्रनगर नगरपालिकाका दुईवटा संस्थागत विद्यालयका १०/१० जना र लाटिकोइली गा.वि.स.का दुई वटा संस्थागत विद्यालयका १०/१० जना गरी जम्मा ४० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । कक्षा अवलोकन, प्रश्नावली जस्ता साधनको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई वर्णनात्मक विधिको प्रयोग गरी विश्लेषण निकालिएको छ । प्रस्तुत शोधपत्रलाई

पाँचवटा अध्यायमा विभाजन गरिएको छ । उक्त शोधमा प्राथमिक र द्वितीय स्रोतका आधारमा तथ्याङ्क सङ्कनल गरिएको छ । विशेष गरी तथ्याङ्क सङ्कलनमा क्षेत्रीय अध्ययन विधिलाई जोड दिइएको छ भने तथ्याङ्कको व्याख्या विश्लेषणमा गुणात्मक ढाँचा र परिमाणात्मक दुवै ढाँचाको उपयोग गरिएको छ । उक्त शोधमा विभिन्न मातृभाषा भएका संस्कृति र पारिवारिक पृष्ठभूमि भएका विद्यार्थी आउने र स्तरीय नेपाली भाषामा अभिव्यक्ति गर्न असजिलो हुने गरेको छ । त्यसैले अभिव्यक्तिलाई सार्थक र अर्थपूर्ण बनाउन शुद्ध उच्चारणको आवश्यकता भएको छ । अभिव्यक्तिमा विषय प्रस्तुति उठान जस्तै प्रस्तुति बैठान गर्ने, परिवेश अनुकूल हुनुपर्ने र अन्त्य उचित ढङ्गमा गर्नुपर्ने, विषयवस्तु प्रस्तुति गर्दा अर्थपूर्ण र तर्कपूर्ण तरिकाले श्रोतामा राख्दा मौखिक अभिव्यक्ति सार्थक र रोचक हुनुपर्ने जस्ता निष्कर्ष निकालिएको पाइन्छ । त्यस्तै गरी शिक्षण कार्यकलापमा मौखिक अभिव्यक्तिमा बढी जोड दिनुपर्ने, बोलाइ शिक्षणका विविध विधि, प्रविधि र पद्धति अपनाएर विद्यार्थीका स्तर उकास्न क्रियाशील हुनुपर्ने छ । बोलाइ सिप विकासमा नकारात्मक कुराहरूलाई निरूत्साहित र सकारात्मक कुराहरूलाई प्रोत्साहित गर्न शिक्षक सक्रिय र सचेत हुनुपर्ने जस्ता सुझावहरू दिइएको छ । यस अध्ययनले प्रस्तुत शोधको पृष्ठभूमि निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

माधवप्रसाद पौडेल (२०६९) द्वारा **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयामहरू** नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पाठ्यपुस्तकमा त्रुटि विश्लेषणको अध्ययन अन्तर्गत सिकारूले भाषा सिकाइमा प्रयोग गर्ने रणनीति, अन्तर्क्रिया, भाषिक त्रुटिका प्रकृति र प्रकार भाषा प्रयोगमा गर्ने त्रुटिका कारण त्रुटि निराकरणका विधि र सामग्रीको विश्लेषण गरिएको छ । जसमा उच्चारण, वर्ण विन्यास, रूप विन्यास, शब्दगठन, पदावली गठन, वाक्य गठन, प्रयोग, प्रयुक्ति, अर्थ शैली आदि भाषाका विभिन्न तह र क्षेत्रमा देखिने विचलन हुन् भनी उल्लेख गरिएको छ । उक्त पाठ्यपुस्तकमा अन्तर्क्रिया विश्लेषणको सैद्धान्तिक अवधारणा, क्षेत्र, वर्गीकरण र विश्लेषण प्रक्रियाका साथै भाषा शिक्षण बारे विवेचना गरिएको छ । उक्त पुस्तकले यो अध्ययनमा सैद्धान्तिक खण्ड तयार गर्न सहयोग गरेकाले यसको उपयोग गरिएको छ ।

लालमणि आचार्य (२०६९) द्वारा **कक्षा ५ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको भाषिक सिप क्षमताको तुलनात्मक अध्ययन** नामक शोध गरिएको छ ।

जसमाकक्षा ५ मा अध्ययनरत संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको भाषिक सिप क्षमता पहिल्याउनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीको भाषिक सिप क्षमताको तुलना गर्नु जस्ता उद्देश्य राखी विश्लेषण गरिएको छ । यस अध्ययनमा सल्यान जिल्ला रिम र रिन्वाङ गा.वि.स.का ५ वटा तथा दाङको घोराही न.पा.का ५ वटा गरी जम्मा १० वटा सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा ५ मा अध्ययनरत १०/१० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । क्षेत्रीय सर्वेक्षण विधि अपनाएर उक्त शोध गरिएको छ । सो अध्ययनमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा भाषिक क्षमता विकास हुन विद्यार्थी केन्द्रित विधिको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कलाई वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । भाषिक सिप विकासका लागि पर्याप्त अभ्यासको वातावरण गरिनु, सामुदायिक विद्यालयमा स्वच्छ, शान्त, अनुशासित तथा रमाइलो वातावरण बनाउनु पर्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको भाषिक सिप, लेखाइ सिप भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भाषिक सिप, लेखाइ सिप उच्च रहेको निष्कर्ष निकालेको छ । संस्थागत र सामुदायिक विद्यालयको बिचमा तुलना गरेर भाषिक सिप विकासमा समानता ल्याउनु पर्ने उल्लेख गरिएको छ । पर्याप्त भौतिक सुविधाका साथै कक्षा व्यवस्थापन हुनुपर्ने, अभिभावकहरूको सचेततामा वृद्धि ल्याउनुपर्ने, समय समयमा अनुगमन गर्नुपर्ने जस्ता कुराहरूमा सुझाव दिएको छ । उक्त शोध अध्ययनले यस शोधकार्यको पूर्वकार्यको समीक्षा र औचित्य निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

रमा न्यौपाने (२०६९) द्वारा **कक्षा आठका शिक्षकविद्यार्थी अन्तर्क्रिया अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यमा भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका कक्षा आठमा अध्ययनरत शिक्षक विद्यार्थी बीच के कति समय अन्तर्क्रिया हुन्छ पत्ता लगाउनु, उक्त कक्षामा नेपाली विषय शिक्षण सिकाइ उद्देश्य अनुसार छ छैन पत्ता लगाउनु, उक्त कक्षामा नेपाली विषय शिक्षण सिकाइ उद्देश्य अनुसार छ छैन पत्ता लगाउनु, उक्त कक्षामा शिक्षक विद्यार्थी बीचको अन्तर्क्रियाको स्वरूप कस्तो छ पत्ता लगाउनु जस्ता उद्देश्य राखिएको छ । प्रस्तुत शोधमा भक्तपुर जिल्लाका मध्यपुर ठिमी नगरपालिका भित्रका सरकारी र निजी आठवटा विद्यालयलाई जनसंख्याका रूपमा लिइएको छ । प्रस्तुत शोधमा प्रश्नावली र अवलोकन फारामको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक स्रोत र द्वितीय स्रोतका आधारमा तथ्याङ्क संकलन

गरिएको छ । यस अध्ययनमा अवलोकन गरिएका कक्षाहरूमा विद्यार्थीको सक्रियता कम देखिएतापनि कक्षा आरम्भ भने राम्रो देखिएको, दैनिक प्रयोगका सामग्रीहरूको प्रयोग भएतापनि पाठ्यवस्तु अनुसार आवश्यक सामग्रीहरूको प्रयोग न्यून नै देखिएको निष्कर्ष निकालिएको छ । उक्त शोधमा अवलोकन गरिएका विद्यालयका शिक्षकहरू तालिम प्राप्त भएता पनि व्यवहारमा प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने, सरकारी विद्यालयमा शिक्षक कक्षाकोठामा निश्चित समयावधि भित्रप्रवेश गरिनु पर्ने जस्ता सुझाव राखिएको छ । उक्त शोधको अध्ययनले यस शोधकार्यको निष्कर्ष निकाल्न र सीमा निर्धारण गर्न सहयोग गरेकाले यस शोधको उपादेयता रहेको छ ।

शान्ताकुमारी गौतम (२०६९) द्वारा **कक्षा ४ का शिक्षक–विद्यार्थी अन्तर्क्रियाको अध्ययन** शीर्षकको शोधपत्र प्रस्तुतगरिएको छ । जसको उद्देश्य शिक्षक विद्यार्थी अन्तर्क्रियाको समयावधि निर्धारण गर्नु, उक्त तहको शिक्षक विद्यार्थी अन्तर्क्रियाको प्रवृत्ति पहिचान गर्नु, भाषा शिक्षण सिकाइ बिचको उद्देश्य अनुरूप विश्लेषण गर्नु रहेको छ । सुर्खेत जिल्लाको कक्षा ४ का १० वटा सामुदायिक र संस्थागत विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन र पुस्तकालयीय विधिको गरिएको छ । प्रस्तुत शोधमा गुणात्मक र परिमाणात्मक ढाँचामा आधारित रही तथ्याङ्क सङ्कलन गरिएको छ । तालिम प्राप्त शिक्षकले भन्दा तालिम अप्राप्त शिक्षकको शिक्षण फितलो रहेको छ । शिक्षकले नजान्ने विद्यार्थीलाई प्रश्न सोध्ने नगरेको, पाठ सुहाउँदो उदाहरण दिन नसकेको, जसका कारण जान्ने विद्यार्थी सधैँ अग्रस्थानमा र नजान्ने विद्यार्थी सधैँ पछाडि परेको निष्कर्ष निकालिएको छ । विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउने, अन्तर्क्रियात्मक विधिहरूबारे शिक्षकलाई तालिम दिने, सबैलाई समान रूपमा कक्षामा सक्रिय गराउन शिक्षकले पहल गर्ने, जस्ता कुराहरूमा सुझाव दिइएको छ । यस शोधपत्रको अध्ययन प्रस्तुत शोध निर्माणको पृष्ठभूमि निर्माण गर्न सहयोग गरेकाले यसको उपादेयता रहेको छ ।

रमेशकुमार बुढा (२०७०) द्वारा **कक्षा कोठामा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस अध्ययनका उद्देश्य कक्षा कोठामा अध्यापनरत शिक्षक बिच हुने अन्तर्क्रियाको समय पत्तालगाउनु, शिक्षक विद्यार्थी अन्तर्क्रियाको प्रकृति पत्ता लगाउनु, नेपाली विषयको पाठ्यवस्तु र शिक्षक विद्यार्थी अन्तर्क्रियाको तालमेल पहिल्याउनु, सरकारी र निजी विद्यालयमा कक्षा तिनको नेपाली विषयको शिक्षणमा हुने अन्तर्क्रिया तथा शिक्षण

कार्यकलापहरूको तुलनात्मक अध्ययन गर्नु तथा कक्षा शिक्षणमा अन्तर्क्रियात्मक क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाब प्रदान गर्नु रहेको छ । यस अध्ययनका लागि जाजरकोट जिल्लाका पाँच ओटा सरकारी र पाँचओटा निजी तथा आवासीय गरी जम्मा १० ओटा विद्यालयहरू नमुनाका रूपमा छनोट गरिएको छ । सामग्री सङ्कलनका रूपमा प्राथमिक स्रोतका रूपमा कक्षा अवलोकन फारामहरू, शिक्षक विद्यार्थी प्रश्नावली, अन्तर्वार्ता, द्वितीय स्रोतका रूपमा विद्यालयमा अवलोकन गरिएको छ । अवलोकन फारामबाट प्राप्त तथ्यहरूलाई विभिन्न तालिकाहरूमा विभाजन गरी निश्चित मापदण्ड अनुसार प्रयोग गरिएका समय र दिनका आधारमा अङ्कहरू टिपोट गरी व्याख्या विश्लेषण गरिएको छ । साथै १० ओटा विद्यालयमा प्रयोग गरिएका कार्यकलापहरूलाई समग्र रूपमा विश्लेषण गर्नुका साथै सरकारी र निजी तथा आवासीय विद्यालयमा प्राप्त कार्यकलापहरूको तुलनात्मक विश्लेषण पनि गरिएको छ । अवलोकन गरिएका कुनै कुनै कक्षाहरूमा कक्षाकोठा व्यवस्थापनमा केही कमजोरी देखिएपनि विषय शिक्षकहरूको कक्षा प्रारम्भ गर्ने तरिका उत्तम रहेको, शिक्षण सिकाइका क्रममा दैनिक प्रयोगका सामग्रीहरूको उपयोग सन्तोषजनक पाइए तापनि अन्य शैक्षिक सामग्रीको प्रयोग अत्यन्त न्यून रहेको निष्कर्ष निकालिएको छ । शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन दैनिक प्रयोगका सामग्रीका साथ साथै अन्य उपयुक्त शैक्षिक सामग्रीहरूको प्रयोग पनि प्रशस्त मात्रामा गर्नु पर्ने, अन्तर्क्रियाका लागि शिक्षक विद्यार्थी बिचको दुरी घटाउँदै लैजानु पर्ने जस्ता सुझावहरू उल्लेख गरिएको छ । प्रस्तुत शोधपत्रको अध्ययनले यस अध्ययनको विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यस शोधको उपयोग गरिएको छ ।

कुलविन्दर पाल (सन् २०१३) बाट सम्पादनमा प्रकाशित **एजुकेसनल टेक्नोलोजी** पुस्तक प्रकाशित गरिएको छ । यो पुस्तक हिन्दी भाषामा पनि प्रकाशित गरिएको छ । जसको एकाइ तेह्रमा दिनेश कुमारद्वारा तयार गरिएको फ्लेन्डर्स इन्ट्र्याक्सन एनलाइज सिस्टम शीर्षकमा फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिको चर्चा गरिएको छ । लेखकले  शिक्षकबाट कक्षामा गरिने सबै खाले कार्यकलापलाई विद्वानहरूले शिक्षण व्यवहार मानेको कुरालाई प्रस्तुत गरेका छन् ।उनले शिक्षण व्यवहारलाई अन्तर्क्रियाका रूपमा चिनाइएको छ । लेखकले यस शीर्षक अन्तर्गत अन्तर्क्रिया विश्लेषणको सैद्धान्तिक परिचय प्रस्तुत गर्दै फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिका आधारभूत अवधारणा, उक्त मान्यताका विशेषताहरू उल्लेख गरेका छन् । फ्लेन्डरको

मान्यतामा रहेका अन्तर्क्रिया विश्लेषणका श्रेणीहरूको थप चर्चा गर्दै कक्षा कार्यकलापका आधारमा तिनको कोडिङ तथा डिकोडिङको तरिकालाई चिनाएका छन् । उनले यसमा अन्तर्क्रिया मेट्रिक्स निर्माणको तरिकालाई पनि प्रस्तुत गरेका छन् । साथै उक्त मान्यताका समय समयमा भएका संशोधन, उक्त मान्यताका शक्ति र सीमाका सम्बन्धमा व्यापक चर्चा गरेका छन् । उक्त अध्ययनले फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिको प्रयोग गर्ने तरिकाबारे प्रष्ट्याएकाले यो अध्ययनमा उपयोगी रहेको छ ।

लिलावती देवकोटा (२०७१) द्वारा **कक्षा ५ को नेपालीभाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रिया** शीर्षकमा शोध कार्य गरिएको छ । यस शोधपत्रमा कक्षा ५ माभाषा शिक्षण गर्दा शिक्षक विद्यार्थीका बिच हुने अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु, पाठ्यक्रम अनुरूपताका आधारमा कक्षाकोठामा अपनाइएका अन्तर्क्रियात्मक कार्यकलाप अध्ययन गर्नु, सरकारी र संस्थागत विद्यालयहरूमा उपयोग गरिने अन्तर्क्रियात्मक कार्यकलापमा भएका समानता तथा भिन्नताको खोजी गर्नु र विधागत उद्देश्य अनुरूप अन्तर्क्रियात्मक कार्यकलापका सबल तथा दुर्बल पक्ष पहिचान गरी निष्कर्ष प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस शोधपत्रका लागि सामग्री सङ्कलनमा भाषा शिक्षणसँग सम्बन्धित पाठ्यपुस्तकहरू, निर्देशिका सामाग्रीको रूपमा मानिएको छ । प्रस्तुत अध्ययनमा सैद्धान्तिक आधार प्राप्तिका लागि पुस्तकालय विधि, प्रश्नावली अन्तरवार्ता र छलफल विधि अपनाइएको छ । समग्र कक्षाकोठाको व्यवस्थापन पक्षमा सरकारी र संस्थागत विद्यालयका शिक्षकहरूको अध्ययनगत तुलना गर्दा सरकारी विद्यालयका शिक्षकहरूले २० प्रतिशत ध्यान पुऱ्याएको छ भने संस्थागत विद्यालयका शिक्षकहरूमा ८० प्रतिशतले ध्यान पुऱ्याएको देखिन्छ । पाठको आशय, प्रकृति र उद्देश्यअनुसार पाठ सुरूवात गर्ने सरकारी विद्यालयहरूका शिक्षकहरू कुनै पनि नभएको पाइयो भने संस्थागत विद्यालयका शिक्षकहरू नै सक्रिय रहेको, सरकारी विद्यालयमा भन्दा संस्थागत विद्यालयमा राम्रो भएको, विद्यार्थी विद्यार्थीहरू बिचको अन्तर्क्रियामा सरकारी विद्यालयमा र संस्थागत विद्यालयमा बढी रहेका निष्कर्ष निकालिएको छ । शिक्षकहरू तालिम अप्राप्त भएको हुँदा त्यस्ता शिक्षकहरूलाई तालिम दिने व्यवस्था गर्नुपर्ने र तालिम प्राप्तलाई पनि अन्तर्क्रिया सम्बन्धी जानकारी गराउनुपर्ने सुझाव राखिएको छ ।

पारसमणि भण्डारी र अन्य (२०७१) द्वारा तयार पारिएको एम.एड. दोस्रो वर्षको **भाषिक अनुसन्धान विधि** पुस्तकमा सातवटा एकाइहरू समाविष्ट गरिएको छ । यस पुस्तकमा अनुसन्धानको परिचय, परिभाषा समेत समावेश गरिएको देखिन्छ । भाषिक अनुसन्धानका प्रकार, विशेषता भाषा र भाषा शिक्षण सम्बन्धी अनुसन्धान उल्लेख गरिएको छ । भाषिक अनुसन्धानका विधिहरू सातवटा रहेका छन् । यसका विशेष विधिमा अन्तः प्रेक्षात्मक विधि, समस्या अध्ययन विधि, जाति भाषिक अध्ययन विधिको चर्चा गरिएको छ । भाषिक अनुसन्धान गर्ने क्रममा उपकरणको निर्माण, नमुना छनोट, तथ्याङ्क सङ्कलन विधिहरूमा प्रश्नावली, मतावली, अन्तर्वाता, जाँचसूची र अवलोकन विधि रहेका छन । भाषिक अनुसन्धानमा तथ्याङ्कीय प्रयोग चर/चर प्रतिशत, गणना औसत, मानक विचलन, गुणाङ्कको सह-सम्बन्धआदि जस्ता गणितीय तथ्याङ्कको सिकाइ उपलब्धि हासिल गराइएको छ । यस भाषिक अनुसन्धानमा शोध प्रस्ताव र यसका प्रमुख अङ्गहरू पनि उल्लेख्य रूपमा चर्चा गरिएको छ । यस अनुसन्धान पुस्तकले प्रतिवेदन तयार पार्दा अपनाउनुपर्ने सावधानीहरूलाई सिकाइ उपलब्धिमा समावेश गरिएको छ । अनुसन्धानकर्ताले अपनाउनुपर्ने सावधानी यसमा प्रयोग गरिने भाषा प्रतिवेदनको बँधाइ र छपाइका सन्दर्भमा यसलाई जोड दिदै यो पुस्तक तयार पारिएको छ । यस पुस्तकको अध्ययनबाट समग्र शोधकार्यमा सहयोग पुग्ने भएकाले उपयोग गरिएको छ ।

केदारप्रसाद शर्मा (२०७२) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक प्रकाशन भएको पाइन्छ । यस पुस्तकमा भाषाको पृष्ठभूमि सम्बन्धी उल्लेख गरिएको छ । नेपाली भाषाको पृष्ठभूमिका साथै भाषा शिक्षणमा प्रभाव पार्ने तत्त्वहरू, उच्चारण शिक्षण, पठनकला शिक्षण, भाषा व्याकरणको प्रयोग, पहिलो भाषा र दोस्रो भाषाका व्यक्तिहरूले नेपाली भाषा सिकाइ र बोलाइमा देखा पर्ने समस्या जस्ता विषयहरू उल्लेख गरिएको छ । भाषाका सिप विकासमा कक्षा शिक्षणका विभिन्न उपागमहरूलाई चर्चा गरिएको उक्त पुस्तकले भाषा शिक्षणमा शिक्षक र विद्यार्थीको भूमिकाका विभिन्न सन्दर्भलाई प्रस्तुत गरेको छ । उक्त पुस्तकले यो शोध अध्ययनमा पृष्ठभूमि निर्माणमा सहयोग गर्ने भएकाले यस पुस्तकको उपयोग गरिएको छ ।

ध्रुवप्रसाद निउरे र दिनेश घिमिरे (२०७२) द्वारा **भाषिक अनुसन्धान विधि** (**दोस्रो संस्क.**) शीर्षकको पुस्तक प्रकाशन गरिएको छ । उक्त पाठ्यपुस्तकको पृष्ठ १२ देखि १७ मा अनुसन्धानका क्षेत्रहरू भाषिक अनुसन्धान विधि, तथ्याङ्क सङ्कलनका स्रोतहरू र अनुसन्धान

प्रस्ताव तथा प्रतिवेदनका बारेमा विस्तृत जानकारी दिइएको छ । यस पाठ्यपुस्तकमा विभिन्न अनुसन्धान तहमा समेत अनुसन्धान सम्बन्धी अध्ययन तथा प्रतिवेदन लेखन कार्यको व्यवस्थाबारे राखिएको छ । यस पाठ्यपुस्तकमा अनुसन्धान सम्बन्धी अध्ययन गर्ने अध्येता र विशिष्ट अनुसन्धान गर्ने अन्वेषक दुबैलाई उपयोगी हुने विषयवस्तु सरल रूपमा प्रस्तुत गरिएको छ । उक्त पुस्तक अनुसन्धानकार्यको सैद्धान्तिक पक्षलाई केलाइएको सामग्री हो । यसमा गुणात्मक र परिमाणात्मक अनुसन्धानका विभिन्न पक्षहरू माथि व्यापक चर्चा गरिएको छ । उक्त पुस्तकले शोधका परिचयदेखि निष्कर्षण सम्मका सैद्धान्तिक पक्षहरूबारे प्रकाश पारेकोले यो अध्ययनका लागि उपयोगी सामग्री देखिन्छ । प्रस्तुत पुस्तकले यस शोधमा अनुसन्धानको चयन गर्न, समस्या पहिचान गर्न र सामग्री सङ्कलन गर्न सहयोग गरिएको छ ।

केदारनाथ शर्मा र माधवप्रसाद पौडेल (२०७४) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकमा नेपाली भाषा  शिक्षणको परिचय, शिक्षणमा पठन कलाको प्रयोग, पठनीयता परीक्षण, पठनीयताका वा पठनशीलताका क्षेत्रहरू तथा पठन शीलताका सन्दर्भमा समावेश गरिएको छ । उक्त पुस्तकमा भाषा शिक्षणका विविध पक्षहरूका साथै कक्षा शिक्षण अन्तर्गत पठन सक्षमता विकासका सन्दर्भमा व्यापक चर्चा गरिएको छ । यस पुस्तकले प्रस्तुत शोध अध्ययनको सैद्धान्तिक खण्ड निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

रामनाथ ओझा र दिपक सुवेदी (२०७४) द्वारा **नेपाली भाषाशिक्षण** नामक पुस्तक त्रि. वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तह चार वर्षको परिमार्जित पाठ्यक्रममा आधारित पाठ्य तथा सन्दर्भ सामग्री प्रकाशित गरिएको छ । उक्त पुस्तकमा अन्तर्क्रियाको सामान्य चर्चा गरिएको छ । जसमा परिचय, शिक्षक विद्यार्थीको सम्बन्ध, शिक्षणका क्रममा गरिने कार्यकलापहरू र शिक्षणमा शिक्षकले गर्नुपर्ने विभिन्न अन्तर्क्रिका सम्बन्धमा चर्चा गरिएको छ र यसका सौ शिक्षण कार्यकलाप तथा विधिहरूको चर्चा गरिएको छ । उक्त पुस्तक प्रस्तुत शोधकार्यका लागि सैद्धान्तिक खण्डको लेखनमा सहयोग पुऱ्याउने भएकाले उपयोग गरिएको छ ।

जानुका भट्टराई (२०७७) द्वारा **नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तर्क्रिया अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यका उद्देश्य नेपाली भाषा शिक्षणमा शिक्षक

विद्यार्थी अन्तर्क्रियाको समयावधि पत्ता लगाउनु, कक्षामा विद्यार्थी सहभागिताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ को नेपाली भाषा शिक्षणमा हुने अन्तर्क्रिया तथा शिक्षण क्रियाकलापहरू पत्ता लगाउनु र तुलनात्मक विश्लेषण गर्नु जस्ता मुख्य उद्देश्यमा आधारित भएर तयार पारिएको छ । प्रस्तुत शोधमा प्रश्नावली र अवलोकनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस शोधमा झापा जिल्लाको चेचिनगर नगरपालिका मातहतका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालय गरी जम्मा ८ वटा विद्यालयका नेपाली भाषा शिक्षण गर्ने शिक्षक र प्रत्येक विद्यालयबाट २० जनाका दरले १६० जना विद्यार्थी र ८ जना शिक्षकलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधपत्रमा विद्यार्थी केन्द्रित शिक्षण विधिमा शिक्षण गरिएको, शिक्षकले व्याकरण शिक्षण गर्दा आगमन विधिको प्रयोग गरेको, शिक्षकले कक्षा आरम्भ उत्साहजनक तरिकाले शिक्षण गरेको र चनात्मक तरिकाले शिक्षण कार्यकलाप गरेको निष्कर्ष निकालिएको छ । यस शोधकार्यले प्रस्तुत अध्ययनको उद्देश्य निर्माण र निष्कर्षमा सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

यी माथि उल्लेख गरिएका नेपाली भाषा शिक्षणका गर्दा अपनाइएका शिक्षक विद्यार्थी अन्तर्क्रिया सम्बन्धी अध्ययन अनुसन्धान जे जति भएका छन ती सबै अनुसन्धेय दृष्टिले उपयुक्त नै देखिन्छन । वर्तमान समयमा शिक्षक विद्यार्थी अन्तर्क्रिया लोकप्रिय बन्दै आएकोले दिनानु दिन यसले भाषा सिकाइमा वृद्धि हुँदै गएको पाइन्छ । त्यसैले शिक्षण गर्ने क्रममा पनि शिक्षक विद्यार्थी अन्तर्क्रियामा निरन्तर कठिनाई हुने हुँदा अध्ययन अनुसन्धान निरन्तर गरिरहनु पर्दछ । अन्तर्क्रिया कक्षा शिक्षणको मुख्यपक्ष हो । यो कक्षा शिक्षण प्रविधि हो । यसले विभिन्न विधिहरूको प्रयोगमा भूमिका खेलेको हुन्छ । यो शिक्षक र विद्यार्थीद्वारा प्रदर्शन गरिने व्यवहार पनि हो । यसको अध्ययन नेपाली भाषा शिक्षणका सन्दर्भमा हुनु अतिआवश्यक छ । नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तर्क्रिया बारे अध्ययन न्यून भएको देखिन्छ । भएगरिएका अध्ययनका कार्यहरू पनि सतही किसिमका छन् । तिनमा अन्तर्क्रियाको मूल मर्मलाई केलाउन सकेको देखिदैन । अन्तर्क्रियालाई सैद्धान्तिक रूपमा प्रष्ट नपारी शिक्षक र विद्यार्थीका बिचको छलफललाई मात्र हेरिएका अध्ययनहरूबाट यसको वास्तविक अध्ययन कार्य हुन सकेको छैन । यसकारण माथि उल्लेखित अनुसन्धान प्रस्तुत शीर्षकमा शोध अनुसन्धान गर्न सान्दर्भिक देखिन्छन् ।

## २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा

प्रस्तुत अध्ययनको सैद्धान्तिक अवधारणासँग सम्बन्धित विभिन्न सन्दर्भ पुस्तकमा समावेश गरिएका अन्तक्रियासँग सम्बन्धित अन्तर्क्रियाको परिचय, कक्षाकोठामा गरिने अन्तर्क्रिया, अन्तर्क्रियाको प्रयोजन, ध्यान दिनुपर्ने कुराहरू, प्रभावकारी बनाउने उपाय तथा तरिकाहरूका साथै फ्लेन्डरको अन्तर्क्रियाको विश्लेषण नमुनालाई विस्तृत रूपमा उल्लेख गरिएको छ । जसलाई निम्न उपशीर्षका प्रस्तुत गरिएको छ :

### २.२.१ अन्तर्क्रियाको परिचय

परापूर्व कालदेखि नै मानव सभ्यताको परिचय दिँदै समाज र समुदायमा भाषाले महत्त्वपूर्ण भूमिका खेलेको छ । मानवजातिको उदयसँगै प्रयोगमा आएको भाषाले परिष्कृत बन्दै समयको गतिसँगै वर्तमानमा समुन्नत रूप धारण गरेको छ । जुन भाषा समाज, समुदाय, विद्यालय आदि स्थानमा छलफल र अन्तर्क्रियाको माध्यमबन्न सफल भएको छ । कुनै पनि निश्चित विषय वस्तुमा केन्द्रित भई दुई वा दुईभन्दा बढी व्यक्तिहरू बिच हुने आपसी विचार, विमर्श र छलफलद्वारा निष्कर्षमा पुग्ने प्रक्रियालाई नै अन्तर्क्रिया भनिन्छ ।

सिकाइ शिक्षणको क्रममा अन्तर्क्रिया भन्नाले एक आपसमा ज्ञान दिने र लिने प्रक्रिया हो । यसले शिक्षा सिकाइ कार्यकलापलाई नयाँ ढाँचा प्रदान गर्दछ । कक्षा कोठाभित्र शिक्षक र विद्यार्थी बिच वा विद्यार्थी विद्यार्थीबिच अन्तर्क्रिया हुने गर्दछ । यसरी दुई पक्षबिच अन्तर्क्रिया गर्दा एक आपसमा आफ्ना भावना र विचारहरू अरू समक्ष पुग्ने र अरूका भावना र विचारहरू आफू समक्ष आउने भएकाले अन्तर्क्रियामा सहभागी दुबैलाई फाइदा पुग्दछ । दुई पक्ष बिच एक आपसमा सहयोगी भावनाको विकास हुनुका साथै उनीहरूमा आपसी समझदारी, मेलमिलाप र नेतृत्वदायी सिपको विकास पनि हुन्छ । अन्तर्क्रियामा शिक्षक र विद्यार्थी बिच कसको भूमिका कस्तो रह्यो भनी बुझ्नका लागि सिकाइ शिक्षण कार्यकलापमा शिक्षक र विद्यार्थीको सहभागिता केलाउन आवश्यक हुन्छ ।

अन्तर्क्रिया शब्दलाई **प्रयोगात्मक नेपाली शब्दकोश** (वि.सं. २०६१) मा विभिन्न व्यक्तिहरू बसी एक आपसमा गरिने छलफल, आपसी विचार विमर्श, पारस्परिक सरसल्लाह, अन्तरसंवाद भनी

प्रष्ट पारिएको छ । **अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्सनरीमा** (सन् १९९६) अन्तर्क्रियालाई भाव वाच्यनाम अन्तर्गत राखिएको छ, जसमा कसैसँग कुनै चिज, विषय वा परिस्थितिको बारेमा गरिने छलफल, कुराकानीलाई अन्तर्क्रिया भनेर सङ्केत गरिएको छ । यसरी अन्तर्क्रियालाई ज्ञान, अनुभव, सिप, क्षमताहरूको आदानप्रदान गर्ने एक सहज र प्रभावकारी प्रक्रियाका रूपमा लिन सकिन्छ ।

### २.२.२ कक्षा कोठाको अन्तर्क्रिया

कक्षामा शिक्षक-विद्यार्थीका बीच गरिएका भाषिक कार्यकलापको विश्लेषण गर्ने तरिका अन्तर्क्रिया विश्लेषण पद्धति हो । यस अन्तर्गत कक्षा शिक्षणको अवलोकन तथा रेकर्ड पश्चात त्यहाँ भए गरिएका खास कार्यकलापमा निश्चित कोड प्रदान गरी कक्षा व्यवहार तथा शिक्षक कथन, विद्यार्थी कथन लगायतका पक्षहरूको गणना गरिन्छ । अन्तर्क्रिया विश्लेषण भन्नाले शिक्षण र सिकाइको अध्ययन ढाँचालाई लिने र दिने प्रक्रिया अर्थात् सूचना दिने र लिने बिचको आपसी सम्बन्धको अध्ययन गर्नुलाई अन्तर्क्रिया विश्लेषण भन्न सकिन्छ (अर्याल र अन्य, २०६४, पृ.९२-९३) । अन्तर्क्रियामा शिक्षक वा विद्यार्थी कसको भूमिका बढी रह्यो भनी शिक्षक र विद्यार्थीको सहभागितालाई मूल्याङ्कन गर्नका लागि कक्षा शिक्षकसँग सम्बन्धित खास खास तथ्यहरूको वर्गीकरण गरी निश्चित ढाँचाको फाराम बनाइनु पर्छ । जस्तै : ए, बी, सी, डी, अथवा धेरै राम्रो, राम्रो प्रष्ट, निम्न, अति निम्न अथवा ठीक, बेठिक जसले खास खास व्यवहारलाई कोडिङ गर्नमा सघाउ पुऱ्याउँछ ।

अवलोकन पद्धतिलाई व्यवस्थित गर्न निरीक्षकले आफ्ना साथमा अवलोकन फाराम लिएर जाने, कक्षा कोठाको अन्त्यमा गई बस्ने, पूर्व सूचनादिएर वानदिएर प्रशिक्षकको अनुरोधमा कक्षा अवलोकन गर्ने, कक्षा कोठामा अनावश्यक होहल्ला, छलफल र वादविवाद नगर्ने, आवश्यक पर्ने विषयको टिपोट गर्ने, पूर्व योजनाका आधारमा अवलोकन गर्ने, कक्षा कोठाको ध्यान विकर्षण हुने गरी आफ्नो महत्त्व र आवश्यकता नदर्शाउने, सकारात्मक र कमी कमजोरीका पक्षहरूलाई बुँदागत ढङ्गले उल्लेख गर्ने, आवश्यकता अनुसार प्रतिवेदन तयार पार्ने, शिक्षकलाई सुधार गर्ने जस्ता कार्यहरू सफल निरीक्षकले गर्नु पर्दछ । शिक्षण सिकाइ कार्यकलाप सुधारका लागि अवलोकन पद्धतिलाई प्रयोगमा ल्याउनका लागि विशेष उपचारात्मक निरीक्षण पद्धतिमा जोड

दिइएको छ, जुन पद्धतिलाई साधारण निरीक्षण प्रक्रियामा समेत प्रभावकारी ढङ्गले प्रयोगमा ल्याइएको छ (अर्याल र अन्य, २०६४ पृ.पृ.९३-९५) ।

शिक्षक र विद्यार्थीबिच आपसी ज्ञान साटासाट गर्ने व्यवस्थित एवम् उपयुक्त स्थान कक्षा कोठा हो । कक्षा कोठा भित्र शिक्षक र विद्यार्थीबिचमा कुनै निश्चित विषयवस्तुमा आधारित भएर एक आपसमा छलफल हुनु पर्दछ । विद्यार्थीहरूमा शिक्षकसँग छलफल गर्ने बानी बस्यो भने उनीहरूमा सुषुप्त रहेका भावनाहरू सहज रूपमा प्रस्फुटन हुन्छन् । अन्तर्क्रियाको माध्यमबाट विद्यार्थीहरूका विचारहरूलाई समेट्न सकिन्छ । जसले गर्दा कक्षा कोठाको सिकाइ वातावरण पनि सरल र सहज रूपमा अगाडि बढ्दछ । समान्यतः कक्षा कोठामा निम्नानुसार अन्तर्क्रिया हुने गर्दछ :

(क) **शिक्षक विद्यार्थी बीचको अन्तर्क्रिया**

परम्परागत शिक्षा प्रणालीमा शिक्षक केन्द्रित विधिको प्रयोग अत्यधिक रूपमा भएको पाइन्थ्यो । हाल आएर परम्परागत परिपाटीको अन्त्य गर्दै कक्षा कोठाको शिक्षक र विद्यार्थी बिचमा प्रशस्त मात्रामा छलफल वा अन्तर्क्रिया हुने गर्दछ । शिक्षकले कुनै पनि समस्यालाई विद्यार्थीहरूको बिचमा राखी दिएर उनीहरूको प्रतिक्रिया बुझ्ने र आफ्नो विचार प्रस्तुत गर्ने क्रममा सही ढङ्गले अन्तर्क्रिया हुने गर्दछ । अन्तर्क्रियात्मक ढङ्गले शिक्षण सिकाइ कार्यकलाप अगाडि बढ्यो भने सिकाइ वातावरण पनि सहज हुन्छ । प्रतिस्पर्धा भन्दा सहयोगीपनले सिकाइमा सहयोग पुग्दछ भन्ने कुरा विद्यार्थीहरूले बुझिसकेपछि उनीहरू बिचको सुमधुर सम्बन्ध स्थापित गर्न सकिन्छ । कक्षा कोठामा रहेका विभिन्न स्वभावका विद्यार्थीहरूलाई समान अवसरका साथ अन्तर्क्रियामा समावेश गराउन सके मात्र शिक्षण सिकाइ सहज र समान ढङ्गले अगाडि बढ्न सक्दछ (पोखरेल र काफ्ले, २०७३ पृ. १५९) ।

विद्यार्थीहरू आफ्नो ज्ञान, सिप र क्षमतालाई अभिवृद्धि गर्नका लागि विद्यालयमा आउने गर्दछन् । तसर्थ शिक्षकले आफ्नो ज्ञान, अनुभव प्रस्तुत गर्ने क्रममा विद्यार्थीहरूको पूर्वज्ञान र उनीहरूको रूचिको बारेमा बुझ्नु पर्दछ । अन्तर्क्रिया बिना शिक्षक र विद्यार्थी बिच सहज वातावरण सिर्जना हुन सक्दैन । प्रशस्त मात्रामा अन्तर्क्रिया भयो भने विद्यार्थीहरूमा आत्मबल बढ्नुका साथै सिकाइ पनि दीगो र प्रभावकारी हुन्छ ।

### (ख) विद्यार्थी विद्यार्थी बिच अन्तर्क्रिया

शिक्षक र विद्यार्थी तथा विद्यार्थी विद्यार्थी बिच कुनै विषय शीर्षक वा कुनै मुद्दा वा समसामयिक विषयका बारेमा एक आपसमा उद्देश्यमूलक छलफल, कुराकानी गर्ने कार्यलाई अन्तर्क्रिया भनिन्छ (अधिकारी, २०७६, पृ.२१०) । प्राचीन समयमा गुरूकूल शिक्षा पढाइ समयमा गुरुहरूले चेलालाई आफ्नो आश्रममा राखी उपदेश दिइने गरेको पाइन्छ । जहाँ गुरुहरूले एकोहोरो रूपमा भाषण गरी अर्ति, उपदेश दिने गरेको पाइन्छ । त्यतिबेलाको समयमा अन्तर्क्रियालाई महत्त्व दिएको पाइँदैन तर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, सुमधुर सम्बन्ध स्थापित गर्न, आफ्ना कुराहरू निर्धक्कका साथ राख्न, शुद्ध र स्पष्ट बोल्न समेत अन्तर्क्रियाको महत्त्व छ । अन्तर्क्रियाको माध्यमबाट विचार, भावना र अनुभूतिहरू एक आपसमा आदानप्रदान हुनका साथै सिकाइ पनि दिगो र चिरस्थायी हुने गर्दछ । अतः भाषा शिक्षण सिकाइमा अन्तर्क्रियाको महत्त्वपूर्ण भूमिका रहेको छ ।

नेपाल एक बहुभाषिक मुलुक भएकाले कक्षा कोठामा विभिन्न भाषिक एवम् सामाजिक पृष्ठभूमिबाट विद्यार्थीहरू प्रवेश गरेका हुन्छन् । उनीहरूमा रहेका विचार एवम् प्रतिभा विभिन्न प्रकृतिको हुन सक्छ । यी विभिन्न स्वभावका विद्यार्थीहरूले आपसी सम्बन्ध, कायम गर्दै आ-आफ्ना समूह बनाउँछन् । उनीहरू एक आपसमा विभिन्न विषयमा छलफल गर्दछन् । छलफलका क्रममा एकले अर्कालाई मद्दत पनि गर्दछन् । कक्षा कोठामा आएका विद्यार्थीहरू सबै समान स्तरका हुँदैनन् । उनीहरू केही अत्याधिक प्रतिभावान हुन्छन् भने केही कम प्रतिभावान हुन्छन् । त्यसैले उनीहरूलाई समूह विभाजन गरी अन्तर्क्रिया गराउनु आवश्यक हुन्छ । यसो गरेमा एक अर्कामा रहेका विचारका साथै ज्ञान र अनुभवपनि साटासाट हुन्छन् (पौडेल, २०६९ पृ. १३४) ।

कक्षा कोठामा विभिन्न परिवेशबाट आएका विद्यार्थीहरू बिच एक आपसमा अन्तर्क्रिया गराएमा उनीहरूले आफ्ना भावना र विचारहरू स्वतन्त्र रूपमा अभिव्यक्त गर्ने मौका पाउँछन् । अन्तर्क्रियाको माध्यमबाट उनीहरूमा आत्मबल बढ्नुका साथै मेलमिलापको भावना, आपसी सहयोग, समझदारी, नेतृत्वदायी सिपको समेत विकास गर्न सकिन्छ । जसले गर्दा सिकाइ पनि सहज र प्रभावकारी बन्न पुग्दछ । आपसी अन्तर्क्रियाबाट विद्यार्थीहरूले आफ्ना कमजोरी पत्ता

लगाई सुधार गर्ने मौका पाउँछन् । साथीहरूसँग छलफल गर्ने बानीको विकासले उनीहरू सजिलै सामाजिकीकरण हुन सक्दछन् ।

**(ग) विद्यार्थी र शैक्षिक सामग्रीबीच अन्तर्क्रिया**

कक्षा कोठामा शिक्षण सिकाइ क्रियाकलाप रोचक एवम् प्रभावकारी बनाउन शैक्षिक सामग्रीहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षण सिकाइ कार्यकलापलाई सहज बनाउन र शिक्षकको भूमिकालाई प्रभावकारी बनाउन प्रस्तुत गरिएका शैक्षिक सामग्रीसँग विद्यार्थीको अन्तर्क्रिया गराउनु पर्दछ (ढुङ्गेल र दाहाल, २०७३ पृ. १५६) । पाठसँग मिल्दोजुल्दो पत्रपत्रिका, सन्दर्भ पुस्तक, चित्र, तालिका, शब्दवाक्य पत्ति, विद्युतीय उपकरणहरू जस्तै : कम्प्युटर, टेप रेकर्डर आदि शैक्षिक सामग्रीहरू कक्षा कोठामा प्रयोग गर्न सकिन्छ । यस्ता सामग्रीहरू कक्षा कोठामा प्रदर्शन गरेर मात्रहुँदैन, प्रदर्शित सामग्रीहरूबाट विद्यार्थीहरूलाई सिकाइ कार्यकलापमा जिज्ञासु र उत्साहित बनाउनु पर्दछ । ती सामग्रीहरूको बारेमा विद्यार्थीहरूलाई अन्तर्क्रिया गराउनु पर्दछ ।

यसरी विद्यार्थीहरूलाई विभिन्न शैक्षिक सामग्रीहरूसँग अन्तर्क्रिया गराउँदा उनीहरूको बौद्धिक क्षमता बढ्नुका साथै एक विषय वस्तुलाई गहन रूपमा बुझ्ने बानीको विकास हुन्छ । शैक्षिक सामग्रीसँगको अन्तर्क्रियामा सहभागी हुने अवसर मिल्दछ ।

### २.२.३ कक्षाकोठा अन्तर्क्रियाका प्रकार

कक्षाकोठामा भाषा सिकाइ प्रक्रियामा गरिने अन्तर्क्रियालाई विद्वानहरुले शिक्षक र विद्यार्थीको सक्रियताका आधारमा, तिनको सहभागिताका आधारमा, तिनको केन्द्रीयताका आधारमा गरी विभिन्न किसिमले वर्गीकरण गरिएको पाइन्छ । मुहम्मद बसरी (सन् २०१८) ले अन्तर्क्रियाका तीनवटा प्रकार रहने उल्लेख गर्दै निम्नअनुसार चर्चा गरेका छन् :

(क) शिक्षक-विद्यार्थी अन्तर्क्रिया : यस किसिमको अन्तर्क्रियामा कुनै विषयवस्तु वाशीर्षकमा आधारित शिक्षक-विद्यार्थीकाबिच प्रश्न-उत्तर-प्रतिप्रश्न, छलफल जस्ता कार्यकलाप गरिन्छन् ।

(ख) विद्यार्थी-विद्यार्थी अन्तर्क्रिया: यस किसिमको अन्तर्क्रियामा कक्षामा निर्मित विद्यार्थीहरुको

समूहका सदस्यवा समग्र कक्षा नै एउटै समूहका रूपमा रहेको अवस्थाका बिच विद्यार्थीहरू आपसमा छलफल, प्रश्नोत्तर गरिन्छ ।

(ग) शिक्षक-सिकाइ स्रोत बिच अन्तर्क्रिया : यस किसिमको अन्तर्क्रियामा शिक्षकबाट शिक्षणीय विषयवस्तु, शिक्षण सामग्रीलाई कक्षामा विभिन्न किसिमले प्रस्तुत गर्ने गरिन्छ ।

नाथ (सन् २०२३) ले अन्तर्क्रियालाई शिक्षक र विद्यार्थीका बिचको भाषिक व्यवहारका रुपमा लिई निम्न रूपमा विभाजन गरी चर्चा गरेका छन् :

(क) शिक्षक र कुनै विद्यार्थीका हुने भाषिक व्यवहार

(ख) कुनै एक विद्यार्थी र अर्को विद्यार्थीका बिच हुने भाषिक व्यवहार

(ग) शिक्षक र कक्षामा रहेको सबै विद्यार्थीका बिच हुने भाषिक व्यवहार

(घ) कुनै एक विद्यार्थी र कक्षामा रहेका सबै विद्यार्थीका बिचहुने भाषिक व्यवहार

(ङ) शिक्षक र विद्यार्थीको कुनै एक समूहका बिच हुने भाषिक व्यवहार

(च) कुनै एक विद्यार्थी र विद्यार्थीको कुनै एक समूहका बिच हुने भाषिक व्यवहार

मूरे (सन् १९९१) ले अन्तर्क्रियाका प्रकारलाई शिक्षक र विद्यार्थीको केन्द्रीयतालाई मुख्य मानेर वर्गीकरण गरेका छन् जसलाई उनले निम्नअनुसार उल्लेख गरेका छन् :

(क) विद्यार्थी-विषयवस्तु बिच अन्तर्क्रिया : विद्यार्थीले सिक्नु पर्ने विषयवस्तुलाई पढ्ने-लेख्ने गरेर, आत्म मूल्याङ्कन गरेर, असाइन्मेन्ट तयार गरेर आदि विभिन्न किसिमले अन्तर्क्रिया गर्दछ ।

(ख) विद्यार्थी-निर्देशक (शिक्षक) सँग अन्तर्क्रिया : शिक्षक र विद्यार्थीका बिच वैयक्तिक वा समूहगत रूपमा हुने विभिन्न प्रकारको सञ्चार हुने कार्य यस किसिमको अन्तर्क्रियामा रहन्छ ।

(ग) विद्यार्थी-विद्यार्थीका बिच अन्तर्क्रिया : विद्यार्थी-विद्यार्थीका बिच छलफल, प्रदर्सन, सहपाठी-मूल्याङ्कन जस्ता कार्यकलापमा यस किसिमको अन्तर्क्रिया हुने गर्दछ ।

(घ) विद्यार्थी-समुदायका बिच प्रयोगात्मक अन्तर्क्रिया : विद्यार्थीले अध्ययन गर्ने सम्बन्धित क्षेत्रका समुदायसँग गर्ने अन्तर्क्रिया यस अन्तर्गत पर्दछ ।

**२.२.३ नेपाली भाषा शिक्षण सिकाइमा अन्तर्क्रियाको प्रयोजन**

भाषा विचार विनिमयको माध्यम हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा र सम्पर्क भाषा पनि हो

नेपालका सम्पूर्ण विद्यालयहरूमा नेपाली भाषाको अनिवार्य विषयका रूपमा अध्ययन हुन्छ (शर्मा र पौडेल, २०६७ पृ. २४९) ।

भाषा सम्पूर्ण मानिसहरूको साझा सम्पत्तिहो । भाषाकै माध्यमबाट एक आपसमा विचारहरू आदानप्रदान गर्न सकिन्छ । संसारमा धेरै भाषाहरू छन् । बालकले दोस्रो भाषाको तुलनामा पहिलो भाषा सरल ढङ्गबाट आर्जन गर्दछ । नेपाल एक बहुभाषिक मुलुक भएकाले मातृभाषामा शिक्षा दिने व्यवस्था कानुनमा उल्लेख गरिए तापनि व्यवहारिक रूपमा लागु हुन सकेको छैन । जसका कारण विभिन्न मातृभाषी विद्यार्थीहरू नेपाली भाषामा शिक्षा आर्जन गर्न बाध्य देखिन्छन् । उनीहरूलाई नेपाली भाषा शिक्षणका क्रममा प्रशस्त मात्रामा अन्तर्क्रिया गराउनु आवश्यक हुन्छ । कक्षा कोठाभित्र विभिन्न भाषिक समुदायका विद्यार्थीहरू सहभागी भएको अवस्थामा शिक्षण गर्नु पर्ने हुन्छ । यस्तो अवस्थामा ती प्रत्येक विद्यार्थीको भाषिक क्षमता पत्ता लगाई उनीहरूलाई विस्तारै भाषिक सिप तर्फ अग्रसर गराउनु पर्छ । विद्यार्थीले देखे, सुनेका, जाने बुझेका कुराहरूबाट क्रम जोडेर उनीहरूलाई नजानेका नबुझेका विषयवस्तु तर्फ संलग्न गराउँदै गहन रूपमा शिक्षण गर्नु पर्दछ (शर्मा र पौडेल, २०६७ पृ. १३४) । शिक्षणका क्रममा विविध भाषिक क्षमता भएका विद्यार्थीहरूलाई पहिचान गरी सामूहिक वा व्यक्तिगत रूपमा अन्तर्क्रिया सञ्चालन गर्नु पर्दछ । अन्तर्क्रियाकै माध्यमबाट विद्यार्थीहरूको बौद्धिक स्तर थाहा पाउनका साथै शिक्षण सिकाइको प्रभावकारिता पनि थाहा पाउन सकिन्छ ।

वर्तमान नेपाली भाषा पाठ्यक्रमले भाषा शिक्षण भाषिक ज्ञानको लागि मात्र नभई भाषिक सिप शिक्षणमा महत्त्वपूर्ण योगदान दिएको पाइन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषाका सिपहरूमा भाषा पाठ्यक्रमका उद्देश्यहरू किटान गरिएका छन् । पाठ्य पुस्तकमा समाविष्ट विभिन्न विधाका पाठ्यवस्तुले ती उद्देश्य विद्यार्थीमा हासिल गराउनु पर्ने प्रयोजन रहेका उक्त उद्देश्य विद्यार्थीमा पुरा गराउन नेपाली भाषा शिक्षा सिकाइ शिक्षक विद्यार्थी अन्तर्क्रियाको माध्यमबाट सम्भव छ । यसरी कक्षा तीनमा अध्ययनरत विद्यार्थीहरूलाई अन्तर्क्रियाका माध्यमबाट थप शब्द भण्डारको वृद्धि गराउँदै अन्य भाषिक कार्यकलापतर्फ अग्रसर गराउनु पर्दछ । त्यसैले यस कक्षामा नेपाली भाषा शिक्षण गर्दा अन्तर्क्रिया विधि र प्रविधिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । अन्तर्क्रिया सामान्यतया व्यक्तिव्यक्ति बिच हुने अन्तर्क्रिया, व्यक्ति समूह बिच हुने अन्तर्क्रिया र समूह समूह बिच हुने अन्तर्क्रिया हुने गर्दछन् । यसरी व्यक्ति

व्यक्ति बिचको सामाजिक अन्तर्क्रियालाई प्राथमिक चरणको व्यक्ति समूह बिच हुने अन्तर्क्रियालाई दोस्रो चरणको र समूह समूह बिच हुने अन्तर्क्रियालाई तेस्रो चरणको अन्तर्क्रिया भनेर व्याख्या गरेको पाइन्छ (अधिकारी र पौडेल, २०६७ पृ.पृ. ५८-५९) । व्यक्ति विकास र सामाजिक विकासका निम्ति सामाजिक अन्तर्क्रिया आवश्यक हुन्छ । व्यक्ति व्यक्ति, समूह समूह बिच ज्ञान प्राप्त गर्न, समस्याहल गर्न, आपसी सम्बन्ध स्थापित गरी कुराकानी, छलफल, संवाद आदि गर्नु सामाजिक अन्तर्क्रिया हो हुने गर्दछ । सामाजिक अन्तर्क्रियाका माध्यमबाट धेरै समस्याहरू हल गर्न सकिन्छ । व्यवस्थापन, आत्म संस्करण, सहयोग, द्वन्द्व व्यवस्थापन, अनुभव आदान प्रदान आदि सामाजिक अन्तर्क्रिया प्रक्रियामा आउने गर्दछन् ।

नेपाली भाषा शिक्षणको क्रममा पनि अन्तर्क्रियाका लागि कक्षाकोठामा प्रशस्त मात्रामा शिक्षक विद्यार्थी तथा विद्यार्थी-विद्यार्थी बिच अन्तर्क्रिया गराउनुपर्ने हुन्छ । नेपाल एक बहुभाषिक मुलुक भएकाले यहाँ विभिन्न भाषिक समुदायबाट आएका विद्यार्थीहरूलाई एउटै कक्षा कोठामा राखी नेपाली भाषा शिक्षण गर्नुपर्ने हुन्छ । यसका लागि अन्तर्क्रियाको माध्यमबाट ती प्रत्येक विद्यार्थीहरूको भाषिक क्षमता पत्ता लगाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्न अग्रसर गराउनु पर्दछ (शर्मा र पौडेल, २०६७पृ. २४७) ।

बालबालिकाहरू कक्षा शिशु, एक, दुई, तीन, चार गर्दै पाँचसम्म आइपुग्दा आफ्नो विचार भावना अरू समक्ष राख्ने र अरूको विचार र भावना पनि आफूले लिने कार्य गर्ने सक्षम भइसकेका हुन्छन् । यस उमेर समूहका विद्यार्थीहरू आफ्नो मातृ भाषा हुँदै स्तरीय मानक नेपाली भाषाको प्रयोग गर्ने क्रममा हुन्छन् भने यिनीहरू मानसिक एवम् शारीरिक रूपमा समेत केही परिपक्क हुँदै गइरहेका हुन्छन् । यस कक्षाका विद्यार्थीहरूलाई उच्च स्तरीय साहित्यिक क्रियाकलापमा सङ्गठन गराउन सकिदैन तर उनीहरूलाई शब्दभण्डारको वृद्धि र स्तरीय नेपाली भाषाको ज्ञान दिनुपर्ने आवश्यकता भने रहन्छ (ढुङ्गेल र दाहाल, २०६४ पृ. २४६) । यसका लागि पनि अन्तर्क्रियाको माध्यमबाट नै यस तहका विद्यार्थीहरूले आफ्नो शब्दभण्डारको क्षमता बढाउनुका साथै आत्म वर्णन, चित्र वर्णन र व्यक्ति वर्णन जस्ता क्रियाकलाप गर्न सक्छन् । त्यसैगरी विभिन्न लिखित सामग्री तथा पाठहरूलाई पढ्नलाई सामूहिक तथा व्यक्तिगत रूपमा छलफल र प्रश्नोत्तर गर्ने गराउनुपर्ने हुन्छ किनभने यस तहका विद्यार्थीहरूलाई शिक्षकले एकोहोरो व्याख्या गर्दा उनीहरूलाई पाट्यार लाग्ने, शिक्षण सिकाइ बोभिलो हुने र शिक्षण सिकाइ

क्रियाकलाप झर्को लाग्न सक्छ । त्यसैले उनीहरूलाई अन्तर्क्रियाकै माध्यमबाट शिक्षण सिकाइ क्रियाकलपामा सक्रिय रूपमा संलग्न गराउनु पर्दछ (शर्मा र पौडेल, २०६७, पृ. १४६) । यसरी अन्तर्क्रियाकै माध्यमबाट यस तहका विद्यार्थीहरूलाई शब्द भण्डारको वृद्धि गराउँदै अन्य साहित्यिक क्रियाकलाप तर्फ अग्रसर गराउनु पर्दछ । त्यसैले यस तहमा नेपाली भाषा शिक्षण सिकाइ गर्दा अन्तर्क्रिया विधिको महत्त्वपूर्ण स्थान रहेको छ ।

### २.२.४ अन्तर्क्रियामा ध्यान दिनुपर्ने कुराहरू

अन्तर्क्रिया दुई वा दुई भन्दा बढी व्यक्तिहरू बिच कुनै विषयमा भएको छलफल हो । बालबालिकाको सुरूसुरूमा भाषाको प्रयोग, सुनाइ र बोलाइका लागि मात्र गर्दछन् । उनीहरूलाई कुनै लिपिबद्ध सामग्री पढ्न र केही कुरा लेख्न आउँदैन । पढ्ने र लेख्ने सिप नहुँदा उनीहरूले आफ्ना वरिपरिका कैयौं उपलब्धिहरू गुमाउन पुग्दछन् । त्यस्तो हुनाले बालबालिकामा सुनाइ र बोलाइ मात्र होइन पढाइ र लेखाइ अर्थात् सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपलाई ध्यानदिएर शिक्षण गर्नुपर्दछ । कक्षा कोठामा अन्तर्क्रिया गर्दा निम्नलिखित कुराहरू ध्यानदिनु पर्दछ (अधिकारी र पौडेल, २०६७ पृ.पृ. ५८-५९) :

- सम्बन्धित विषय वस्तुसँग आधारित भएर अन्तर्क्रिया गर्ने,
- विषय वस्तुको उद्देश्य अनुरूप शिक्षाक्रम अनुसार दोहोरो अन्तर्क्रिया गर्ने,
- विभिन्न स्तरका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्ने गरी अन्तर्क्रिया सञ्चालन गर्ने,
- विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा र ससाना समूहमा विभाजन गरी अन्तर्क्रिया गराउने,
- अन्तर्क्रियाबाट प्राप्तनिष्कर्ष स्पष्ट र उद्देश्य अनुरूपहुनु पर्दछ ।

कक्षा कोठामा अन्तर्क्रिया सञ्चालन गर्दा सिकाइ शिक्षण प्रभावकारी बन्ने हुँदा सिकाइ सहज रूपमा हुने गर्दछ । अन्तर्क्रियाका माध्यमबाट सिकेका सिकाइ चिरस्थायी रूपमा हुनुका साथै अपेक्षित शैक्षिक उद्देश्य सजिलै हासिल गर्न सकिने देखिन्छ । शिक्षक र विद्यार्थी बिच सुमधुर सम्बन्ध स्थापना गर्नका लागि विद्यार्थीहरूमा अन्तरनिहित प्रतिभा र क्षमता प्रस्फुटन हुने अवसर प्राप्त हुनुका साथै विद्यार्थीहरूको व्यक्तित्व विकास हुनुका साथै आपसी समझदारी गराउँछ । आपसी समझदारी मेलमिलाप, सहयोगी भावना र नेतृत्वदायी सिपको विकासमा सहयोग पुग्ने गर्दछ । अन्तर्क्रियाका माध्यमबाट सिकाइ शिक्षण कार्यकलाप अगाडि बढाएमा विद्यार्थीहरू

सक्रिय भई विद्यार्थी केन्द्रित शिक्षण विधि अनुरूप शिक्षण कार्य सञ्चाल नहुने गर्दछ । यसले विद्यार्थीहरूको आत्मबल बढ्नुका साथै सामाजिकीकरणको अवसर प्राप्त हुने र कक्षा कोठामा अन्तर्क्रियात्मक वातावरण सिर्जना गर्न सकेमा शिक्षक र विद्यार्थी बिचको दूरी घट्ने भएकाले यसले एक आपसमा भावना र विचारको आदानप्रदान हुनाले अन्तर्क्रियाबाट दुबै पक्षलाई फाइदा पुग्दछ ।

### २.२.५ अन्तर्क्रियामा प्रभावकारिता ल्याउने तरिका

अन्तर्क्रियामा प्रभावकारिता ल्याउन निम्नलिखित उपायहरू अवलम्बन गर्न सकिन्छ (अर्याल र अन्य, २०६४, पृ.२४) :

- विद्यार्थीहरूलाई विषय वस्तुतर्फ केन्द्रित गर्ने,
- विद्यार्थीहरूसँग सुमधुर सम्बन्ध स्थापितगर्दै मित्रवत व्यवहार गर्ने,
- अध्ययनका क्रममा विविधता अपनाउने,
- अध्यापन गर्दा कहिलेकाहीँ अभिनयात्मक कार्यकलाप पनि सञ्चालन गर्ने,
- कक्षा कोठा विद्यार्थीहरूको रूचि र क्षमता बुझी सम्पूर्ण छात्र छात्राहरूलाई अन्तर्क्रियामा समान रूपमा संलग्न गराउने,
- विद्यार्थीहरूलाई व्यक्तिगत रूपमा र ससाना समूहमा विभाजन गरी अन्तर्क्रियामा सहभागी गराउने,
- प्रत्येक समूहलाई निश्चित समय दिई कुनै विषयवस्तुका बारेमा छलफल गराई निष्कर्ष निकाल्न लगाउने,
- अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई सकारात्मक रूपमा लिँदै विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने,
- शिक्षक, हसिलो मुद्रामा विद्यार्थी सामु प्रस्तुत भई कक्षाका सम्पूर्ण विद्यार्थीहरू माथि समान दृष्टि पुऱ्याउने,
- अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई आधार मानेर समस्या समाधान गर्न लगाउने वा गरीदिने ।

प्रभावकारी शिक्षण चिरस्थायी सिकाइका लागि कक्षा कोठामा अन्तर्क्रिया आवश्यक मानिन्छ । सही ढङ्गले अन्तर्क्रिया सञ्चालन गर्न नसक्दा विभिन्न समस्याहरू पनि आउन सक्दछन् । अन्तर्क्रियामा विषयवस्तु तथा त्यसमा प्रयोग हुने सबै सामग्री उपलब्ध गराइनु पर्दछ । अन्तर्क्रिया गर्दा एकले अर्काको अनुहार देख्ने गरी गोलमेच गरेर बस्ने व्यवस्था मिलाएमा राम्रो हुन्छ । त्यसो भएमा विद्यार्थीहरूलाई विषयवस्तुमा केन्द्रित र सक्रिय गराउँछ । अवलोकन कर्तालाई सही ढङ्गले मूल्याङ्कन गर्न मिल्ने गरी अन्तर्क्रिया सञ्चालन गर्नु पर्दछ । यसबाट सिकाइ शिक्षण र सिकाइ उपलब्धि बारे मूल्याङ्कन गर्न सकिन्छ । अन्तर्क्रियाको सही रूपमा प्रयोग हुन नसकेको खण्डमा केही विद्यार्थीलाई गाह्रो हुनगई कार्यक्रमबाट विमुख हुने प्रवृत्ति देखिन जान्छ । त्यसैले अन्तर्क्रियामा भाग लिने सम्पूर्ण विद्यार्थीहरूमा आपसी समझदारी, सहयोगी भावना, मेल मिलापको भावना, नेतृत्वदायी सिपको विकास भएको हुनु पर्दछ । यस प्रकार सिकाइ शिक्षण कार्यकलापमा प्रभावकारी मानिँदै आएको अन्तर्क्रिया विधि सञ्चालन गर्नुपूर्व सम्पूर्ण विद्यार्थीहरूमा विषयवस्तुको ज्ञान गराउनु पर्दछ । यसका लागि शिक्षकले नै उपयुक्त र सहज वातावरण मिलाइ दिनु पर्दछ ।

### २.२.६ फ्लेन्डरको अन्तर्क्रियाको विश्लेषण

कक्षा अन्तर्क्रिया विश्लेषका लागि अमेरिकी प्राध्यापक नेड ए. फ्लेन्डरले विकास गरेको मान्यतालाई फ्लेन्डरको अन्तर्क्रियाको विश्लेषण प्रणाली भनिन्छ । उनले सन् १९५० देखि १९७० सम्मको अवधिमा उनका विभिन्न अध्ययनपत्र, लेख रचनातथा पुस्तकाकार कृतिको माध्यमबाट यसलाई स्थापित गरेको देखिन्छ । यसलाई कक्षाकोठामा शिक्षण सिकाइको अवलोकन र मूल्याङ्कन गर्ने उपयोगी सिद्धान्त मानिएको छ ।

शिक्षणको व्यवहारका आधारमा क्रमबद्ध निरीक्षण र पद्धतिद्वारा विश्लेषण गर्दा अन्तर्क्रिया कक्षामा घट्ने प्रत्येक घटनाको अभिप्राय हो । कक्षामा प्रत्येक घटना घटनाको वस्तुनिष्ट वा व्यवस्थित निरीक्षण गर्ने व्यवस्थागर्ने वा प्रत्येक घटनाका विश्लेषण गर्ने कार्य हो । यस विधि अनुसार कक्षामा हुने वाला प्रत्येक घटनाका लेखा जोखा गर्ने कार्य हो । अन्तर्क्रिया कार्य विश्लेषणका उद्देश्यहरू निम्नानुसार छन् (कुमार, सन्, २०१३, पृ. १४२) :

- शिक्षकको विशेषताको अध्ययन गर्ने,

- निरीक्षणका माध्यमबाट शिक्षकको व्यवहार अध्ययन गर्ने,
- बोध स्तरको व्यवहारको प्रकृतिलाई अध्ययन गर्न,
- शिक्षकको सामाजिक र संवेगात्मक परिवेशमा अन्तर्क्रिया गर्ने,
- शिक्षक र विद्यार्थीको बीच व्यवहार अध्ययन गर्ने,
- कक्षाकार्यका विश्लेषण गर्ने,
- प्रशिक्षण र प्रभाव तथा अशाब्दिक सम्प्रेषणको विश्लेषण गर्ने ।

फ्लेन्डरले कक्षागत रूपमा गरिने व्यवहारको सिद्धान्तले शिक्षणको दौरानलाई व्यवस्थित र वैज्ञानिक रूपमा अध्ययन गर्ने गरी सम्पूर्ण शिक्षण व्यवहारका प्रमुख रूपलाई तीन भागमा विभाजन गरी अध्ययन गरिएको छ (कुमार, सन् २०१३, पृ. १४६) ।

१. शिक्षकको कथन (भनाइ वा बोलाइ)

२. विद्यार्थीको कथन (भनाइ वा बोलाइ)

३. मौनता वा द्विविधा

१. शिक्षक कथन : शिक्षकद्वारा कक्षा शिक्षणका क्रममा जसले कुनै पनि कार्य तथा क्रियाकलापमा जाने हो उसले शिक्षकको बोलाइ वा भनाइमा राखेर जाने गर्दछ । उसको केवल शाब्दिक व्यवहार सम्बन्धित कार्य गर्न जान्दछ । फ्लेन्डरले शिक्षक कथनको सात वर्गबाट विभाजन गरेका छन् । उनको भनाइलाई अझ दुई भागमा विभाजन गरिएको छ । जस्तैः प्रत्यक्षवर्ग र अप्रत्यक्षवर्ग ।

प्रत्यक्ष वर्गमा शिक्षक शिक्षण प्रक्रियामा कक्षामा आफ्नो प्रभुत्व जमाइन्छ जबकि प्रत्यक्ष वर्गमा शिक्षक, अप्रत्यक्ष वर्गको रूपमा अन्य शिक्षण प्रक्रिया अगाडि बढाउने गरिन्छ ।

फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिका वर्गहरू

| | | |
|---|---|---|
| शिक्षकका कथन (Teacher Talk) | अप्रत्यक्ष प्रभाव | १.भावनाको स्वीकार : विद्यार्थीका असल बानीव्यहोरा अनुरूपका अनुभूति एवम् भावनात्मक कार्यहरूलाई स्वीकार गरिन्छ । सकारात्मक अनुभूतिलाई ग्रहण र नकारात्मक अनुभतिलाई सहज रूपमा सच्याउने काम हुन्छ । |
| | | २.प्रशंसा वा प्रोत्साहन : विद्यार्थीबाट गरिएका कार्य, जनाइएका प्रतिक्रिया तथा व्यवहार माथि शिक्षकले शाब्दिक वा सङ्केतका आधारमा प्रोत्साहन वा प्रशंसा गरिन्छ । |
| | | ३.सिकारूका विचारहरूको कदर वा प्रयोग : विद्यार्थीले प्रस्तुत विचार एवम् धारणाको शिक्षकबाट कदर, तिनको पुनरावृत्ति, प्रयोग, विस्तार तथा थप स्पष्ट पारिन्छ । |
| | | ४. प्रश्न गर्ने : विषयवस्तु, सन्दर्भ, प्रक्रियामा आधारित भई शिक्षकबाट व्यक्तिगत वा सामूहिक प्रश्न गरिन्छ र विद्यार्थीलाई प्रतिक्रिया जनाउन लगाउने काम हुन्छ । |
| | प्रत्यक्षप्रभाव | ५.व्याख्यान : शिक्षकले विषयवस्तु वा प्रक्रियाका बारेमा तथ्यपूर्ण विचारहरू दिन्छन्, आफ्ना विचारहरू प्रस्तुत गर्छन्, आफ्नो शैलीमा व्याख्या गर्ने एक भन्दा धेरै उदाहरणका साथ प्रस्तुतिको कार्य हुन्छ । |
| | | ६.निर्देशन : कक्षा कार्यकलाप सञ्चालनका क्रममा सिकारूले पालना गर्नुपर्ने आचरण, व्यवहार, खेल्नुपर्ने भूमिकाबारे शिक्षकबाट निर्देशन गर्ने कार्य गरिन्छ । |
| | | ७.टिप्पणी र अधिकारको पुस्ट्याँइ : सिकारूका अस्वीकृत वा आंशिक स्वीकृत हुने लायकका प्रतिक्रियाहरू स्वीकृत व्यवहारमा परिवर्तन हुने गरी शिक्षकले सविस्तृत प्रस्तुत गर्छन्, त्यसमा सुधार ल्याउने प्रयत्न काकार्यहरू हुन्छन् । |

| | | |
|---|---|---|
| विद्यार्थी कथन (Pupil Talk) | | ८.विद्यार्थीका विचार-प्रतिक्रिया : शिक्षकले प्रस्तुत गरेका विषयमा वा सोधिएका प्रश्नमा विद्यार्थीले प्रतिक्रिया जनाउने, उत्तर दिने कार्य गर्छन्, वाव्यवहारबाट निर्देशनको पालना गर्छन् । |
| | | ९.विद्यार्थीका विचार-प्रारम्भ : शिक्षकले प्रस्तुत गरिरहेको सन्दर्भ भन्दा विद्यार्थीबाट फरक विचार राख्ने, नवीन चिन्तनको प्रस्तुति गर्ने, आफ्ना जिज्ञाशालाई पोख्ने कार्य गरिन्छ । नयाँतर्क, नयाँ सन्दर्भको सुरूवात विद्यार्थीबाट गरिन्छ । |
| मौनता/द्विविधा | | १०.मौनताको अवस्था : अन्तर्क्रियाका क्रममा वातावणलाई सही गतिमा लैजानका लागि सजिलै भेउ पाउन नसक्ने खालको छोटो समयको मौनता वा अस्पष्टता जस्तो अवस्था सिर्जना हुन्छ । |

(फ्लेन्डर, सन् १९६६) ।

### २.२.७ अन्तर्क्रियाको गणना र विश्लेषण

अन्तर्क्रिया विश्लेषणमा कक्षा शिक्षणको अवलोकन तथा रेकर्ड गरिन्छ । जसका आधारमा शिक्षक र विद्यार्थीबाट गरिएका कार्यकलापमा कोड प्रदान कार्य हुन्छ । कोडलाई मेट्रिक्समा राखी डिकोडिङ गर्ने कार्य हुन्छ । यसका लागि कक्षा रेकर्डलाई गणनाका लागि प्रत्येक तीन तीन सेकेन्डमा गरिएको कार्यकलापमा एक कोड दिइएको छ कोडिङलाई वस्तुपरक बनाउन निम्न प्रक्रिया अपनाउनु पर्छ (फ्लेन्डर, सन् १९६६) :

१. विद्यार्थीका प्रतिक्रियामा खुसी प्रकट गरेको, स्वीकृति सूचक टाउको हल्लाएको, विद्यार्थीको विचार अनुसार कक्षा कार्यकलापको सुरूवात वा सञ्चालन गरिरहेका कार्यकलापमा परिवर्तन गरिएकोमा वर्ग १ (भावनाको स्वीकार) कोड दिइन्छ ।

२. विद्यार्थीले जनाएको प्रतिक्रियामा शिक्षकबाट अँ, हो, ठीक, कति मिठो, आहा, भन्दै जाऊ, स्यावास, धन्यवाद जस्ता शब्द शब्दावली प्रस्तुत गरिएमा, ग्रहण गरिएको बुझाउने तरिकाले टाउको हल्लाएमा वर्ग २ (प्रशंसा वा प्रोत्साहन) मानेर कोड दिइन्छ ।

३. विद्यार्थीले जनाएको प्रतिक्रियालाई शिक्षकबाट समर्थन गरी त्यसैमा आधारित भई विद्यार्थीका विचारलाई थप प्रष्ट पारेको खण्डमा वर्ग ३ (विद्यार्थी विचारको कदर वा प्रयोग) मानेर कोड दिइन्छ ।

४. शिक्षकबाट विद्यार्थीलाई सामूहिक वा व्यक्तिगत रूपमा प्रश्न सोधेको कार्यलाई वर्ग ४ (प्रश्न गर्ने) मानिन्छ ।

५. सिकाउने विषयवस्तु, कठिन शब्द शब्दावली, शीर्षक वा कुनै सन्दर्भलाई प्रस्ट्याउनका लागि शिक्षकबाट गरिएका आफ्नाविचार, धारणा रहने विभिन्न प्रकारका चर्चा परिचर्चालाई वर्ग ५ (व्याख्यान) मानेर कोड दिइन्छ ।

६. शिक्षकले उक्त दिन पढाउने कक्षाबारे, परीक्षामा सोधिने प्रश्नका ढाँचा बारे, कक्षा छलफललाई खास रूपमा अघि बढाउने बारे विद्यार्थीलाई जानकारी दिएको अवस्थालाई वर्ग ६ (निर्देशन) कोड दिइन्छ ।

७. विद्यार्थीले जनाएको प्रतिक्रियालाई सुधारेर, नमिलेको भएमिलाई दिएर, विद्यार्थीका भनाइमा आफ्ना विचार जोडेर प्रस्तुत गरेमा, विद्यार्थीको प्रतिक्रिया आंशिक वा पूर्ण रूपमा गलत भएको अवस्थामा सही किसिमले प्रस्तुत गरिदिएको खण्डमा वर्ग ७ (टिप्पणी वा अधिकारको पुस्ट्याइँ) को कोड दिइन्छ ।

८. शिक्षकले सोधेका प्रश्नको विद्यार्थीले व्यक्तिगत वा सामूहिक उत्तर दिएको अवस्थालाई वर्ग ८ (विद्यार्थीका विचार-प्रतिक्रिया) कोड दिइन्छ ।

९. शिक्षकको निर्देशनका क्रममा विद्यार्थीबाट प्रतिक्रिया जनाइएमा त्यसलाई पनि वर्ग ८ ( विद्यार्थीका विचार-प्रतिक्रिया) को कोड दिइन्छ । जस्तै : शिक्षकले फेरि भन ...,जोडले भन..., शिक्षक : उसले काम ... विद्यार्थी : गऱ्यो, (वाक्य पूरा विद्यार्थीबाट भएको), लय वाचनका क्रममा शिक्षकको कथनलाई दोहोऱ्याएको अवस्थामा ।

१०. विद्यार्थीले शिक्षकलाई प्रश्न गरेमा, उदाहरण प्रस्तुत गरेमा, तर्क राखेमा, नयाँ सन्दर्भ खोजेमा, स्वयं सक्रिय भएर शाब्दिक कार्यकलापका साथ प्रस्तुत भएमा वर्ग ९ (विद्यार्थी विचार-प्रारम्भ) कोड दिइन्छ ।

११. शिक्षक वा विद्यार्थी कोही बोल्दा बोल्दै, प्रश्नोत्तर गर्दा गर्दै, दोहोरो प्रक्रिया चल्दै गर्दा, निर्देशन दिदै गर्दाका क्रममा शान्त रहेको, कोही पनि नबोलेको, पाठ्यपुस्तक तिर वा अन्यत्र ध्यान दिए जस्तो गरेको अवस्थालाई वर्ग १० (मौनता वा द्विविधा) को कोड प्रदान गरिन्छ ।

१२. विद्यार्थीका प्रतिक्रियापछि त्यसमै आधारित रही शिक्षकबाट दोहोऱ्याई गरिएको प्रस्तुति वर्ग ३, विद्यार्थीका गलत वा अपूरो प्रतिक्रियालाई सुधारेर पूर्ण बनाइदिँदै गरिएको प्रस्तुतिलाई वर्ग ७ र विषयवस्तु /शब्दशब्दावली /सन्दर्भ / शीर्षकमा आधारित छलफललाई वर्ग ५ मानिन्छ ।

१३. शिक्षक कक्षाकोठामा पस्दा विद्यार्थीले अभिवादन गरेको, शिक्षक कक्षामा प्रवेश गरिसकेपछि कक्षामा भित्र आउनका लागि विद्यार्थीले अनुमति मागेको, एक्सक्युउज (कृपया) सर भनेको, हात उठाएकोमा शिक्षकले ती कुरा स्वीकार गरेको, कक्षाबाट बाहिरिदा धन्यवाद शब्दको प्रयोग गरिएको भाषिक जस्ता क्रियाकलापलाई कोड प्रदान गरिदैन ।

१४. शिक्षकले शब्दोच्चारण गरेका, सस्वर पठन गरेको तथा लय वाचन गरेको र शिक्षण पाटीमा लेखेको कार्यलाई वर्ग ५ (व्याख्यान) मानिएको छ भने विद्यार्थीले तीकार्यहरू गरेकोलाई वर्ग ८ (विद्यार्थीका विचार-प्रतिक्रिया) कोड दिइन्छ ।

१५. क्रियाकलाप सञ्चालनका क्रममा कुनै एक प्रतिक्रिया तीन सेकेन्डसम्म एक कोड प्रदान गर्ने र सोही प्रतिक्रियाले निरन्तरता पाएको खण्डमा प्रति तीन सेकेन्डमा कोड थप गर्दै गणना गर्ने । यसका लागि सकेसम्म गणना घडी (स्टपवाच) को प्रयोग गर्नु राम्रो हुन्छ ।


१६. कक्षामा पढाइने विषयमा आधारित रही गरिएका मुख्य छलफलको समय रहेको २० मिनेटको कार्यकलापलाई रेकर्डिङ गरी जम्मा १२०० सेकेन्ड भित्र घटित हुने ४०० वटा कोड रहन आउने क्रियाकलाप हुने गरी गणना गर्ने प्रचलन रहेको छ ।

१७. फ्लेन्डरको अन्तर्क्रिया कोडिङ पद्धतिअनुरूप वर्ग १० वाट सुरू गरी वर्ग १० मा अन्त्य भएको मानी कोडिङ गर्नुपर्छ ।

माथिका नियमका आधारमा कोड गर्दा कक्षा अर्न्तक्रियाको विश्लेषण वस्तुपरक, विश्वसनीय बन्दछ । यि नियमहरू अडियो भिडियो रेकर्डबाट अन्तर्क्रियाका प्रविधिहरूको प्रयोग बारे अध्ययन गर्ने उपाय हो । यसले अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गरी शिक्षक र विद्यार्थीको भूमिकालाई गणना गर्ने साधन (टुल) हो । यसबाट कक्षामा शिक्षक र विद्यार्थीको भूमिका के कति र कुनरूपमा रहेको भन्ने कुरा पहिल्याउन सकिन्छ । कोडहरूको निर्माण पछि मेट्रिक्सको प्रयोगबाट शिक्षक कथन, विद्यार्थी कथन, कक्षा शिक्षणमा प्रयोग गरिएका अन्तर्क्रियाका श्रेणीहरू, तिनको मात्रात्मक आँकडा पहिचान गरिन्छ ।

## २.३ अवधारणात्मक खाका

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली शिक्षणको शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययनलाई कार्यलाई निम्न ढाँचामा सम्पन्न गरिएको छ :



माथिको अवधारणात्मक खका अनुसार कक्षामा अन्तर्क्रिया पद्धतिको पहिचा, अन्तर्क्रियाको विश्लेषण र अन्तर्क्रियाका समस्या र समाधानका उपायहरू पहिचान गर्न विभिन्न तथ्याङ्क सङ्कलनका साधमा अडियो, भिडियो, रेकर्डर, शिक्षक प्रश्नावली र विद्यार्थी प्रश्नावलीबाट सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनमा कक्षा कार्यकलापको रेकर्डिङका आधारमा प्राप्त सूचनालाई कोडिङ, तालिकीकरण गरिएको छ । जसमा सबैभन्दा बढी फ्लेन्डरको अन्तर्क्रिया मेट्रिक्स (डिकोडिङ) का आधारमा सारको संश्लेषण गरी यस शोधको विश्लेषण गरिएको र त्यस सिद्धान्तका आधारमा निष्कर्ष निकालिएको छ ।

# अध्याय : तीन
# अनुसन्धान विधि र प्रक्रिया

## ३.१ अनुसन्धानको ढाँचा

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाको अध्ययन गरिएको छ । यस अध्ययनमा आवृत्ति, प्रतिशत गणना गरिए पनि त्यसलाई व्याख्या विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ । यसर्थ प्रस्तुत अध्ययन मूलतः गुणात्मक ढाँचाको रहेको छ । यसका लागि कक्षा सातमा गरिएको नेपाली विषय शिक्षणको रेकर्ड, शिक्षक र विद्यार्थीसँग गरिएको प्रश्नावलीबाट सामग्री सङ्कलित गरिएको छ । सङ्कलित सामग्रीलाई फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिका आधारमा विश्लेषण गरी निष्कर्ष प्राप्त गरिएको छ । यसका साथै प्रश्नावलीमा प्राप्त प्रतिक्रियाको संश्लेषण गरी निष्कर्ष पहिल्याइएको छ ।

## ३.२ जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत शोधकार्य सुर्खेत जिल्लाका सम्पूर्ण शिक्षकहरूले कक्षा सातको नेपाली विषय पढाउने क्रममा गरेका सम्पूर्ण कक्षा शिक्षकलाई जनसङ्ख्याका रूपमा लिइएको छ । यसबाट सम्भावनारहित अन्तर्गत उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी पाँच विद्यालयका १० जना शिक्षकको कक्षा शिक्षणलाई नमुनाका रूपमा छनोट गरिएको छ । यसका साथै यही विधिको प्रयोग गरी गहन अन्तर्वार्तामा प्रतिक्रिया जनाउन पाँच जना शिक्षक र ती कक्षाका पचास जना विद्यार्थीको छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत अध्ययन कक्षा सातमा नेपाली शिक्षण गर्दा गरिने अन्तर्क्रियाको अध्ययन सम्बन्धी शाब्दिक किसिमका तथ्याङ्क लिइएको हुँदा यो अध्ययन प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्मा आधारित छ । यस अध्ययनमा उपयोग गरिएको तथ्याङ्क गुणात्मक र परिमाणात्मक दुबै किसिमको भएपनि यो अध्ययन भने गुणात्मक प्रकृतिको छ । यसमा प्रयोग गरिएका गणितीय आँकडालाई तथ्यको व्याख्या गर्नका लागि उपयोग गरिएको छ । यसमा तार्किक व्याख्याका

लागि गणितीय तथ्याङ्कहरु सहायक बनेका छन् । जसका आधारमा नै अध्ययनको निष्कर्ष पहिल्याइएको छ। यस अध्ययनमा निम्नलिखित स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ :

(अ) **प्राथमिक स्रोत**

यस अध्ययनमा कक्षा रेकर्ड, गहन अन्तर्वार्ताबाट प्राप्त सामग्री प्राथमिक स्रोतका रुपमा रहेका छन् । शोधार्थी सम्बन्धित क्षेत्रमागई कक्षा सातमा नेपाली शिक्षण गर्दाको कक्षा अवलोकन र त्यसको रेकर्ड गरिएको छ । साथै शिक्षक र विद्यार्थीसँग गहन अन्तर्वार्ताका लागि मिश्रित प्रश्नावलीको उपयोग गरिएको छ। शिक्षक र विद्यार्थीलाई गहन अन्तर्वार्ताका लागि प्रश्नावली सहयोगी साधनका रुपमा उपयोग गरिएको छ । जसका आधारमा प्रतिक्रिया जनाउन लगाइ आवश्यक सूचना सङ्कलन गरिएको छ।

(आ) **द्वितीय स्रोत**

यस अध्ययनमा पूर्वकार्यको समीक्षामा उल्लेख गरिएका शोधपत्र, लेख रचनाहरु, सम्बन्धित पुस्तकलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत अध्ययनका क्रममा सामग्री सङ्कलनका लागि निर्धारण गरिएको अडियो भिडियो रेकर्डरको गुणस्तर र रेकर्ड क्षमताको जाँच गरिएको छ । जसका लागि आवश्यक समयावधि सम्मको भिडियो रेकर्ड गरि त्यसको गुणस्तर हेरिएको छ । जसबाट यस सामग्रीले कक्षा शिक्षणको रेकर्ड सही किसिमले गर्नसक्छ भन्ने आधार तयार गरिएको छ। शिक्षक र विद्यार्थीसँग गरिने अन्तर्वार्ताका लागि निर्माण गरिएका प्रश्नावलीको पूर्व परीक्षण गरिएको छ। जसका लागि दुई जना शिक्षक र पाँच जना विद्यार्थीसँग अन्तर्वार्ता लिइएको छ । जसका आधारमा अन्तर्वार्ताको तरिका र प्रयोग गरिएका साधनहरुमा संशोधन र आवश्यक परिमार्जन गरिएको छ । यसका साथै अन्तमा शोध निर्देशक तथा विषयविशेषज्ञको सल्लाहलाई पनि समेटिएको छ । जसका आधारमा तथ्याङ्क सङ्कलनका साधनहरुको आवश्यकता अनुसार सुधार पश्चात ती सामग्रीको मानकीकरण गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

आधारभूत तह कक्षा सातमा नेपाली शिक्षण गर्दा गरिने अन्तर्क्रियाको अध्ययनमा कक्षामा शिक्षण गर्ने शिक्षकहरूले अपनाइएका अन्तर्क्रियाको अध्ययन गर्न देहायका विधिहरूको उपयोग गरिएको छ :

### (क) क्षेत्रीय अध्ययन विधि

यस अध्ययनमा अनुसन्धानकर्ता स्वयम् नमुना छनोटमा परेका शिक्षक कार्यरत विद्यालयमा गई कक्षा अवलोकन र रेकर्ड गरी तथ्याङ्क सङ्कलन गरिएको छ । आधारभूत तह कक्षा सातमा अन्तर्क्रियाको अध्ययनका क्रममा प्रयोगमा ल्याइएका अन्तर्क्रिया, अन्तर्क्रियात्मक कार्यकलाप गराउने तौरतरिका, उक्त क्रममा आइपरेका समस्याको जानकारी र ती समस्याको निदानका लागि अपनाउन सकिने उपायको खोजी शिक्षक विद्यार्थीसँग प्रतिक्रिया मागिएको छ । प्राप्त तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी निष्कर्षको खोजी गरिएको छ ।

### (ख) पुस्तकालयीय विधि

यस अध्ययनमा पुस्तकालयीय विधिद्वारा भाषा पाठ्यपुस्तकमा समावेश व्याकरण शिक्षण क्रमका लागि तय गरिएका अध्ययन सामग्रीहरूलाई अध्ययनको आधार बनाइएको छ ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत शाोध अध्ययनमा प्राथमिक स्रोतबाट प्राप्त तथ्याङ्कलाई वर्णनात्मक अध्ययन विधिका आधारमा विभिन्न शीर्षक र उपशीर्षकमा राखी तार्किक विश्लेषण गरिएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

यस अध्ययन प्रतिवेदनको ढाँचा निम्नानुसार रहेको छ :

### (क) पूर्व भाग

यस शोध प्रतिवेदनको पूर्व भागमा आवरण पृष्ठ, मुख पृष्ठ, प्रतिबद्धता पत्र, सिफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञाता ज्ञापन, शोधसार, विषयसूची, तालिका सूची, चिन्ह सूची र सङ्क्षिप्त सूची रहेका छन् ।

(ख) मूलभाग

यस अध्ययन प्रतिवेदनको मूल भागमा अनुसन्धान कार्यको सम्पूर्ण विवरण अनुसार अध्याय एकमा शोध परिचय खण्ड, अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा, अध्याय तीनमा अनुसन्धान विधि र प्रक्रिया, अध्याय चारमा तथ्याङ्कको व्याख्या विश्लेषण र अध्याय पाँचमा निष्कर्ष तथा सुझाव खण्ड रहेका छन् ।

(ग) उत्तर भाग

यस शोध प्रतिवेदनको उत्तर भागमा सन्दर्भ सूची, परिशिष्ट र व्यक्तिवृत्त रहेको छ । माथिको स्वरुप र ढाँचामा यस अध्ययनको आदिदेखि अन्त्यसम्म भए गरिएका समग्र कार्य प्रक्रियालाई सम्पन्न अवस्थामा पुऱ्याइएको छ ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली शिक्षण गर्दा शिक्षकले उपयोग गरेका अन्तर्क्रिया पद्धतिको खोजी, तिनको विश्लेषण र उक्त क्रममा आइपरेका समस्याको पहिचानका लागि विभिन्न स्रोत साधनका आधारमा सङ्कलित सामग्रीलाई स्थापित सिद्धान्त, प्रश्नावलीमा प्राप्त प्रतिक्रियाको सार ग्रहण जस्ता कार्यका आधारमा व्याख्या विश्लेषण निम्नअनुसार रहेको छ :

## ४.१ कक्षा सातमा नेपाली विषय शिक्षण गर्दा अपनाइएका अन्तर्क्रिया पद्धति

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सुर्खेत जिल्लाका उपत्यका भित्रका ५ वटा विद्यालयका कक्षा सातमा अध्ययनरत ५० जना विद्यार्थी र नेपाली भाषा शिक्षण गर्ने ५ जना नेपाली शिक्षकहरूसँग गहन अन्तर्वार्ता लिइएको छ । जसका लागि मिश्रित प्रश्नावलीको उपयोग गरिएको छ । साथै शिक्षकका कक्षा शिक्षणहरूको रेकर्डिङका आधारमा प्राप्त गरिएका तथ्याङ्कहरूलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थिति

प्रस्तुत शोध अध्ययनका क्रममा कक्षामा सहभागिताको अवस्थाका सम्बन्धमा शिक्षकलाई सोधिएको अवस्थाका सम्बन्धमा सोधिएको प्रश्नावली अनुसार प्रश्न नं. ३ मा सोधिएको प्रश्न तपाईले कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थी सहभागिताको अवस्था के कस्तो पाउनु भयो ? भनी सोधिएको प्रश्न सम्बन्धी प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं.१

कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थिति

| क्र.सं. | सहभागिता | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सक्रियता | ९ | ९० |
| २ | निस्क्रियता | - | - |
| ३ | उत्तेजनामूलक | - | - |
| ४ | सहभागितामा वृद्धि | १ | १० |
| | जम्मा | १० | १०० |

माथिको तालिका अनुसार यस अध्ययनमा सहभागी भएका १० जना नेपाली शिक्षण गर्ने शिक्षकहरूको कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थितिको अध्ययन गर्दा ९० प्रतिशत शिक्षकले सक्रियता पूर्वक सहभागिता हुने गरेको धारणा दिएका छन् र १० प्रतिशत शिक्षकले सहभागितामा वृद्धि हुने गरेको बताएका छन् । यसरी यस आधारमा कक्षा सातमा नेपाली शिक्षण गर्दा अन्तर्क्रिया प्रयोग गर्दा विद्यार्थीको सहभागितामा वृद्धि हुने भएकाले अन्तर्क्रिया मार्फत शिक्षण गर्नु उपयुक्त रहेको प्रतिक्रिया दिएका छन् ।

कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीहरू नियमिता बढाउन कक्षामा शिक्षण सिकाइका रचनात्मक क्रियाकलाप, बालमैत्री वातावरणको व्यवस्था, रूचि अनुसारको शिक्षण विधि गर्नु आवश्यक हुने गर्दछ । यस आधारमा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागीता नियमित गरिनु पर्ने देखिन्छ । यसरी कक्षामा नेपाली भाषा शिक्षण गर्दा सक्रियता मूलक रूपमा विद्यार्थीहरू सहभागि हुने भएकाले नेपाली भाषा शिक्षणमा अन्तर्क्रिया बढी प्रभावकारी रहेको छ । शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन रचनात्मक क्रियाकलापमा जोड दिनुका साथै शिक्षकले पाठको सन्दर्भ दिएर कक्षा सञ्चालन गर्न सकेको खण्डमा विद्यार्थीमा विषयवस्तुप्रति कौतुहलता बढी अन्तर्क्रियामा विद्यार्थी सहभागिता बढ्ने देखिन्छ ।

### ४.१.२ शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा

प्रस्तुत अध्ययनमाकक्षा सातमा नेपालीभाषा शिक्षणका क्रममा प्रयोग गरिएका शिक्षक विद्यार्थी अन्तर्क्रियाका सम्बन्धीकक्षा सातका जम्मा ५० जना विद्यार्थीहरूलाई प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । जसमा उक्त सोधिएका विद्यार्थीका प्रश्नावलीको प्रश्न नं. ८ मा सोधिएको प्रश्न कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल कस्तो लाग्छ ? भन्ने प्रश्नबाट आएको प्रतिक्रियालाई निम्नानुसार तालिकीकरण गरिएको छ :

तालिका नं.२

**शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा**

| क्र.सं. | सिकाइमा भएको परिवर्तन | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सुहाउँदो लाग्छ | २ | ४ |
| २ | आकर्षक लाग्छ | ७ | १४ |
| ३ | झन्झटिलो लाग्छ | २० | ४० |
| ४ | रमाइलो लाग्छ | २१ | ४२ |
| | जम्मा | ५० | १०० |

माथिको तालिका अनुसार कक्षा सातका ५० जना विद्यार्थी मध्ये  नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाका सम्बन्धमा ४ प्रतिशत विद्यार्थीमा सुहाउँदो लाग्ने गरेको, १४ प्रतिशत विद्यार्थीमा आकर्षक लाग्ने गरेको, ४० प्रतिशत विद्यार्थीमा झन्झटिलो लाग्ने गरेको र ४२ प्रतिशत विद्यार्थीमा रमाइलो लाग्ने गरेको पाइयो ।

कक्षामा अन्तर्क्रिया गर्दा विद्यार्थी शिक्षकका बिचमा उपयुक्त सिकाइको वातावरण हुनु आवश्यक हुन्छ । जसमा रमाइलो अनुभूति हुने खालका कार्यकलापहरू गरी सिकाइ आकर्षक र रोचक बनाइनु पर्दछ । जसमा विभिन्न चुट्किला, लघु कथा र उमेर र स्तर अनुसारका विविध रमाइला अनुभूति गरेर पनि कक्षाको अन्तर्क्रिया प्रभावकारी बनाइनु पर्दछ । यस अध्ययनमा कक्षामा अन्तर्क्रिया गर्दा शिक्षकले रमाइलो अनुभूतिका क्रियाकलाप कक्षामा प्रस्तुत नगरेकाले विद्यार्थीहरूले अन्तर्क्रिया गर्दा झन्झटिलो पनि मानेका छन् । विद्यार्थीले सुहाउँदो र आकर्षक कक्षाको अनुभुति मानेका छैनन् । यसरी विद्यार्थीको धारणा अनुसार कक्षामा अन्तर्क्रिया गराउँदा विद्यार्थी र शिक्षकमा रमाइलो किसिमले सिकाइ हुने गरेकाले पनि नेपाली भाषा शिक्षणका क्रममा अर्न्तक्रिया गर्नु प्रभावकारी हुने देखिन्छ ।

### ४.१.३ कक्षामा गरिएका अन्तर्क्रियाहरू

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली शिक्षणका क्रममा प्रयोग गरिएका अन्तर्क्रियाका विधिहरू पहिचान गर्न कक्षा शिक्षणको विश्लेषण, शिक्षक र विद्यार्थीले प्रश्नावलीमा जनाइएको प्रतिक्रिया जस्ता तथ्याङ्कको सङ्कलन गरिएको थियो ।

अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका शिक्षकलाई सोधिएका प्रश्नावलीमध्ये प्रश्न नं. २ मा तपाईले कक्षामा कस्ता किसिमका अन्तर्क्रिया गराउनुहुन्छ भन्ने प्रश्नानुसार शिक्षकबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. ३**

**कक्षामा गरिने अन्तर्क्रियाका प्रकार**

| क्र.सं. | विद्यालय | अन्तर्क्रियाका प्रकार | कैफियत |
|---|---|---|---|
| १ | अमरज्योति नमुना मा.वि. का शिक्षक | समूहगत, सिर्जनात्मक अभ्यास, समूह समूहगत, सस्वर वाचन, कथाकथन | |
| २ | नेपाल राष्ट्रिय मा.वि. खजुराका शिक्षक | शिक्षक विद्यार्थी बीचको छलफल, सहभागितामूलक शिक्षण | |
| ३ | सूर्योदय बोर्डिङ स्कुलकाशिक्षक | पाठगत प्रश्नोत्तर, सामूहिक छलफल, कठिन शब्दको उच्चारण, प्रदर्शन विधि | |
| ४ | ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षक | छलफल प्रक्रिया, प्रश्नोत्तर प्रक्रिया, वाचन प्रक्रिया | |
| ५ | प्यारागन एकेडेमी पब्लिक स्कुलका शिक्षक | छलफल, प्रश्नोत्तर, वाचन | |

माथिको तालिका अनुसार यस अध्ययनमा सहभागी भएका जम्मा ५ जना नेपाली विषयका शिक्षकहरूलाई सोधिएको प्रश्नावली अनुसार कक्षामा गरिने अन्तर्क्रियाका प्रकारहरूमा श्री अमरज्योति नमुना मा.वि.मा समूहगत, सिर्जनात्मक अभ्यास, समूह समूहगत, सस्वर वाचन, कथा कथन जस्ता अन्तर्क्रिया प्रयोग गर्दै आएको बताएका थिए । यसका साथै नेपाल राष्ट्रिय

मा.वि. खजुरा विद्यालयमा प्रयोग गरिएका अन्तर्क्रियाहरूमा शिक्षक विद्यार्थी बीचको छलफल, सहभागिता मूलक शिक्षण जस्ता अन्तर्क्रियाको प्रयोग गरिदै आएको जवाफ दिएका थिए । सूर्योदय बोर्डिङ स्कुलका शिक्षणका क्रममा प्रयोग गरिएका अन्तर्क्रिया पाठगत प्रश्नोत्तर, सामूहिक छलफल, कठिन शब्दको उच्चारण, प्रदर्शन विधि जस्ता प्रक्रियाहरू गर्दै आएको बताएका थिए जुन उक्त विद्यालयमा प्रयोग गरिएका अन्तर्क्रियाहरू प्रभावकारी रहेका छन् । यसैगरी ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षकहरूले अपनाइएका अन्तर्क्रिया मध्ये छलफल प्रक्रिया, प्रश्नोत्तर प्रक्रिया, वाचन प्रक्रिया जस्ता अन्तर्क्रिया प्रयोग गर्दै आएको बताएका छन् भने प्यारागन एकेडेमी पब्लिक स्कुलका शिक्षकले अपनाइएका अन्तर्क्रियालाई अध्ययन गर्दा छलफल, प्रश्नोत्तर, वाचन जस्ता अन्तर्क्रियाको प्रयोग गरेको जवाफ दिएका छन् ।

यसरी माथि उल्लेखित विभिन्न शिक्षकहरूले कक्षा सातमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने अन्तर्क्रियाहरूमा समूहगत, सिर्जनात्मक अभ्यास, समूह समूहगत, सस्वरवाचन, कथा कथन, छलफल, सहभागितामूलक शिक्षण, कठिन शब्दको उच्चारण, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रिया शिक्षकहरूले कक्षामा प्रयोग बढी गर्दै आएको पाइएको छ ।

### ४.१.४ अन्तर्क्रियात्मक कार्यको प्रयोगको अवस्था

यस अनुसन्धानमा उपयोग गरिएका प्रश्नावली मध्ये विद्यार्थीका प्रश्नावलीको प्रश्न नं. २ मा सोधिएको प्रश्न नेपाली भाषा शिक्षणका क्रममा अन्तर्क्रिया गर्दा के कस्ता अन्तर्क्रिया गराउनुहुन्छ ? भन्ने प्रश्नबाट आएको तथ्याङ्कलाई निम्नानुसार तालिकीकरण गरिएको छ :

**तालिका नं.४**

**अन्तर्क्रियात्मक कार्यको प्रयोगको अवस्था**

| क्र.सं. | अन्तर्क्रिया | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समूहमा छलफल | १२ | २४ |
| २ | पाठगत प्रश्नोत्तर | २४ | ४८ |
| ३ | सामूहिक छलफल | ११ | २२ |
| ४ | कठिन शब्दको उच्चारण | ३ | ६ |
| | जम्मा | ५० | १०० |

माथिको तालिका अनुसार कक्षा सातमा अन्तर्क्रियाको प्रयोगको अवस्थाका सम्बन्धमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा २४ प्रतिशत शिक्षकले अन्तर्क्रिया कार्यको प्रयोग समूहमा छलफल गर्ने गरेको धारणा दिएका छन् । त्यसैगरी ४८ प्रतिशत शिक्षकले कक्षामा अन्तर्क्रिया गर्दा पाठगत प्रश्नोत्तर प्रयोग गर्ने गरेको देखियो जसले कक्षामा पाठभित्रका विभिन्न विषयवस्तु स्पष्ट हुने देखिन्छ । २२ प्रतिशत शिक्षकले सामूहिक रूपमा छलफल गर्ने गरेको देखियो भने ६ प्रतिशत शिक्षकले कक्षामा कठिन शब्दको उच्चारण जस्ता अन्तर्क्रियात्मक कार्यको प्रयोग गर्दै आएको देखियो ।

कक्षामा अन्तर्क्रिया गर्दा गर्दा पाठगत प्रश्नोत्तर अन्तर्क्रियालाई बढी जोड दिनुपर्ने देखिन्छ । पाठमा भएका विभिन्न क्रियाकलापलाई समूहमा विभाजन गरी कक्षामा विद्यार्थीको सक्रियता बढाइ अन्तर्गक्रिया गराउनु उपयुक्त हुने गर्दछ । प्रस्तुत अध्ययनमा कक्षामा प्रश्नावली अन्तर्क्रियाको बढी प्रयोग गरी शिक्षण गरेका उपयुक्त रहेको छ । उक्त अन्तर्क्रिया अनुसार विद्यालयमा कठिन शब्दको उच्चारण गर्दा विद्यार्थी शब्दभण्डारको विकास हुने र पाठका विषयवस्तु अनुसारका शब्दको उच्चारणको प्रयोगमा वृद्धि हुने देखिन्छ । कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिएको अन्तर्क्रियात्मक कार्यमा सबैभन्दा बढी शिक्षकले कक्षा पाठगत प्रश्नोत्तर गर्ने गरेको देखियो ।

### ४.१.५ भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया र विधिको प्रयोग

प्रस्ततु अध्ययनमा समावेश गरिएका १० जना शिक्षकलाई सोधिएका प्रश्नावलीमध्ये प्रश्न नं. ४ मा सोधिएको प्रश्न तपाई कक्षामा अन्तर्क्रिया गर्दा भाषिक सिपसँग सम्बन्धित के कस्ता क्रियाकलाप र विधिको प्रयोग गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नबाट आएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं.५**

**भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया र विधिको प्रयोग**

| क.सं. | अन्तर्क्रियाका विधि | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छलफल विधि | १० | १०० |
| २ | प्रश्नोत्तर विधि | - | - |
| ३ | समस्या समाधान विधि | - | - |
| ४ | प्रदर्शन विधि | - | - |
| | जम्मा | १० | १०० |

माथिको तालिका अनुसार भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया र विधिको प्रयोग सम्बिन्धी अन्तर्क्रियाको अध्ययन गर्दा छलफल, प्रश्नोत्तर, समस्या समाधान र प्रदर्शन विधिको प्रयोगमा अध्ययनका छनोटमा परेका सबै १० जना शिक्षक वा शत प्रतिशत शिक्षकले छलफल विधिको प्रयोग गरेको देखियो भने अन्य प्रश्नोत्तर, समस्या समाधान, प्रदर्शन विधि प्रयोगमा कमी रहेको देखियो ।

माथिको तथ्याङ्क अनुसार छलफल विधिको प्रयोग सबै शिक्षकले गरेकाले शिक्षणमा छलफल विधिलाई बढी मात्रामा प्रयोग ल्याउने गरेको पाइयो । समस्या समाधान विधिको प्रयोग गरिएको छैन जसले गर्दा प्रश्नोत्तर विधि र प्रदर्शन विधि प्रयोग नगरिनुले पनि विद्यार्थीको कक्षामा गरिने अन्तर्क्रियामा बढी सक्रियता रहने गरी प्रश्नोत्तर विधि प्रयोग गरिनु पर्ने देखिन्छ । यसरी विद्यार्थी प्रत्यक्ष रूपमा सहभागी हुने हुँदा अन्तर्क्रियात्मक क्रियाकलाप बढी रहेको देखिन्छ । पाठको प्रकृतिअनुसार प्रदर्शन विधि, समस्या समाधान विधिलाई उपयोग गर्न सके अपेक्षित लक्ष्य हासिल हुने देखिन्छ । यसरी कक्षामा नेपाली शिक्षणका क्रममा भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया अन्तर्गत छलफल विधि सबै प्रभावकारी हुने भएकाले शिक्षकहरूले बढी प्रयोग गर्दै आएको देखियो ।

### ४.१.६ कक्षामा बढी प्रयोगमा आएका अन्तर्क्रिया

यस अध्ययनमा समावेश गरिएका कक्षा सातका जम्मा ५० जना विद्यार्थीहरूलाई प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । जसमा उक्त सोधिएका विद्यार्थीका प्रश्नावलीको प्रश्न नं. ६ मा तपाईको शिक्षकले कक्षामा कस्ता कस्ता अन्तर्क्रियालाई बढी जोड दिनुहुन्छ ? भनी सोधिएको प्रश्नबाट आएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ६**

**कक्षामा बढी प्रयोग अन्तर्क्रिया**

| क.सं. | विद्यालयको नाम | अन्तर्क्रिया | कैफियत |
|---|---|---|---|
| १ | अमरज्योति नमुना मा.वि.का शिक्षक | पढाएको बुझाउने, प्रश्न सोध्ने, अनुशासनमा बस्ने, शब्द उच्चारण गर्ने | |
| २ | नेपाल राष्ट्रिय मा.वि. खजुराका शिक्षक | लेख्ने कुरामा, पढ्ने कुरामा, बोल्ने कुरामा, नजानेका कुरा सोध्ने कुरामा | |
| ३ | सूर्योदय बोर्डिङ स्कुलका शिक्षक | सुनाइ तथा बोलाइ, छलफल, प्रदर्शन विधि, वाचन प्रक्रिया | |
| ४ | ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षक | छलफल अन्तर्क्रिया, वाचनक्रिया, सिर्जनात्मक क्रिया | |
| ५ | प्यारागन एकेडेमी पब्लिक स्कुलका शिक्षक | राम्रोसँग पाठ पढ्न, अभ्यासहरू गर्न | |

माथिको तालिका अनुसार कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिने अन्तर्क्रिया मध्ये कक्षामा सबैभन्दा बढी जोड दिने अन्तर्क्रियामा सम्बन्धी विद्यार्थीले दिएको प्रतिक्रिया अनुसार श्री अमरज्योति माध्यमिक विद्यालयका विद्यार्थीले दिएको प्रतिक्रियामा शिक्षकले पढाएको बुझाउने, प्रश्न सोध्ने, अनुशासनमा बस्ने, शब्दउच्चारण गर्ने, जस्ता अन्तर्क्रियामा जोड दिने गरेको बताएका छन् । त्यसैगरी नेपाल राष्ट्रिय मा.वि. खजुराका विद्यार्थीको प्रतिक्रिया अनुसार शिक्षकले लेख्ने कुरामा, पढ्ने कुरामा, बोल्ने कुरामा, नजानेका कुरा सोध्ने कुरामा जोड दिएको प्रतिक्रिया दिएका छन् भने सूर्योदय बोर्डिङ स्कुलका शिक्षकले सुनाइ तथा बोलाइ,

छलफल, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रियामा जोड दिएको पाइयो र ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षकले कक्षामा शिक्षण गर्दा छलफल अन्तर्क्रिया, वाचनक्रिया, सिर्जनात्मक क्रियाको प्रयोग गर्दै आएको बताएका छन् र प्यारागन एकेडेमी पब्लिक स्कुलका शिक्षकले राम्रोसँग पाठ पढ्न, अभ्यासहरू गर्न जस्ता अन्तर्क्रियामा बढी जोड दिएको प्रतिक्रिया दिएका छन् ।

यसरी माथि उल्लिखित विभिन्न विद्यालयका नेपाली शिक्षकहरूले कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रियात्मक कार्यहरू गर्ने गरेको देखिन्छ । जसमा प्रश्न सोध्ने, अनुशासनमा बस्ने, शब्द उच्चारण गर्ने, लेख्ने कुरामा, पढ्ने कुरामा, बोल्ने कुरामा, नजानेका कुरा सोध्ने, छलफल, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रियामा जोड दिएको पाइयो ।

### ४.१.७ भाषिक सिप सम्बन्धी अन्तर्क्रियाको प्रयोगको अवस्था

यस अध्ययनमा समावेश गरिएका कक्षा सातका जम्मा ५० जना विद्यार्थीहरूसँग गहन अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । जसमा उक्त सोधिएका विद्यार्थीका प्रश्नावलीको प्रश्न नं. ५ मा सोधिएको प्रश्न नेपाली भाषा शिक्षणका क्रममा अन्तर्क्रिया गर्दा भाषिक सिपसँग सम्बन्धित कस्ता अन्तर्क्रिया गराउनुहुन्छ ? भन्ने प्रश्नबाट आएको तथ्याङ्कलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

**तालिका नं.७**

**भाषिक सिप सम्बन्धी अन्तर्क्रियाको प्रयोगको अवस्था**

| अमरज्योति मा.वि.का विद्यार्थीको प्रतिक्रिया |
|---|
| ● पाठसँग सम्बन्धितभाषा<br>● कठिन शब्दलाई उच्चारण<br>● प्रश्नउत्तर बारे छलफल<br>● छलफल, वाचन, सिर्जनात्मक |

- प्रश्नोत्तर छलफल, वाचनप्रक्रिया
- छलफल तथा अन्तर्क्रिया, प्रश्नोत्तर लेखन, अन्तर्क्रिया विधि, प्रदर्शन विधि
- सिर्जनात्मक अभ्यास, वाचन प्रक्रिया, प्रश्नोत्तर लेखन, छलफल तथा अन्तर्क्रिया
- छलफल प्रश्नोत्तर, वाचनप्रक्रिया, प्रश्नोत्तर लेखन, समूहमा छलफल
- पाठको विषयमा छलफल, पाठगत प्रश्नोत्तर, सिर्जनात्मक अभ्यास, अन्तर्क्रिया विधि ।
- भाषा सिपसँग संवाद बनाउनहुन्छ, प्रश्नउत्तर लेखाइ र सोधाइ, छलफल
- प्रश्नउत्तर सोध्ने, सबै कक्षा कोठामा छलफल, आदि किताबबाट र आदि बाहिर, सल्लाह सुझाव गरेर पढाउनुहुन्छ ।
- पाठ अनुसार छलफल गराउनुहुन्छ, कठिन शब्दहरूलाई उच्चारण गर्नुहुन्छ, प्रश्न उत्तरबारे छलफल, भाषा सम्बन्धी सिकाउनुहुन्छ ।

**नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीको प्रतिक्रिया**

- बहुबैकल्पिक, छोटा र खाली ठाउँ भर्ने प्रश्नहरू ।
- बुझाएर पढाउनुहुन्छ, पाठ पढ्ने बेलामा राम्रो पढाउनुहुन्छ ।
- रमाइलो गराउनुहुन्छ, हामीले बोलेको कुरा शिक्षकले बुझ्नुहुन्छ ।
- सिर्जनात्मक अभ्यास, प्रश्नोत्तर, दैनिक रूपमा अभ्यास गराउनुहुन्छ, छलफल तथा अन्तर्क्रिया ।
- हामीलाई नेपाली भाषा लेखन सिप सिक्छौ, हामीले नजानेको कुरा मिसले सिकाउनुहुन्छ, सर आएमा हामी हल्ला गर्दैनौ, हामी बेन्चमा बसेर पाठको छलफल गर्छौं ।
- छलफल गराउनुहुन्छ । प्रश्न उत्तर गराउनुहुन्छ । वाचन प्रक्रिया गराउनुहुन्छ । हामीले नजोको सिकाउनु हुन्छ ।
- छलफल तथा अन्तर्क्रिया, सर्जनात्मक अभ्यास, प्रश्नोत्तर लेखन, वाचन प्रक्रिया ।
- छलफल तथा अन्तर्क्रिया, प्रश्नोत्तर लेखन, सिर्जनात्मक अभ्यास, वाचनप्रक्रिया ।
- सिर्जनात्मक अभ्यास, कठिन प्रश्नउत्तर, साथीसँग छलफल, क्रिया, पाठ अध्ययन, सिर्जनात्मक अभ्यास, वाचनप्रक्रिया, कठिन शब्दको उच्चारण, प्रश्नोत्तर लेखन

| |
|---|
| • पाठका प्रश्नहरू सोध्ने, कठिन शब्दका अर्थ सोध्ने, कहिलेकाही वाचन गर्ने, पाठ पढ्न सिकाउने ।<br>• प्रश्नउत्तर प्रक्रिया, पाठगत प्रश्नोत्तर, छलफल गराउन हुन्छ र दैनिक रूपमा गराउन हुन्छ । |
| **ब्राइटल्यान्ड एकेडेमी स्कुलका विद्यार्थीको प्रतिक्रिया** |
| • बुझ्ने गरी पढाउनुहुन्छ ।<br>• प्रश्नोत्तर बुझिन्छ, पाठ पढाउदा बुझिदैन ।<br>• बुझिने खालको पढाउनुहुन्छ, हाउभाउ, नम्र, साग पढाउनुहुन्छ ।<br>• पाठ अनुसार स्पष्ट बुझाउनुहुन्छ । र प्रश्नउत्तरमा स्पष्ट छलफल गराउनुहुन्छ ।<br>• राम्ररी बुझिन्छ, शिक्षकले हामीलाई पढाउदा रमाइलो लाग्छ ।<br>• पढाइमा जोड, लेखाइमा जोड ।<br>• पाठ अनुसार छलफल, एउटा प्रश्नोत्तर छलफल ।<br>• बुझिने खालको पढाउनुहुन्छ, हाउभाउ नम्रसँग पढाउनुहुन्छ । |
| **सूर्योदय बोर्डिङ स्कुलका विद्यार्थीको प्रतिक्रिया** |
| • छलफल तथा अन्तर्क्रिया, प्रश्नोत्तर, सामूहिक छलफल, पाठगत प्रश्नोत्तर ।<br>• छलफल गराउनुहुन्छ, रमाइलो हुन्छ, राम्रो गराउनुहुन्छ ।<br>• छलफल, सामूहिकविचार विमर्श, प्रश्नोत्तर र सिर्जनात्मक कार्य ।<br>• प्रश्नोत्तर लेखन, छलफल विधि ।<br>• पढ्न लगाउनुहुन्छ, छलफल गराउनुहुन्छ, राम्रोसँग बुझाउनुहुन्छ ।<br>• छलफल तथा अन्तर्क्रिया छलफल विधि, प्रश्नोत्तर विधि, पाठगत प्रश्नोत्तर ।<br>• सामूहिक अन्तर्क्रिया र सिर्जनात्मक अन्तर्क्रिया ।<br>• छलफल विधि, सिर्जनात्मक विधि, प्रश्नोत्तर र सामूहिक विधि ।<br>• छलफल विधि, सिर्जनात्मक अभ्यास, पाठगत प्रश्नोत्तर, कठिन शब्दको उच्चारण ।<br>• छलफल अन्तर्क्रिया, प्रश्नोत्तर अन्तर्क्रिया, सामूहिक अन्तर्क्रिया र सिर्जनात्मक अन्तर्क्रिया । |

| प्यारागन आदर्श पब्लिक एकेडेमीका विद्यार्थीको प्रतिक्रिया |
|---|
| ● रामरी बुझाएर पढाउनुहुन्छ । <br> ● कठिन शब्दको उच्चारण राम्ररी गराउनु हुन्छ र बुझाउनु हुन्छ । <br> ● राम्ररी पढाएर बुझाउनुहुन्छ । <br> ● रमाइलोसँग पढाउनुहुन्छ । <br> ● राम्ररी सुनाएर पढाउनुहुन्छ र पढाइसकेपछि उत्तरहरू बुझाउनु हुन्छ र लेखाउनु हुन्छ । <br> ● राम्ररी बजाएर बनाउनुहुन्छ ररमाइलोसँग पढाउनु हुन्छ । <br> ● स्पष्टसँग पढाउनुहुन्छ र रमाइलोसँग पठाउनुहुन्छ । <br> ● राम्ररी बुझाएर पढाउनु कठिन शब्दको उच्चारण राम्ररी गराउनु हुन्छ । <br> ● कठिन शब्दको उच्चरण राम्ररी बुझाएर पढाउनु हुन्छ । <br> ● राम्ररी बुझाएर पढाउनु कठिन शब्दको उच्चारण राम्ररी गराउनु हुन्छ । <br> ● राम्रोसँग पाठ पढ्न अभ्यासहरू गर्ने । |

माथिको तालिका अनुसार यस अध्ययनमा सहभागी भएका ५० जना विद्यार्थीहरूलाई प्रश्नावली सोधिएको थियो । जसमा ५ वटा विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरू मध्ये श्री अमरज्योति नमुना मा.वि.का कक्षा सातमा अध्ययनरत विद्यार्थीले भाषिक सिप सम्बन्धी गरिएका अन्तर्क्रियाका बारेमा विश्लेषण गर्दा पाठसँग सम्बन्धित भाषा, कठिन शब्दलाई उच्चारण, प्रश्न उत्तरबारे छलफल, वाचन, सिर्जनात्मक, प्रश्नोत्तर छलफल तथा अन्तर्क्रिया, प्रश्नोत्तर लेखन, अन्तर्क्रिया विधि, प्रदर्शन विधि, सिर्जनात्मक अभ्यास, वाचन प्रक्रिया, समूहमा छलफल आदि किताबबाट र आदि बाहिर, सल्लाह सुझाव गरेर पढाउने र पाठ अनुसार छलफल गराउने गरेको र कठिन शब्दहरूलाई उच्चारण गर्ने र प्रश्न उत्तरबारे छलफल, भाषा सम्बन्धी सिकाउने जस्ता भाषिक सिप सम्बन्धी अभ्यासहरू गर्ने गरेको पाइयो । यीअन्तर्क्रियाहरू विषयवस्तु अनुसार कक्षामा शिक्षण गर्ने गरेकाले पनि विद्यार्थीको क्षमता र स्तर अनुकूल नै गर्ने गरेको पाइयो । जसले गर्दा विद्यार्थीहरूमा उत्साहित र सिकाइमा प्रेरणामूलक बन्दै गरेको देखिन्छ ।

नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीको प्रतिक्रिया अनुसार बहुवैकल्पिक, छोटा र खाली ठाउँ भर्ने प्रश्नहरू, बुझाएर पढाउनुहुन्छ, पाठ पढ्ने बेलामा राम्रो पढाउनुहुन्छ ।, रमाइलो गराउनु हुन्छ, हामीले बोलेको कुरा शिक्षकले बुझ्ने, सिर्जनात्मक अभ्यास, प्रश्नोत्तर, दैनिकरूपमा अभ्यास, छलफल तथा अन्तर्क्रिया, सिर्जनात्मक अभ्यास, कठिन प्रश्नउत्तर, साथीसँग छलफल, क्रिया, पाठ अध्ययन, सिर्जनात्मक अभ्यास, वाचन प्रक्रिया, कठिन शब्दको उच्चारण, प्रश्नोत्तर लेखन, पाठका प्रश्नहरू सोध्ने, कठिन शब्दका अर्थ सोध्ने, कहिलेकाही वाचन गर्ने, पाठ पढ्न सिकाउने जस्ता अन्तर्क्रिया गर्ने गरेकाले यस विद्यालयका शिक्षकले भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया गर्ने गरको देखिन्छ । यसरी उक्त विद्यालयमा गरिने दोहोरो अन्तर्क्रिया, उद्देश्य अनुकूल अन्तर्क्रिया, पाठ्यपुस्तकसँग सम्बन्धित अन्तर्क्रिया र शिक्षण क्रम अनुसार अन्तर्क्रिया धेरै राम्रो पाइएकाले भाषिक सिपका आधारमा उपयुक्त रहेका छन् ।

ब्राइटल्यान्ड एकेडेमी स्कुलका विद्यार्थीले दिएको प्रतिक्रिया अनुसार कक्षामा भाषिक सिपको विकास हुने गरी पढाउने गरेको, पाठ अनुसार स्पष्ट बुझिएको र प्रश्न उत्तरमा भने नबुझिने गरेकाले पनि लेखाइ सिपका लागि विद्यार्थीले अन्तर्क्रिया गर्न गाह्रो भएको देखिन्छ । कतिपय कक्षाहरूमा पढाइका बेला रमाइला कहानीले गर्दा भाषिक सिपमा जोड दिएको र कक्षामा गरिने पाठ अनुसारका छलफलले र प्रश्नोत्तरले पनि भाषिक सिपमूलक अन्तर्क्रिया गर्ने गरेकाले उक्त विद्यालयका शिक्षकका भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया प्रभावकरी नै रहेका छन् ।

सूर्योदय बोर्डिङ स्कुलका विद्यार्थीको प्रक्रिया अनुसार कक्षामा शिक्षकले अन्तर्क्रिया गर्दा प्रश्नोत्तर, सामूहिक छलफल, पाठगत प्रश्नोत्तर, विचार विमर्श, सिर्जनात्मक कार्य जस्ता भाषिक सिपसँग सम्बन्धित क्रियाकलाप गर्ने गरेको देखिन्छ । शिक्षण सिकाइका क्रममा शिक्षकले सबैभन्दा बढी प्रश्नोत्तर सम्बन्धीका अन्तर्क्रिया गर्ने गरेको देखियो । शिक्षणका क्रममा सामूहिक विधि, छलफल विधि प्रयोग गरेको पाइन्छ । यस विद्यालयमा विद्यार्थीको रूचि, क्षमता र स्तर अनुसारका भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रिया गरिएको पाइयो ।

प्यारागन आदर्श पब्लिक एकेडेमीका विद्यार्थीको प्रतिक्रिया अनुसार शिक्षकले भाषिक सिप सम्बन्धीका अन्तर्क्रिया गर्दै आएका छन् । अन्तर्क्रिया गर्दा विद्यार्थीले बुझाएर पढाउने गरेको, रमाइलो अनुभूति हुने गरी अन्तर्क्रिया गरेको, कठिन शब्दको उच्चारणमा बुझाएर उच्चारण गर्ने

गरेको प्रतिक्रिया दिएका छन् । कक्षामा पाठ शिक्षणका क्रममा राम्रोसँग अभ्यास गराएर शिक्षण गरेको प्रतिक्रिया रहेको देखिन्छ ।

यसरी यस अध्ययनमा सहभागी गरिएका शिक्षकहरूले नेपाली भाषासँग सम्बन्धित अन्तर्क्रिया उपयुक्त रूपमा प्रयोग गरेका छन् । शिक्षण सिकाइको स्तर अनुसारका शिक्षण विधि र प्रक्रिया अपनाइ विद्यार्थीको भाषिक सिप विकास हुने खालका र शब्दभण्डार विकास हुने खालका अन्तर्क्रिया गरेको विद्यार्थीको प्रतिक्रिया रहेको छ ।

### ४.१.८ शिक्षक विद्यार्थी बीचको दोहोरो अन्तर्क्रिया

प्रस्तुत शोध अध्ययनका क्रममा शिक्षक विद्यार्थीहरू बीचको अन्तर्क्रियाका सम्बन्धमा शिक्षकलाई सोधिएको अवस्थाका सम्बन्धमा सोधिएको प्रश्नावली अनुसार प्रश्न नं. ७ मा सोधिएको प्रश्न नेपाली भाषा शिक्षणको क्रममा शिक्षक र विद्यार्थी बीचको दोहोरो अन्तर्क्रिया प्रणालीलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? भनी सोधिएको प्रश्न सम्बन्धी प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. ८**

**शिक्षक विद्यार्थी बीचको दोहोरो अन्तर्क्रिया**

| **अमर ज्योति मा.वि.का शिक्षकको प्रतिक्रिया** |
|---|
| ● भाषिक पाठ्य सामग्रीको अध्ययन गरेर<br>● व्यक्तिगत तथा सामूहिक छलफल गरेर<br>● प्रश्नोत्तर गरेर |
| **नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकको प्रतिक्रिया** |
| ● विद्यार्थी विद्यार्थीबीच छलफल<br>● सहभागितामूलक प्रयोगात्मक शिक्षण<br>● शिक्षक विद्यार्थीबीच छलफल |

| |
|---|
| **ब्राइटल्यान्ड एकेडेमी स्कुलका शिक्षकको प्रतिक्रिया** |
| • छलफल प्रतिक्रियाबाट<br>• प्रश्नोत्तर प्रतिक्रियाबाट<br>• प्रदर्शन प्रतिक्रियाबाट<br>• छलफल गरेर<br>• प्रश्न सोध्ने |
| **सूर्योदय बोर्डिङ स्कुलका शिक्षकको प्रतिक्रिया** |
| • शिक्षक विद्यार्थीबीच छलफल गरेर<br>• सहभागितामा जोड दिएर<br>• प्रदर्शन विधिको प्रयोग गरेर<br>• नयाँ विषयवस्तुको जानकारी दिएर<br>• कथा कविताहरू सुनाएर |
| **प्यारागन आदर्श पब्लिक एकेडेमीका शिक्षकको प्रतिक्रिया** |
| • छलफलको माध्यमबाट<br>• प्रश्नोत्तरको विधि अनुसार<br>• छलफल विधिबाट<br>• सोधेर अन्तर्क्रिया गर्न |

माथि उल्लेखित अध्ययनमा सहभागी गरिएका ५ वटा विद्यालयहरूमा अन्तर्क्रियाको प्रयोगका क्रममा शिक्षक विद्यार्थी बीचको दोहोरो अन्तर्क्रिया प्रणाली प्रभावकारी बनाउन अमरज्योति मा.वि.का शिक्षकले भाषिक पाठ्यसामग्रीको अध्ययन गरेर, व्यक्तिगत तथा सामूहिक छलफल गरेर, प्रश्नोत्तर गरेर शिक्षक विद्यार्थी बीचमा दोहोरो प्रणाली प्रभावकारी बनाउने गरेको पाइयो । त्यसैगरी नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकले विद्यार्थी विद्यार्थी बीच छलफल, सहभागितामूलक प्रयोगात्मक शिक्षण, शिक्षक विद्यार्थीबीच छलफल जस्ता पद्धतिको प्रयोग गर्दै

आएको देखिन्छ । उक्त विद्यालयमा गरिएका विधि बढी प्रभावकारी रहेका छन् भने ब्राइटल्यान्ड एकेडेमी स्कुलका शिक्षकले छलफल प्रतिक्रियाबाट, प्रश्नोत्तर प्रतिक्रियाबाट, प्रदर्शन प्रतिक्रियाबाट, छलफल गरेर र प्रश्न सोध्ने पद्धतिका आधारमा शिक्षण गरी नेपाली भाषा शिक्षणमा अन्तर्क्रियालाई प्रभावकारी बनाएका छन् । सूर्योदय बोर्डिङ स्कुलका शिक्षकका अनुसार शिक्षक विद्यार्थी बीच छलफल गरेर, सहभागितामा जोड दिएर, प्रदर्शन विधिको प्रयोग गरेर, नयाँ विषयवस्तुको जानकारी दिएर, कथा कविताहरू सुनाएर जस्ता प्रक्रिया अपनाएको देखिन्छ । यी प्रक्रियाहरू केही रूपमा प्रभावकारी रहेको देखिन्छ । प्यारागन आदर्श पब्लिक एकेडेमीका शिक्षकले कक्षामा अन्तर्क्रियालाई प्रभावकारी बनाउन छलफलको माध्यमबाट, प्रश्नोत्तरको विधि अनुसार, सोधेर अन्तर्क्रिया गर्ने जस्ता विधि अपनाइएकाले पनि उक्त विद्यालयका शिक्षकले अन्तर्क्रिया गर्दा कक्षा बढी प्रभावकारी हुने गरेको पाइन्छ ।

यसरी कक्षामा नेपाली भाषा शिक्षणका क्रममा पनाइने अन्तर्क्रियालाई प्रभावकारी बनाउन विद्यालयमा नेपाली शिक्षकले छलफलको माध्यमबाट, प्रश्नोत्तरको विधि, प्रयोगात्मक विधि र सिर्जनात्मक विधिलाई नै बढी जोड दिइएको देखिन्छ । यस आधारमा कक्षा सातमा नेपाली भाषा शिक्षण गर्दा अन्तर्क्रियात्मक पद्धतिमा केही सुधार भएको पाइन्छ ।

### ४.१.९ शिक्षक विद्यार्थी बिच अन्तर्क्रिया

यस अध्ययनको उद्देश्य अन्तर्गत शिक्षक विद्यार्थी अन्तर्क्रियाको प्रकृति अध्ययन गर्न यसलाई महत्त्वपूर्ण रूपमा प्रयोग गरेको पाइन्छ । कक्षाकोठामा शिक्षक र विद्यार्थीका बिच के कति मात्रामा अन्तर्क्रिया भएभन्ने सम्बन्धी प्रश्नमा प्राप्त गरिएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं.९

शिक्षक विद्यार्थी बीचको अन्तर्क्रियाको स्थिति

| क्र.सं. | अन्तर्क्रियाका विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यक्तिव्यक्ति बिच अन्तर्क्रिया | ५ | ५० |
| २ | स-साना समूहमा अन्तर्क्रिया | ३ | ३० |
| ३ | सबै विद्यार्थी बिच अन्तर्क्रिया | १ | १० |
| ४ | मिश्रित रूपमा अन्तर्क्रिया | १ | १० |
| | जम्मा | १० | १०० |

माथिको तालिका अनुसार जम्मा १० जना शिक्षकहरूमा ५० प्रतिशत शिक्षकले व्यक्ति व्यक्ति बिच अर्न्तक्रिया गरेको पाइन्छ भने ३० प्रतिशत शिक्षकले स-साना समूहमा अन्तर्क्रिया गरेका छन् । शिक्षक र विद्यार्थी बिचमा गर्ने सबै विद्यार्थी बिच गरिने अन्तर्क्रियामा १० प्रतिशतले शिक्षकले कक्षामा अपनाएका छन् भने १० प्रतिशत शिक्षकले मिश्रित रूपमा अन्तर्क्रिया गरेका छन् । शिक्षक शिक्षकका बिचमा गरेका अन्तर्क्रियामा शिक्षकले व्यक्तिव्यक्तिका बिच गरिने अन्तर्क्रियालाई जोड दिएका छन् । शिक्षकले कक्षामा हरेक व्यक्तिको अभिव्यक्तिगत क्षमतामा वृद्धि गर्न र कक्षामा विद्यार्थीको सिकाइ क्षमतामा वृद्धि गर्न पनि शिक्षकले व्यक्तिव्यक्तिका बिचमा गरेका अन्तर्क्रियालाई बढी दिइनु उपयुक्त रहेको छ ।

यसरी शिक्षणका क्रममा विद्यार्थीहरूलाई कक्षामा अन्तर्क्रिया गर्दा समूहगत अन्तर्क्रिया भन्दा व्यक्ति व्यक्तिका बिचमा अन्तर्क्रियालाई शिक्षकले शिक्षण सिकाइ प्रभावकारी बनाउनु पर्ने देखिन्छ । सबै विद्यार्थी बिचमा मौखिक तथा अभिव्यक्तिको विकासका लागि पनि अन्तर्क्रिया गर्नुले सिकाइ क्षमतामा वृद्धि भएको पाइन्छ ।

### ४.१.१० विद्यार्थी विद्यार्थी बीच अन्तर्क्रिया

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी विद्यार्थी अन्तर्क्रिया पनि आवश्यक हुन्छ । विद्यार्थी विद्यार्थी बिच अन्तर्क्रियाले समूहमा पढ्ने बानीको विकास हुनुका साथै रमाइलो सँग विद्यार्थी रमाइ रमाइ पढ्ने बानीको विकास हुन्छ । अतः यस अध्ययनमा विद्यार्थीलाई सोधिएको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १०

**विद्यार्थी विद्यार्थी बीचको अन्तर्क्रियाको स्थिति**

| क्र.सं. | अन्तर्क्रियाका विधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यक्तिगत | १५ | ३० |
| २ | सामूहिक | १८ | ३६ |
| ३ | प्रतिस्पर्धात्मक | ६ | १२ |
| ४ | माथिका सबै | ११ | २२ |
| | जम्मा | ५० | १०० |

माथि उल्लेखित तालिका अनुसार अध्ययनमा सहभागी भएका ५० जना विद्यार्थीहरू मध्ये जम्मा ३० प्रतिशत विद्यार्थीहरूले व्यक्तिगत अन्तर्क्रिया कक्षा शिक्षणका क्रममा प्रयोग गरेका छन् भने ३६ प्रतिशत शिक्षकले कक्षा शिक्षणका क्रममा सामूहिक रूपमा विद्यार्थी विद्यार्थीका बिच अन्तर्क्रिया गर्नु उपयुक्त हुने सूचना दिएका छन् । त्यसैगरी विद्यार्थी विद्यार्थी बिच गरिने अन्तक्रियामा १२ प्रतिशत शिक्षकले प्रतिस्पर्धात्मक किसिमका अन्तर्क्रिया गर्ने गरेको प्रतिक्रिया दिएका छन् । शिक्षकले शिक्षणका क्रममा माथि सबै अन्तर्क्रियालाई कक्षामाप्रयोग गर्ने जानकारी दिएका छन् । शिक्षण सिकाइका क्रममा विद्यार्थी विद्यार्थीका बिचमा अन्तर्क्रिया गर्दा अधिकांश शिक्षकले व्यक्तिगत अन्तर्क्रियालाई जोड दिएका छन् ।

### ४.१.११ शिक्षकले अन्तर्क्रियामा प्रयोग गरेका तौरतरिका

प्रस्तुत अध्ययनमा नमुना छनोटमा समावेश गरिएका जम्मा ५ वटा विद्यालयका ५० जना विद्यार्थीलाई सोधिएका प्रश्नावलीको प्रश्न नं. ४ मा शिक्षकले कक्षा शिक्षणका क्रममा शिक्षकले अन्तर्क्रिया गर्दा के कस्ता विधिको प्रयोग गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा विद्यार्थीले दिएको प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. ११

**शिक्षकले अन्तर्क्रियामा प्रयोग गरेका विधि**

| क.सं. | अन्तर्क्रियाकाविधि | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छलफल विधि | ३८ | ७६ |
| २ | प्रश्नोत्तर विधि | ९ | १८ |
| ३ | अन्तर्क्रिया विधि | २ | ४ |
| ४ | प्रदर्शन विधि | १ | २ |
| | जम्मा | ५० | १०० |

माथिको तालिका अनुसार यस अध्ययनमा समावेश गरिएका ५० जना विद्यार्थीहरू मध्ये शिक्षकले गर्ने अन्तर्क्रिया प्रयोग गर्दा शिक्षण गरेका शिक्षण विधिहरू सम्बन्धी प्रश्नावलीमा ७६ प्रतिशत शिक्षकले छलफल विधिको प्रयोग गर्ने गरेको बताएका छन् । त्यसैगरी १८ प्रतिशत शिक्षकले प्रश्नोत्तर विधिको प्रयोग गरेको र ४ प्रतिशत शिक्षकले अन्तर्क्रिया विधिको प्रयोग गरेको प्रतिक्रिया दिएका छन् र २ प्रतिशत शिक्षकले प्रदर्शन विधिमा जोड दिएको विद्यार्थीको धारणा रहेको छ । यस आधारमा हेर्दा अध्ययनमा सहभागी भएका विद्यार्थीहरूको धारणा अनुसार शिक्षकले सबैभन्दा बढी छलफल विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो ।

यसरी शिक्षकले कक्षामा अन्तर्क्रिया गर्दा छलफल विधिको प्रयोगमा जोड दिएका छन् किनभने कक्षा शिक्षणका क्रममा विद्यार्थीलाई छलफल विधिका माध्यमबाट शिक्षण गर्नुले विद्यार्थी बढी सक्रिय हुने गरेको पाइन्छ । प्रदर्शन विधिको सबैभन्दा कम प्रयोग गरिएकाले विद्यार्थीको देखेर बोध गरी लेख्न सक्ने क्षमतामा कमी हुने देखिन्छ । अतः कक्षामा शिक्षण सिकाइका क्रममा प्रश्नोत्तर र छलफल विधिको प्रयोग गरी अन्तर्क्रिया गर्नु बढी आवश्यक रहेको देखिन्छ ।

### ४.१.१२ शिक्षक र विद्यार्थी बीच भएका अन्तर्क्रिया

प्रस्तुत अध्ययनमा नमुना छनोटमा समावेश गरिएका जम्मा ५ वटा विद्यालयका ५० जना विद्यार्थीलाई सोधिएका प्रश्नावलीको प्रश्न नं. ३ मा शिक्षकले कक्षामा शिक्षक र विद्यार्थी बीच

अन्तर्क्रिया गर्न के कस्ता अभ्यासहरू गराउनुहुन्छ ? भनी सोधिएको प्रश्नमा विद्यार्थीले दिएको प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. १२**

**शिक्षक र विद्यार्थी बीच गरिने अन्तर्क्रियाको प्रयोग**

| क.सं. | अन्तर्क्रियाका तरिका | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छलफल तथा अन्तर्क्रिया | २६ | ५२ |
| २ | प्रश्नोत्तर लेखन | १० | २० |
| ३ | सिर्जनात्मक अभ्यास | १२ | २४ |
| ४ | वाचन प्रक्रिया | २ | ४ |
| | जम्मा | ५० | १०० |

माथिको तालिका अनुसार कक्षा सातमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षक र विद्यार्थी बीचको अन्तर्क्रिया प्रयोगको अवस्थामाका सम्बन्धमा विद्यार्थीले दिएको प्रतिक्रियाअनुसार ५२ प्रतिशत विद्यार्थीले छलफल तथा अन्तर्क्रियाको प्रयोग गर्ने गरेको बताएका छन् । यसका साथै २० प्रतिशत विद्यार्थीले प्रश्नोत्तर लेखन सम्बन्धी अन्तर्क्रिया र २४ प्रतिशत विद्यार्थीले सिर्जनात्मक अभ्यास गरेको र ४ प्रतिशत विद्यार्थीले वाचन प्रक्रिया गर्ने गरेको बताएका छन् ।

यसरी विद्यार्थीले दिएको धारणा अनुसार शिक्षक र विद्यार्थी बीचको अन्तर्क्रिया गर्दा सबैभन्दा बढी कक्षामा छलफल तथा अन्तर्क्रिया प्रयोग गरेकाले विद्यार्थीको नेपाली भाषा शिक्षणमा अन्तर्क्रिया प्रभावकारी हुने नसकेको विद्यार्थीको प्रतिक्रिया रहेको छ ।

### ४.१.१३ अन्तर्क्रिया प्रतिको शिक्षकको बुझाइ

यस अध्ययनमा समावेश गरिएका ५ वटा समुदायिक विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अन्तर्क्रियाको प्रयोगका सम्बन्धमा शिक्षकलाई सोधिएका प्रश्नावली मध्ये प्रश्न नं.

१ मा अन्तर्क्रियालाई कसरी बुझाउनुहुन्छ भनी सोधिएको प्रश्नानुसार शिक्षकबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं.१३**

**अन्तर्क्रिया प्रतिको बुझाइ**

| क्र.सं. | अन्तर्क्रियाका तरिका | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यार्थी विद्यार्थी बीचको छलफल | २ | २० |
| २ | शिक्षक विद्यार्थी बीचको छलफल | ४ | ४० |
| ३ | सहभागि मूलक शिक्षण | २ | २० |
| ४ | सहभागिमूलक अन्तर्क्रिया | २ | २० |
| | जम्मा | १० | १०० |

माथिको तालिका अनुसार अध्ययनमा सहभागि भएका शिक्षकहरूले दिएको प्रतिक्रिया अनुसार २० प्रतिशत शिक्षकले विद्यार्थी विद्यार्थी बीचको छलफल गर्ने गरेका छन्, ४० प्रतिशत शिक्षकले शिक्षक विद्यार्थी बीचको छलफल गर्ने गरेको बताएका छन् । त्यसैगरी २० प्रतिशत विद्यार्थीले सहभागिता मूलक छलफल र २० प्रतिशत शिक्षकले सहभागितामूलक अन्तर्क्रिया गर्ने गरेको प्रतिक्रिया दिएका छन् । यस अध्ययनमा सहभागि भएका शिक्षकहरूमध्ये ४० प्रतिशतले कक्षामा कक्षा सातमा नेपाली शिक्षण गर्दा शिक्षक विद्यार्थी बीचको अन्तर्क्रियात्मक छलफलको तरिका बढी अपनाएको देखिन्छ ।

माथिको तालिका अनुसार अध्ययनमा सहभागी भएका शिक्षकहरूले दिएको प्रतिक्रिया अनुसार २० प्रतिशत शिक्षकले विद्यार्थी विद्यार्थी बीचको छलफल गर्ने गरेका छन्, ४० प्रतिशत शिक्षकले शिक्षक विद्यार्थी बीचको छलफल गर्ने गरेको बताएका छन् । त्यसैगरी २० प्रतिशत विद्यार्थीले सहभागिता मूलक छलफल र २० प्रतिशत शिक्षकले सहभागिता मूलक अन्तर्क्रिया गर्ने गरेको प्रतिक्रिया दिएका छन् । यस अध्ययनमा सहभागी भएका शिक्षकहरूमध्ये ४० प्रतिशतले कक्षामा कक्षा सातमा नेपाली शिक्षण गर्दा शिक्षक विद्यार्थी बीचको अन्तर्क्रियात्मक

छलफलको तरिका बढी अपनाएको देखिन्छ ।

यसरी यस अध्ययनमा छनोट गरिएका विद्यालयहरूमा परम्परागत शिक्षा प्रणालीमा रहेको व्याख्यान तथा छलफल विधिको नै बढी प्रयोग गरेको पाइयो । विद्यार्थीहरूलाई सक्रिय गराएर समस्या समाधान गर्न प्रेरित गर्ने गरेकाले विद्यालयहरूमा प्रायःउत्तिकै मात्रामा गर्ने गरेको पाइयो । कक्षा सातमा नेपाली भाषा शिक्षण गर्ने क्रममा विद्यार्थीहरूलाई प्रत्यक्ष मनोरञ्जन दिने अप्रत्यक्ष रूपमा मौलिक ज्ञान प्रदान गर्ने जस्ता महत्त्वपूर्ण भूमिका खेल्ने खेल विधिको प्रयोग भने ज्यादै न्यून रहेको पाइयो । उक्त विधि कम मात्रामा संस्थागत विद्यालयमा प्रयोग भएको पाइयो भने सरकारी विद्यालयहरूमा यसको प्रयोग शून्य रहेको पाइयो । विद्यालयहरूलाई भाषिक बोझ नबनाई बौद्धिक बोझबाट नभएर सहज, स्वभाविक र सरल तरिकाले भाषिक ज्ञान प्रदान गर्नका लागि खेल विधिको प्रयोग गर्दा सान्दर्भिक हुने देखिन्छ ।

### ४.१.१४ कक्षा कोठामा अन्तर्क्रिया गराउँदा शिक्षकले गरेको अनुभव

प्रस्तुत शोध अध्ययनका क्रममा शिक्षक विद्यार्थीहरू बीचको अन्तर्क्रियाका सम्बन्धमा शिक्षकलाई सोधिएको प्रश्नावली अनुसार प्रश्न नं. ९ मा सोधिएको प्रश्न कक्षा कोठामा अन्तर्क्रिया गराउँदा के के अनुभव गर्नु भएको छ ? सहमतमा ठिक र असहमतमा बेठिक चिन्ह लगाउनुहोस् ? भनी सोधिएको प्रश्न सम्बन्धी प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं.१४**

**कक्षाकोठामा अन्तर्क्रिया गराउँदा शिक्षकले गरेको अनुभव**

| क्र.सं. | अन्तर्क्रियाका तरिका | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अगाडिको बेन्चमा बस्ने विद्यार्थी मात्र सरिक हुन्छन् | ३ | ३० |
| २ | बाहिरको हल्लाले पनि समस्या आइरहन्छन् | ३ | ३० |
| ३ | जान्ने विद्यार्थी मात्र सहभागी हुन्छन् | ३ | ३० |
| ४ | यसमा समय निकै बढी खर्च हुन्छ | १ | १० |
| | जम्मा | १० | १०० |

माथिको तालिका अनुसार अध्ययनमा सहभागि भएका १० जना शिक्षकहरूमा कक्षाकोठामा अन्तर्क्रिया गर्दा शिक्षकले गरेको अनुभव अनुसार ३० प्रतिशत शिक्षकले अगाडिको बेन्चमा बस्ने विद्यार्थी मात्र सरिक हुने अनुभव गरेका छन् । ३० प्रतिशत शिक्षकले बाहिरको हल्लाले पनि समस्या आइरहने अनुभव गरेका छन् भने ३० प्रतिशत शिक्षकले जान्ने विद्यार्थी मात्र सहभागी हुने र १० प्रतिशत शिक्षकले यसमा समय निकै बढी खर्च हुने अनुभव गरेको देखिन्छ ।

यसरी उल्लेखित तथ्याङ्क अनुसार कक्षामा विद्यार्थी सरिक गर्दा विभिन्न शिक्षकको अनुभूतिहरू देखिएका छन् । जसमा सबैभन्दा अगाडि बस्ने विद्यार्थी बढी सक्रिय हुने, बाहिरको हल्ला बढी आउने गरेका, जान्ने विद्यार्थी बढी सक्रिय हुने जस्ता अनुभूति  बढी गरेको पाइन्छ । यसरी कक्षामा अन्तर्क्रियाको प्रयोग गर्ने गरेकाले विद्यार्थी र शिक्षक दुबैमा भाषिक अनुभव, शिक्षण सिकाइमा अभिवृद्धि र विद्यार्थीहरूको जागरूकता हुने पढाइमा बढी उत्सुकता हुने जस्ता अनुभवहरू शिक्षकमा बढी भएको देखिन्छ । उक्त अनुभूतिका आधारमा शिक्षकले कक्षामा समग्र विद्यार्थीको समान सहभागिता हुने गरी शिक्षणमा अन्तर्क्रिया गर्नुपर्ने, जान्ने र नजान्ने दुवै विद्यार्थीलाई उत्तिकै मात्रामा जोड दिई शिक्षण गर्नुपर्ने जस्ता पद्धति अपनाउनु पर्ने देखिन्छ ।

### ४.१.१५ कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा

प्रस्तुत अध्ययनमा कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिएका शिक्षक विद्यार्थी अन्तर्क्रियाका सम्बन्धी कक्षा सातका जम्मा ५० जना विद्यार्थीहरूसँग गहन अन्तर्वार्ता लिई प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । जसमा सोधिएका विद्यार्थीका प्रश्नावलीको प्रश्न नं. ७ मा सोधिएको प्रश्न नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाले तपाईको सिकाइमा कस्तो परिवर्तन भएको छ ?भन्ने प्रश्नबाट आएको प्रतिक्रियालाई निम्नानुसार तालिकीकरण गरिएको छ :

तालिका नं. १५

**कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणा**

| क्र.सं. | सिकाइमाभएको परिवर्तन | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | लेखाइमा भएको परिवर्तन | ३ | ६ |
| २ | बोलाइमा भएको परिवर्तन | २ | १० |
| ३ | पढाइमा भएको जागरूकता | २० | ४० |
| ४ | सुनाइ र लेखाइमा विकास | २५ | ५० |
| | जम्मा | ५० | १०० |

माथिको तालिका अनुसार कक्षामा नेपाली शिक्षणका समयमा गरिने अन्तर्क्रिया र छलफल प्रतिको धारणामा ६ प्रतिशत विद्यार्थीको लेखाइमा परिवर्तन भएको, १० प्रतिशतले बोलाइ सिपमा परिवर्तन भएको, ४० प्रतिशत विद्यार्थीको पढाइमा जागरूकता आउने गरेको र ५० प्रतिशत विद्यार्थीको सुनाइ र लेखाइमा विकास भएको देखिन्छ।

यसरी नेपाली भाषा शिक्षणका क्रममा कक्षामा अन्तर्क्रियाको प्रयोग गर्दा विद्यार्थीको विविध क्षेत्रमा विकास र परिवर्तन भएको छ । जसमा सबैभन्दा बढी विद्यार्थीको सुनाइ र लेखाइमा परिवर्तन भएको पाइयो । कक्षा शिक्षणका क्रममा अन्तर्क्रिया गर्दा विद्यार्थी बढी सक्रियहुने भएकाले पनिउनीहरूमा सुनाइ र लेखाइ सिपमा विकास भएको पाइन्छ भने विद्यार्थीमा जागरूकता पनि त्यतिकै वृद्धि भएको छ र लेखाइमा मात्र परिवर्तन र बोलाइमा मात्र परिवर्तन अन्तर्क्रियाबाट नभएकाले बोलाइ र लेखाइका अन्तर्क्रियामा जोड दिनुपर्ने देखिन्छ।

## ४.२ नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका अन्तर्क्रियाको विश्लेषण

यस अध्ययनमा कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा गरिने अन्तर्क्रियाहरू मध्ये शिक्षक र विद्यार्थीको सहभागिता मूलक, शिक्षक विद्यार्थी बीचको दोहोरो अन्तर्क्रिया, शिक्षक कथन विद्यार्थी कथन जस्ता अन्तर्क्रियात्मक कार्यकलापको विश्लेषण गरिएको छ । अन्तर्क्रिया विश्लेषणका लागि आवृत्ति, प्रतिशताङ्कको गणना गरिएको छ । जसका लागि निम्न चरण अपनाइएको छ :

पहिलो चरण :

अध्ययनका लागि सङ्कलित कक्षा रेकर्डलाई व्यवस्थित र क्रमवद्ध भण्डारण गरिएको छ ।

दोस्रो चरण : कोड निर्धारण र तथ्याङ्कको विश्लेषण

क्रमवद्ध र व्यवस्थित रूपमा राखिएका अडियो भिडियो रेकर्डहरूबाट कोडको गरिएको छ । कोड निर्धारणका लागि फ्लेन्डरको अन्तर्क्रिया विश्लेषण पद्धतिका मान्यतालाई अवलम्बन गरिएको छ । कक्षाकार्यकलाप अन्तर्गत प्रस्तुत भएका प्रत्येक कार्यकलापलाई फ्लेन्डरको पद्धतिमा रहेका १० वटा वर्गमा रहने गरी कोड प्रदान गरिएको छ

भिडियो रेकर्डका कार्यकलापमा अध्याय तीनमा उल्लेख गरिएका नियमहरूको प्रयोग गरी निम्न अनुसार कोड प्रदान गरिएको छ :

**तालिका नं.१६**

**कक्षाकोठा अन्तर्क्रिया अभिलेखनको उदाहरण**

| कक्षाकोठा अन्तर्क्रियाका कार्यकलापहरू | कोड निर्धारण |
|---|---|
| शिक्षक : भाइबहिनी हो ! आजकुन पाठ पढ्ने हो ? | ४ |
| विद्यार्थी : सात दिने सभाकथा मेडम । | ८ |
| शिक्षक : ठीक भन्यौ । आज हामी जन्मभूमि पाठ पढ्ने छौं । | २, ३ |
| शिक्षकमौन, विद्यार्थी मौन | १० |
| शिक्षक : ल सबैले पाठ पल्टाऊ त | ६ |

माथिको तालिकामा एकातिर शिक्षक र विद्यार्थीबाट गरिएका भाषिक कार्यकलाप दिइएका छन् भने अर्कोतिर तिनको लागि कोड निर्धारण गरिएको छ । सुरूमा शिक्षकले विद्यार्थीलाई आज पढाउने पाठ सोध्छ । यो प्रश्नभयो । यसका लागि ४ कोड दिइएको छ । त्यसपछि विद्यार्थीले प्रतिक्रिया जनाउँछन् त्यसलाई नं. ८ प्रदान गरिएको छ । तेस्रोमा शिक्षकले प्रोत्साहन गरेर विद्यार्थीको भनाइलाई पुष्टि गरेकोले प्रोत्साहनमा नं. २ र पुष्टिमा ३ कोड प्रदान गरियो । यही किसिमले कक्षा कार्यकलापको रेकर्डलाई हेर्दै तीन तीन सेकेन्डमा एक एक कोड प्रदान गरिएको छ ।

तेस्रो चरण : जोडा निर्माण

कोड निर्माण गरिसकेपछि तिनलाई गणना र विश्लेषणका लागि मेट्रिक्समा राख्नका लागि जोडाहरूको निर्माण गरिएको छ । जस्तै माथिको तालिकामा ४, ८, २, ३, १०, ६ जस्ता कोडहरू निर्धारण गरिएका छन् । तिनलाई निम्नअनुसार जोडा बनाइएको छ । जस्तै :

(१०ᴗ४), (४ᴗ८), (८ᴗ२), (२ᴗ३), (३ᴗ१०), (१०ᴗ६), (६ᴗ१०)

यहाँ सातवटा जोडाहरू बनेका छन् । यी जोडाहरू माथिको तालिका अनुसार बनाइएको हो । जोडा मध्ये पहिलोले रो को प्रतिनिधित्व गर्छन् भने दोस्रोले कोलम को । जस्तैः पहिलो जोडाको १० ले रोको प्रतिनिधित्व गरेको छ भने ४ ले कोलमको प्रतिनिधित्व गरेको छ । यही प्रतिनिधित्वका आधारमा जोडालाई अन्तर्क्रिया गणना मेट्रिक्समा राखिएको छ ।

चौथो चरण : अन्तर्क्रिया मेट्रिक्सको निर्माण

जोडा निर्माण गरिसकेपछि अर्को चरणमा अन्तर्क्रिया मेट्रिक्सको निर्माण गरिएको छ । कक्षाकोठामा गरिएका अन्तर्क्रियाका कार्यकलापहरूको कोडिङ गरी ती कोडहरूको जोडा निर्माण पश्चात तिनलाई अन्तर्क्रिया गणना मेट्रिक्स निर्माण गरिएको छ ।

**तालिका नं. १७**
**अन्तर्क्रिया मेट्रिक्स तालिका**

| | | शिक्षक कथन | | | | | | | विद्यार्थी कथन | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| शिक्षक कथन | १ | | | | | | | | | | | ० |
| | २ | | | १ | | | | | | | | १ |
| | ३ | | | | | | | | | | १ | १ |
| | ४ | | | | | | | | १ | | | १ |
| | ५ | | | | | | | | | | | ० |
| | ६ | | | | | | | | | | १ | ० |
| | ७ | | | | | | | | | | | ० |
| विद्यार्थी कथन | ८ | | १ | | | | | | | | | १ |
| | ९ | | | | | | | | | | | ० |
| | १० | | | | १ | | १ | | | | | २ |
| | | ० | १ | १ | १ | ० | १ | ० | १ | ० | २ | ७ |

माथिको तालिकामा रेहेको मेट्रिक्समा दस रो र दस कोलम रहेका छन् । यसबाट शिक्षककथन, विद्यार्थी कथन, जम्मा कोड, कक्षा रेकर्ड समय जस्ता कुराहरू सहजै पहिल्याउन सकिन्छ ।

पाँचौ चरण : अन्तर्क्रिया मेट्रिक्सको व्याख्या गर्ने

मेट्रिक्समा आएको तथ्याङ्क अनुसार अन्तर्क्रियाका प्रवृत्तिहरूको व्याख्या गरिएको छ । तथ्याङ्क प्राप्तिका लागि निम्न सूत्रहरूको प्रयोग गरिएको छ :

(१) शिक्षक कथन अनुपात

१ देखि ७ सम्मका वर्गको आवृत्तिको जोड गरी त्यसलाई जम्मा सङ्ख्याले भाग गर्ने र आएको फललाई १०० ले गुणन गरी शिक्षककथनअनुपात निकालिन्छ । जसका लागि निम्न सूत्र प्रयोग भएको छ :

$$TT = \frac{C1+C2+C3+C4+C5+C6+C7}{\mathbf{N}} x\ 100\%$$

यहाँ, TT ले शिक्षक कथन (Teacher Talk), C ले वर्ग (Category), N ले जम्मा सङ्ख्यालाई जनाउँछन् ।यस सूत्रबाट कक्षाकोठा अन्तर्क्रियाका क्रममा शिक्षकको भूमिका कति मात्रामा रहेको भन्ने कुरा पत्ता लगाइएको छ ।

(२) शिक्षक अप्रत्यक्ष कथन अनुपात

यसले विद्यार्थीहरूलाई अन्तर्क्रियामा सहभागी हुन उत्प्रेरित र सहयोग गरेको अवस्थालाई दर्शाउँछ । यसको गणनाका लागि १ देखि ४ सम्मका वर्गको आवृत्तिको जोड गरी त्यसलाई जम्मा सङ्ख्याले भाग गर्ने आएको फललाई १०० ले गुणन गरी शिक्षक कथन अनुपात निकालिन्छ । जसलाई निम्न सूत्रको प्रयोग भएको छ :

$$ITT = \frac{C1+C2+C3+C4}{\mathbf{N}} x\ 100\%$$

(३) शिक्षक प्रत्यक्ष कथन अनुपात

यस अन्तर्गत ५, ६ र ७ वर्गहरूका आवृत्तिको जोड गरी त्यसलाई जम्मा सङ्ख्याले भाग गर्ने र आएको फललाई १०० ले गुणन गरी शिक्षक कथन अनुपात निकालिएको छ । जसका लागि निम्न सूत्रले गणना गरिएको छ :

$$DTT = \frac{C5+C6+C7}{\mathbf{N}} x\ 100\%$$

(४) विद्यार्थी कथन अनुपात

यस सूचकका लागि ८ र ९ वर्गहरूका आवृत्तिको जोड गरी त्यसलाई जम्मा सङ्ख्याले भाग गर्ने र आएको फललाई १०० ले गुणन गरी शिक्षक कथन अनुपात निकालिएको छ । जसका लागि निम्न सूत्रको प्रयोग गरिएको छ :

$$PT = \frac{C8+C9}{N} x\ 100\%$$

(५) दुबिधा /मौनता

यस सूचकका लागि दसौं वर्गको आवृत्तिलाई जम्मा सङ्ख्याले भाग गर्ने र आएको फललाई १०० ले गुणन गरी शिक्षक कथन अनुपात निकालिन्छ । जसलाई निम्न सूत्रले गणना गरिन्छ :

$$SC = \frac{C10}{N} x\ 100\%$$

कक्षा अन्तर्क्रिया विश्लेषणका लागि पाँचजना शिक्षकका कक्षाको रेकर्डलाई कोडिङ गरिसकेपछि तिनलाई मेट्रिक्समा राखी डिकोडिङ गरिएको छ । ती सबैको समष्टि स्वरूप निम्न अनुसार छ :

**तालिका नं. १८**

**अन्तर्क्रिया विश्लेषण**

| जम्मा | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षककथन अप्रत्यक्ष | भावनाको स्वीकार | १ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| | प्रशंसा वाप्रोत्साहन | २ | ३ | ० | ४ | ० | १ | ० | ० | ० | ० | ० | ८ |
| शिक्षककथन प्रत्यक्ष | विद्यार्थीका विचारहरूको कदर | ३ | ० | ० | ९ | ९ | २७ | ० | ० | ० | ४ | ४ | ५३ |
| | प्रश्न गर्ने | ४ | ० | ० | ० | ० | २ | ० | ० | १७१ | ० | १० | १८३ |
| | व्याख्यान | ५ | १ | ० | ० | ११९ | १३०३ | २० | ० | २ | २ | ६ | १४५३ |
| | निर्देशन | ६ | ० | ० | ० | १० | ५ | १७ | ० | ० | ० | १५ | ४७ |
| | टिप्पणी तथापुष्ट्याई | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यार्थी कथन | विद्यार्थीका विचार-प्रतिक्रिया | ८ | ० | ४ | ३९ | ३४ | ९८ | ० | ० | ३५ | ० | ० | २१० |
| | विद्यार्थीका विचार-प्रारम्भ | ९ | ० | ० | १ | १ | १ | ० | ० | २ | ० | १ | ६ |
| मौनता/द्विबिधा | | १० | ० | ० | ० | १० | १६ | १० | ० | ० | ० | ० | ३६ |
| जम्मा | | | ४ | ८ | ५३ | १८३ | १४५३ | ४७ | ० | २१० | ६ | ३६ | २००० |

माथिको मेट्रिक्सको नतिजाका आधारमा पाँचजना शिक्षकले गरेको कक्षा शिक्षण कार्यकलाप (छलफल) मा अपनाएका अन्तर्क्रियाको श्रेणीहरू अनुसार कार्यकलापका प्रतिशताङ्क निम्नानुसार रहेको छ :

**तालिका नं. १९**

**अन्तर्क्रियाको श्रेणीहरू अनुसार कार्यकलापका प्रतिशताङ्क**

| अन्तक्रियावर्गहरू | अनुपात % |
|---|---|
| भावनाको स्वीकार | ०.२० |
| प्रशंसा वाप्रोत्साहन | ०.४० |
| विद्यार्थीका विचारहरूको कदर | २.६५ |
| प्रश्न गर्ने | ९.१५ |
| व्याख्यान | ७२.६५ |
| निर्देशन | २.३५ |
| टिप्पणी तथा पुष्ट्याईं | ०.०० |
| विद्यार्थीका विचार-प्रतिक्रिया | १०.५० |
| विद्यार्थीका विचार-प्रारम्भ | ०.३० |
| मौनता/द्विबिधा | १.८० |
| | १००.०० |

माथिको तालिका अनुसार सहभागी शिक्षकहरूले कक्षा शिक्षणमा व्याख्यानको प्रयोग गरेका छन् जसको मात्रा सबैभन्दा बढी ७२.६५ प्रतिशत र सबैभन्दा कम भावनाको स्वीकार रहेको छ जसको प्रयोगको मात्रा ०.२० प्रतिशत रहेको छ ।

शिक्षकले कक्षामा गरेको अन्तर्क्रियात्मक वर्गहरूमा भावनाको स्वीकारमा ०.२० प्रतिशत रहेको छ । प्रशंसा वा प्रोत्साहन प्रक्रियामा ०.४० प्रतिशत प्रयोग गरेका छन् । शिक्षकले कक्षामा प्रयोग गर्ने विद्यार्थीहरूको कदरको पनि प्रयोग गरिएको छ । जसमा शिक्षकले २.६५ प्रतिशतप्रयोग गरेका छन् । शिक्षक विद्यार्थीमा गरिने प्रश्नहरू प्रयोग अवस्थालाई हेर्दा शिक्षकले कक्षामा ९.१५ प्रतिशतले प्रयोग गरेका छन् । यसका साथै विद्यार्थीलाई शिक्षकले प्रयोग गर्ने

व्याख्यान प्रक्रियामा सबैभन्दा बढी प्रयोग गरिएको छ । जसमा ७२.६५ प्रतिशतप्रयोग गरिनुले विद्यार्थी र शिक्षकको अन्तर्क्रियामा व्याख्या विधिलाई प्राथमिकता दिएको छ । यस आधारमा हेर्दा शिक्षक विद्यार्थीको अन्तरक्रियाको सम्बन्धमा विस्तार र प्रभावकारी भएको देखिन्छ । कक्षा शिक्षणका क्रममा विद्यार्थीहरूलाई गरिएको निर्देशनमा प्रति गरिएको अन्तर्क्रिया प्रयोगको अवस्थालाई अध्ययनगर्दा शिक्षकले २.३५ प्रतिशतप्रयोग गरेका छन् । विद्यार्थी प्रतिको उक्त निर्देशन प्रयोगको स्थितिको अवस्था कमजोर रहेको मानिन्छ । कक्षामा गरिने अन्तक्रियात्मक अवस्थालाई विश्लेषण गर्दा विद्यार्थीका विचार र प्रतिक्रियाप्रति १०.५० प्रतिशत शिक्षकले अन्तर्क्रिया गरेको पाइयो । यस आधारमा हेर्दा शिक्षक विद्यार्थीको विचार र प्रतिक्रियामा शिक्षकको सहभागिताले जोड दिएका छन् । शिक्षक र विद्यार्थीका टिप्पणी तथा पुष्ट्याइका आधारमा अध्ययन गर्दा शिक्षकले गर्ने अर्न्तक्रियाको विश्लेषण गर्दा शिक्षकले टिप्पणी र पुष्ट्याइलाई जोड नदिइएको देखिन्छ । जसले विद्यार्थीको सिकाइको लागिथप बल नपुग्ने देखिन्छ । शिक्षक विद्यार्थी अन्तर्क्रियाका क्रममा कक्षामा विद्यार्थीका विचार र प्रारम्भका सन्दर्भमा प्रयोगको अवस्थालाई अध्ययन गर्दा शिक्षकले प्रयोग गरेको देखियो जसमा ०.३० प्रतिशत शिक्षक रहेका छन् भने विद्यार्थीको मौनता/द्विविधाका सन्दर्भमा प्रयोग गरिएका अन्तर्क्रियाका विचारमा १.८० प्रतिशतशिक्षक रहेका छन् । जसले विद्यार्थीको आन्तरिक भाषिक क्षमतामा विकासमा जोड कमदिएको छ । अतःविद्यार्थीहरूको शिक्षक विद्यार्थी अन्तर्क्रियात्मक अवस्था व्याख्यान वर्गमा बढी रहनु र सबैभन्दा कम ०.२० प्रतिशत भावनाको स्वीकारमा रहेकाले शिक्षक विद्यार्थीको अन्तर्क्रिया प्रभावकारी गर्नु आवश्यक देखिन्छ ।

कक्षाकोठा अन्तर्क्रिया प्रविधिको प्रयोग गर्ने क्रममा शिक्षक तथा विद्यार्थीको सक्रियतालाई यसका मुख्य पक्षहरू शिक्षक कथन, विद्यार्थी कथन र मौनताको अवस्थालाई गणना गरिएको छ । जुन निम्न अनुसार छ :

## तालिका नं. २०

## शिक्षक कथन, विद्यार्थी कथन र मौनताको अवस्थालाई गणना


| अन्तर्क्रिया अनुपात | जम्मा कोड | अनुपात(%) |
|---|---|---|
| शिक्षक कथन अनुपात | १७४८ | ८७.४० |
| शिक्षक कथन अप्रत्यक्ष | ६५ | ३.२५ |
| शिक्षक कथन प्रत्यक्ष | १६८३ | ८४.२ |
| विद्यार्थी कथन अनुपात | २१६ | १०.८ |
| मौनता /द्विविधाको अवस्था | ३६ | १.८ |

माथिको तालिकामा उल्लेख गरिए अनुसार शिक्षक स्वयंले बोलेको समयावधि (शिक्ष ककथन) ८७.४०प्रतिशत रहेको छ । यस अन्तर्गत अप्रत्यक्ष कथन अनुपात ३.२५ रहेको छ भने प्रत्यक्ष कथन अनुपात ८४.२ प्रतिशत छ । विद्यार्थी कथन अनुपात १०.८ प्रतिशत देखिन्छ । विद्यार्थी कथन अन्तर्गत विद्यार्थी-विचार प्रारम्भ र विद्यार्थी विचार-प्रतिक्रिया दुबै श्रेणी रहेका छन् ।

विद्यार्थी शिक्षक विचको अन्तर्क्रिया गर्दा शिक्षक कथन सबैभन्दा बढी रहेको छ । जस अन्तर्गत शिक्षकले शिक्षक अप्रत्यक्ष कथन र शिक्षक प्रत्यक्ष कथन प्रयोग गरिएको छ । जसमा ३.२५ प्रतिशत अप्रत्यक्ष कथन रहेकाले शिक्षक विद्यार्थीको अन्तर्गत क्रियामा कक्षामा शिक्षकको सिकाइ बढी प्रभावकारी भएको देखिन्छ । तर पनि शिक्षकले कक्षामा अन्तर्क्रिया गर्दा अप्रत्यक्ष भन्दा प्रत्यक्ष कथन सिकाइ बढी औचित्यपूर्ण रहेको देखिन्छ । त्यसैगरी विद्यार्थी कथनको अनुपातलाई अध्ययनगर्दा १०.८ प्रतिशत शिक्षक रहनुले पनिविद्यार्थी शिक्षक विचको अन्तर्क्रियामा कक्षामा विद्यार्थीको सिकाइले पनि त्यति प्रभावकारी सिकाइ गर्न नसकिने र १.८ द्विविधा र मौनताको प्रयोगले विद्यार्थीको कक्षा सिकाइमा जोड नदिएको प्रष्ट देखिन्छ । शिक्षक कथन, विद्यार्थी कथन र मौनता/द्विविधाको अवस्थालाई चार्टमा निम्नअनुसार उल्लेख गरिन्छ :

चित्र नं. ४.१

**शिक्षक कथन, विद्यार्थी कथन र मौनता/द्विविधाको अवस्था**





माथिको चार्टमा उल्लेख गरिए अनुसार शिक्षक कथन ८७.४० प्रतिशत, ३.२५ प्रतिशत शिक्षक प्रत्यक्ष कथन, ८४.२ प्रतिशत शिक्षकले शिक्षक प्रत्यक्ष कथन, १०.८ प्रतिशत विद्यार्थी कथन अनुपार र १.८ प्रतिशत मौनता /द्विविधाको अवस्थामा रहेको छ । शिक्षक विद्यार्थी अन्तर्क्रिया शिक्षक विद्यार्थी अन्तर्क्रियामा सबैभन्दा बढी शिक्षक कथन अनुपात बढी रहेको छ भने सबैभन्दा कम मौनता/द्विविधाको अवस्थालाई प्रयोग गरेको देखिन्छ । शिक्षक विद्यार्थीका प्रत्यक्ष र अप्रत्यक्ष भन्दा प्रत्यक्ष कथन बढी रहेको छ । विद्यार्थीहरूको सक्रियताको लागि शिक्षक कथन बढी प्रयोग गरिएकाले शिक्षक विद्यार्थी बीचको सक्रियतालाई बढी प्रभावकारी भएको छ ।

अध्ययनका क्रममा शिक्षक विद्यार्थीको सक्रियतामा देखिएका शिक्षक प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन बीचको सम्बन्धलाई अध्ययन गर्दा निम्नानुसार नतिजा प्राप्त गरिएको छ :

चित्र नं. ४.२

**शिक्षक प्रत्यक्ष कथन र अप्रत्यक्ष कथन बीचको सम्बन्ध**





माथिको चार्टमा उल्लेख भए अनुसार शिक्षक कथन-अप्रत्यक्ष ३.२५ प्रतिशत रहेको छ । यस अन्तर्गत विद्यार्थीका भावनाको स्वीकार, विद्यार्थीको प्रशंसा र प्रोत्साहन जस्ता कार्यहरूको गणना गरिएको हो । शिक्षक कथन-प्रत्यक्ष ८४.२ प्रतिशत रहेको छ । यस अन्तर्गत शिक्षकबाट विद्यार्थीलाई प्रश्न गर्ने, विषयवस्तुको व्याख्या गरिएको, विद्यार्थीलाई निर्देशन दिइएको र विद्यार्थीका प्रतिक्रियामा गरिएको टिप्पणी जस्ता कार्यकलापको गणना गरिएको हो ।

फ्लेन्डरद्वारा प्रस्तुत अन्तर्क्रिया विश्लेषण सिद्धान्तमा विद्यार्थी कथनअन्तर्गत विद्यार्थी विचार-प्रतिक्रिया र विद्यार्थी विचार-प्रारम्भ गरी दुईवटा श्रेणीहरू रहेका छन् । यस अध्ययनमा तिनको गणना गर्दा निम्न किसिमको नतिजा प्राप्त गरिएको छ :

चित्र नं. ४.३

विद्यार्थी कथन अन्तर्गत विद्यार्थी विचार-प्रतिक्रिया र विद्यार्थी विचार-प्रारम्भ




माथिको नतिजा अनुसार विद्यार्थीले शिक्षकद्वारा दिइएको निर्देशनको पालना गरेको, शिक्षकवा साथीले प्रश्न गर्दा उत्तर दिएको, लय वाचन गरेको जस्ता अन्तर्क्रियात्मक कार्य गरेकोलाई विद्यार्थी विचार-प्रतिक्रियाका रूपमा गणना गरिएको छ । यसको प्रतिशत १०.५० रहेको छ भने विद्यार्थीले शिक्षक वा साथीहरूसँग प्रश्न गरेको, नयाँ सन्दर्भ, उदाहरण वा प्रसङ्गको उठान गरेको अन्तर्क्रियात्मक कार्यलाई विद्यार्थी विचार प्रारम्भका रूपमा गणना गरिएको छ यसको प्रतिशत ०.३० रहेको छ ।

माथि उल्लेखित तथ्याङ्क अनुसार कक्षामा शिक्षक विद्यार्थी अन्तर्क्रियाका आधारमा व्याख्या विधिलाई बढी प्रयोग गरिएको देखियो । जसमा ७२.६५ प्रतिशत प्रयोग गरिएको छ । यस आधारमा विद्यार्थी र शिक्षक केन्द्रित विधिमा व्याख्यानको बढी जोड दिइएको छ । नेपाली भाषा सिकाइमा व्याख्यामा बढी जोड दिइनुले पनि विद्यार्थीको स्तरमा अझ प्रभावकारी बनाउन अझ अभ्यासपरक र सिकारू केन्द्रित रहनु आवश्यक छ । विद्यार्थीको भावनाको कदरमा सबै भन्दा कम प्रतिशत रहनुले पनि विद्यार्थी र शिक्षकको टिप्पणीमा तथा पुष्ट्याइको अवस्थामा न्युन रहेको छ । जसमा ०.२ प्रतिशत रहेको छ । यस आधारमा विद्यार्थी शिक्षक अन्तक्रियाको प्रयोको अवस्थामा कमजोर रहेको छ । विद्यार्थी शिक्षकमा गरिएको कक्षागत अन्तर्क्रियालाई प्रभावकारी बनाउन शिक्षकले बढी व्याख्यानमा जोड दिई टिप्पणी र पुट्याइमा अन्तर्क्रिया कम गरेको

पाइयो । जसले भाषाको सिकाइ अभ्यासपरक, सिकारू केन्द्रित हुनुपर्नेमा शिक्षको भूमिका बढी रहनु सकारात्मक मानिदैन ।

## ४.३ नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका रूपमा देखिएका समस्या

यस अध्ययनमा कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिने अन्तर्क्रियाका सम्बन्धमा देखिएका समस्याका विषयमा शिक्षकबाट र विद्यार्थीसँग गरिएको गहन अन्तर्वार्ताबाट प्राप्त सूचनाहरुलाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

### ४.३.१ नेपाली शिक्षण गर्दा विद्यार्थीहरूमा देखिएका समस्या

शिक्षकलाई नेपाली शिक्षण देखिएका समस्याहरूका सम्बन्धमा विद्यार्थीहरूलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ९ मा तपाईको तपाईले नेपाली शिक्षण गर्दा के कस्ता समस्या देखिएका छन् ? भनी सोधिएको प्रश्नअनुसार प्राप्त प्रतिक्रियाहरूलाई तल देखाइएको छ :

**तालिका नं. २१**

**नेपाली शिक्षण गर्दा देखिएका समस्या**

| **अमरज्योतिका विद्यार्थीहरूमा देखिएका समस्या सम्बन्धी प्रतिक्रिया** |
|---|
| • शिक्षकले कक्षामा नेपाली शिक्षण गर्दै कुनै पनि समस्या देखिएको छैन ।<br>• कक्षामा शिक्षकले नेपाली शिक्षणले पढाउँदा केही पनि समस्या छैन ।<br>• समस्याहरू देखिएका छैनन् ।<br>• केही पनि दिनुभएको छैन ।<br>• मेरो कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा त्यस्ता केही समस्या देखिएका छैनन् ।<br>• केही पनि समस्या देखिएका छैनन् ।<br>• कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा कहिले काहीँ गलत उच्चारण गर्ने, कहिलेकाही अक्षरहरू शुद्ध हुँदैन ।<br>• कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा कुनै पनि समस्या देखिएको छैन । |
| **नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीका समस्या सम्बन्धी प्रतिक्रिया** |
| • कक्षामा ढिलो उपस्थिति हुने, साथीहरूसँग बोल्दा बोल्ने अवसर हुँदैन । |

- कक्षामा नेपाली शिक्षण गर्दा विद्यार्थीहरूले हला र नराम्रो व्यवहारमा बोल्छन् ।
- हाम्रो कक्षामा नेपाली विषयमा पढाउँदा सरले राम्रो र नम्र भाषामा बोल्नुहुन्छ र नेपाली बाहेक रूमा पनि समस्या छैन ।
- हाम्रो कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा झुकिने समस्या देखिएका छन् ।
- हामीले कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा हामी झुकिने छैन ।
- विद्यार्थीहरूले पढ्ने बेलाहल्ला गर्ने, सरसँग बोल्न गर्ने नसक्ने ।
- झन्झटिलो भ्यासमा सहायता गर्नुहुन्छ र अरूले हल्ला गर्दा बुझिन्न ।
- पढाइमा ध्यान नदिएकोमा पढाइ कमजोर हुने, साथीहरूले हल्ला गरेकोमा पढाइमा बाधा पार्ने र सोधेका कुरा नजान्ने ।
- हामीले सोधेको प्रश्नको सहीउत्तर दिननसक्नु, शिक्षकले पढाउँदा साथीहरूलाई कन्ट्रोल गर्न नसक्नु ।

**सूर्योदय बोर्डिङ स्कुलका विद्यार्थीका समस्या सम्बन्धी प्रतिक्रिया**

- कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा केहीपनि समस्या देखिएका छैनन् ।
- कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा केही पनि समस्या देखिदैन ।
- शिक्षकले पढाउँदा राम्रो अनुभव हुन्छ र पढ्दा बुझिन्छ र रमाइलो लाग्छ ।
- हाम्रो कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा केही समस्या प्रायः जसो देखिएका छैनन तर कहिलेकाही हल्ला र छलफल गर्दा हल्ला भैहाल्छ ।
- कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा कुनै पनि समस्या देखिन्न ।
- कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा आकर्षक र रमाइलो, सुहाउँदो लाग्छ ।
- शिक्षकले नेपाली शिक्षण गर्दा आकर्षक लाग्छ तर कुनै पनि समस्या देखिएका छैनन् ।

**ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका विद्यार्थीका समस्या सम्बन्धी प्रतिक्रिया**

- शिक्षकले कक्षामा प्रश्नउत्तर भन्दा नबुझिने समस्या छ ।
- उच्चारण गर्दा समस्याहरू हुने र प्रश्न उत्तरको समस्या छ ।
- मलाई कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा हामीलाई केही समस्या हुँदैन, हामीलाई जरूत

परेको बेला सिकाइ दिनुहुन्छ ।

- कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा प्रश्नउत्तर नजान्ने समस्या देखिएको छ ।
- कहिलेकाही बोल्दा शब्द गलत उच्चारण गर्नु ।
- कक्षामा शिक्षकले बोल्दा लि समस्या देखिएका छन् ।
- नेपाली शिक्षकले प्रश्नको उत्तर भन्दा नबुझिने समस्या देखिन्छन् ।
- प्रश्नोत्तर भन्दा नबुझिने हुन्छ र पाठ पढ्दा पूरा बुझिन्छ ।
- मलाई कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा हामीलाई केही समस्या हुँदैन, हामीलाई जरूरत परेको बेला सिकाइ दिनुहुन्छ ।

**प्यारागन आदर्श पब्लिक एकेडेमीका विद्यार्थीका समस्या सम्बन्धी प्रतिक्रिया**

- हाम्रो नेपाली शिक्षकले पढाएको हामीले राम्ररी बुझ्छौं ।
- राम्रो पढाउँदा रामाइलो लाग्छ ।
- हामीलाई पढाउनुभयो हाम्रोसँग बुझाउनु हुन्छ ।
- हामीलाई पढाउँदा स्पष्टसँग पढाउनु हुन्छ ।
- हामीलाई पढाउँदा रमाइलोसँग पढाउनुहुन्छ । हामीलाई स्पष्टसँग सिकाउनुहुन्छ ।
- हाम्रो नेपाली शिक्षकले पढाएको हामीले राम्ररी बुझ्छौं ।

माथिको तालिका अनुसार विद्यार्थीहरूमा देखिएका समस्याहरूमा शिक्षकले कक्षामा प्रश्नउत्तर भन्दा नबुझिने समस्या, उच्चारण गर्दा समस्याहरू हुने र प्रश्न उत्तरको समस्या, कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा प्रश्नउत्तर नजान्ने समस्या, कहिलेकाही बोल्दा शब्द गलत उच्चारण गर्नु, कक्षामा शिक्षकले बोल्दा अलि झुक्किने, नेपाली शिक्षकले प्रश्नको उत्तर भन्दा नबुझिने समस्या र प्रश्नोत्तर भन्दा नबुझिने जस्ता समस्याहरू देखिएका छन् । उक्त समस्या बाहेक अन्य विद्यालयमा खासै समस्या देखिएका छैनन् ।

नेपाली भाषा शिक्षणका क्रममा अन्तक्रिया प्रयोगमा विद्यार्थीको सहभागीतामा समस्या देखिएको छ । विद्यार्थीहरू अन्तर्क्रियाका क्रममा डराउने गरेको विद्यार्थी शिक्षकमा सम्बन्ध कम हुने गरेको, लेखनमा समस्या, भाषिक उच्चारणमा समस्या देखिएका छन् । शिक्षकले भनेका कुराहरू

झन्झट मान्ने गरेको, प्रश्नोत्तर र छलफल जस्ता अन्तर्क्रियामा बढी सक्रिय भएपनि लेखन, पढाइ र उच्चारणगत अन्तर्क्रियामा उचित किसिमले सक्रिय सहभागी नहुने गरेकाले शिक्षणमा समस्या हुने गरेको शिक्षकको प्रतिक्रिया रहेको छ ।

### ४.३.२ नेपाली शिक्षण गर्दा देखिएका समस्याहरूमा शिक्षकबाट प्राप्त प्रतिक्रिया

शिक्षकलाई नेपाली शिक्षण देखिएका समस्याहरूका सम्बन्धमा विद्यार्थीहरूलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ८ मा नेपाली भाषा शिक्षणका क्रममा अन्तर्क्रिया गराउँदा के कस्ता समस्या आउने गरेका छन् ? भनी सोधिएको प्रश्नअनुसार प्राप्त तथ्याङ्कहरूलाई तल देखाइएको छ :

**तालिका नं.२२**

**नेपाली शिक्षण गर्दा देखिएका समस्याहरूमा शिक्षकबाट प्राप्त प्रतिक्रिया**

| |
|---|
| १. अमरज्योति नमुनामा.वि.का शिक्षकका प्रतिक्रिया |
| ● विद्यार्थीको निस्क्रियता<br>● पर्याप्त भाषिक पाठ्यसामग्रीको भाव<br>● भाषिक विविधता<br>● विद्यार्थीको सहभागितामा समस्या<br>● विद्यार्थीको आत्मविश्वास नहुँदा बोल्ने कुरामा समस्या |
| २. नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकका प्रतित्रिया |
| ● बहुभाषिक विद्यार्थी हुँदा समस्या<br>● भाषिक नियम सम्बन्धी समस्या<br>● भाषिक समस्या<br>● शुद्ध शुद्ध सम्बन्धी समस्या<br>● व्याकरण सम्बन्धी समस्या |
| ३. सूर्योदय बोर्डिङ स्कुलका शिक्षकको प्रतिक्रिया |
| ● भाषागत त्रुटि |

| |
|---|
| ● प्रदर्शनमा समस्या<br>● भाषागत समस्या<br>● लेखनमा समस्या |
| ४. ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षकको प्रतित्रिया |
| ● शब्दउच्चारण गर्न गाह्रो<br>● प्रश्नउत्तर बुझाउन अप्ठ्यारो<br>● सबै विद्यार्थीहरूले बुझ्न गाह्रो हुन्छ<br>● उच्चारणमा समस्या |
| ५. प्यारागनआदर्श पब्लिक एकेडेमी स्कुलका शिक्षकको प्रतिक्रिया |
| ● शुद्ध उच्चारण गर्न नसक्नु<br>● शुद्ध लेख्न नसक्नु<br>● भाषिकसिप सम्बन्धी ज्ञानको अभाव<br>● शुद्ध उच्चारण गर्न नसक्नु<br>● शुद्धसँग लेख्न नसक्नु |

अमरज्योति नमुनामा.वि.का शिक्षकहरूमा देखिएका समस्याहरूमा विद्यार्थीको निस्क्रियता, पर्याप्त भाषिक पाठ्य सामग्रीको भाव, भाषिक विविधता, विद्यार्थीको सहभागितामा समस्या, विद्यार्थीको आत्मविश्वास नहुँदा बोल्ने कुरामा समस्या बढी देखिएका छन् । भने नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुभाषिक विद्यार्थी हुँदा समस्या, भाषिक नियम सम्बन्धी समस्या, भाषिक समस्या। शुद्धाशुद्धी सम्बन्धी समस्या, व्याकरण सम्बन्धी समस्या बढी देखिएका छन् । यस विद्यालयमा बढी जटिल समस्या देखिएको पाइन्छ । सूर्यदय बोर्डिङ स्कुलमा भाषागत त्रुटि, प्रदर्शनमा समस्या, भाषागत समस्या, लेखनमा समस्या जस्ता समस्या देखिएका छन् भने ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षकमा शब्द उच्चारण गर्न गाह्रो, प्रश्नउत्तर बुझाउन अप्ठ्यारो, सबै विद्यार्थीहरूले बुझ्न गाह्रो हुन्छ, उच्चारणमा समस्याहरू देखिएको पाइयो ।

प्यारागत आदर्श पब्लिक एकेडेमीमा शुद्ध उच्चारण गर्न नसक्नु, शुद्ध लेख्न नसक्नु, भाषिक सिप सम्बन्धी ज्ञानको अभाव, शुद्ध उच्चारण गर्न नसक्नु र शुद्धसँग लेख्न नसक्नु जस्ता विविध समस्याले गर्दा पनि कक्षामा अन्तर्क्रिया प्रभावकारी हुने सकेको पाइदैन ।

यसरी माथि उल्लेखित विद्यालयहरूमा शिक्षकले अन्तर्क्रिया प्रयोगमा देखिएका समस्याहरू सम्बन्धी शिक्षकको प्रतिक्रियामा विद्यार्थीको निस्क्रियता, पार्यप्त भाषिक सामग्रीको अभाव, विद्यार्थीको आत्मविश्वसमा कमीले गर्दा अन्तर्क्रिया गर्न नसकिएको, शिक्षण सिकाइमा बढी भाषिक त्रुटि गर्ने गरेको, लेखनमा भाषिक अशुद्धता हुने गरेको शब्द उच्चारणमा अशुद्ध गर्ने गरेकाले पनि विद्यार्थीलाई अन्तर्क्रियालाई कक्षामा प्रयोग गर्न कठिन भएको देखिन्छ । विद्यार्थीले प्रश्नको उत्तर बुझाउन कठिन हुने गरेको, अन्तर्क्रियात्मक छलफलमा सहभागी नहुनु जस्ता विविध समस्याले गर्दा कक्षामा शिक्षकलाई अन्तर्क्रिया प्रयोगमा कठिनाइ भएको देखिन्छ । उल्लेखित विविध समस्याहरूले विद्यार्थीहरूलाई कक्षामा सहभागिता कम हुने गरेको देखिन्छ ।

## ४.४ अन्तर्क्रिया प्रयोगमा देखिएका समस्या समाधानका उपाय

यस अध्ययनमा कक्षा छ मा अन्तर्क्रिया प्रयोगमा देखिएका समस्या समाधानका उपायहरूलाई निम्नानुसार शिक्षक र विद्यार्थीका प्रतिक्रियालाई तलको तालिकामा देखाइएको छ :

### ४.४.१ समस्या समाधानका सम्बन्धमा शिक्षकबाट प्राप्त प्रतिक्रिया

शिक्षकलाई सोधिएका प्रश्नावली मध्ये प्रश्न नं. १० मा सोधिएको प्रश्न तपाईलाई अन्तर्क्रिया गर्दा आइपरेका समस्यालाई समाधान गर्न विद्यालयले के कसरी सघाएको छ भनी सोधिएको प्रश्नावली अनुसार शिक्षकले दिएको समस्या समाधानका उपाय निम्नानुसार रहेका छन् :

**तालिका नं. २३**

**समस्या समाधानका सम्बन्धमा शिक्षकबाट प्राप्त प्रतिक्रिया**

| १. अमरज्योति नमुना मा.वि.का शिक्षकका प्रतिक्रिया |
| --- |
| ● भाषिक पाठ्य सामग्रीको व्यवस्था गरेर ।<br>● भाषा शिक्षकहरूको बैठक, सेमिनार गरेर ।<br>● तालिमको अवसर/व्यवस्था । |

| |
|---|
| ● स्टाफ बैठकमा छलफल ।<br>● विद्यार्थीको समूह निर्माणमा आर्थिक तथा भौतिक, व्यवस्थापन सहयोग ।<br>● पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन । |
| २. **नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षकका प्रतिक्रिया** |
| ● शैक्षिक सामग्री उपलब्ध गराई<br>● विभिन्न तालिम (भाषा सम्बन्धी) को व्यवस्था<br>● शिक्षकहरू बिच छलफल गराएर<br>● शैक्षिक तालिम दिएर<br>● शैक्षिक सामग्रीउपलब्ध गराएर |
| ३. **सूर्योदय बोर्डिङ स्कुलका शिक्षकका प्रतिक्रिया** |
| ● नेट इन्टरनेटको सुविधा उपलब्ध गराएर ।<br>● शैक्षिक सामग्रीहरू उपलब्ध गराएर ।<br>● भाषामा र लेखनमा समस्या भएका विद्यार्थीको समूह अलग बनाइ तिनीहरूको लागि विशेष समय दिएको छ । |
| ४. **ब्राइटल्याण्ड सेकेन्डरी स्कुलका शिक्षकका प्रतिक्रिया** |
| ● प्रदर्शन विधिको प्रयोग गरेर ।<br>● नेट इन्टरनेट प्रयोग गरेर ।<br>● विषयगत पुस्तकको व्यवस्था गराउनु ।<br>● नेटको व्यवस्था । |
| ५. **प्यारागन आदर्श पब्लिक एकेडेमीका शिक्षकका प्रतिक्रिया** |
| ● पाठ्यपुस्तक उपलब्ध गराएर ।<br>● नेट इन्रनेटको सुविधा दिएर । |

- अतिरिक्त क्रियाकलाप गराएर
- अन्तर्क्रिया आइपरेका समस्यालाई विद्यालयको अतिरिक्त क्रियाकलाप गराउने नेटबाट सुविधा गर्न सकिन्छ ।

माथि उल्लेखित अन्तर्क्रिया देखिएका समस्यालाई समाधान गर्नका लागि विद्यालयले वा शिक्षकले कक्षामा भाषिक पाठ्य सामग्रीको व्यवस्था गरेर, भाषा शिक्षकहरूको बैठक, सेमिनार गरेर, तालिमको अवसर/व्यवस्था, स्टाफ बैठकमा छलफल, विद्यार्थीको समूह निर्माणमा आर्थिक तथा भौतिक, व्यवस्थापन सहयोग, पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन, नेट इन्टरनेटको सुविधा उपलब्ध गराएर र शैक्षिक सामग्रीहरू उपलब्ध गराएर, भाषामा र लेखनमा समस्या भएका विद्यार्थीको समूह अलग बनाइ तिनीहरूको लागि विशेष समय दिनुपर्ने देखिन्छ भने नेट इन्रनेटको सुविधा दिएर विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराइनुका साथै अन्तर्क्रिया आइपरेका समस्यालाई विद्यालयले समाधान गर्नुपर्ने देखिन्छ ।

यसरी विद्यालयहरूमा प्रयोग गरिएका सम्पूर्ण कार्यकलापहरूको तुलनात्मक विश्लेषण पछि तथ्यहरू प्राप्त भएका छन् । सरकारी र संस्थागत दुवै क्षेत्रका विद्यालयहरूमा प्रयोग गरिएका अन्तर्क्रियाहरू सन्तोषजनक रहेका पाइएका छन् । तापनि तिनको प्रयोगमा गुणस्तरीयता वृद्धि गर्नुपर्ने देखिएको छ । शिक्षणिय पाठको तयारी दैनिक प्रयोगका शैक्षिक सामग्रीहरूको प्रयोगका साथै थप शैक्षिक सामग्रीको प्रयोग, शिक्षणका विधाहरूको प्रयोग बढाउनुका साथै खोज विधि, प्रदर्शन विधि, अभ्यास विधि, अन्तर्क्रिया विधि, प्रयोग तथा विद्यार्थी विद्यार्थी अन्तर्क्रियाको प्रयोग, सहभागीमूलक कार्यकलापहरूको प्रयोग, विद्यार्थीका उत्तरहरू सेतोपाटीमा टिप्ने गरेर छलफल गराउने, सबै विद्यार्थीहरूलाई समेट्ने कार्यकलाप, उद्देश्यमुलक र पाठ्यपुस्तकसँग सम्बन्धित कार्यकलाप, विद्यार्थीहरूलाई हौसला, प्रेरणा दिने, विद्यार्थीलाई नै बोल्नमा बढी समय दिई सक्रिय गराउने, समस्या समाधान पनि विद्यार्थीहरूलाई नै गराउने, सस्वर पठनमा गति, यति, लय, सुर, आघातको प्रयोगमा पनि शिक्षण केन्द्रित गर्नुपर्ने कार्यकलापहरूको प्रयोग एकदमै थोरै मात्रहुने गरेको प्राप्त तथ्यको विश्लेषणबाट थाहा भएको छ । विद्यार्थी र शिक्षकका प्रश्नावलीमा प्राप्त भएका प्रतिक्रियाहरू सकारात्मक खालका छन् तर कक्षामा ती सबै अन्तर्क्रियाहरूको प्रयोग भएको पाउन सकिएन । शिक्षकका प्रतिक्रियाहरू एकदमै उत्तम खालका पाइएका छन्

तर कक्षामा प्रयोग नभएका अन्तर्क्रियाहरूको पनि प्रयोग गर्दा प्रभावकारी र सिकाइ मूलक भाषिक सिपमा आधारित भएको प्राप्त तथ्यका आधारमा देखिएको छ ।

माथि उल्लेखित विद्यालयमा देखिएका समस्याहरूले गर्दा विद्यालयमा प्रभावकारी अन्तर्क्रिया प्रयोग शिक्षकले गर्न नसकिएको देखिन्छ । शिक्षकहरूले अपनाएका अन्तर्क्रियाहरू विद्यार्थीहरूका लागि रूचिपूर्ण र स्तर अनुसार नभएको विद्यार्थीको व्यवहारबाट प्राष्ट भएको छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीको स्तर, क्षमता र विद्यार्थीको भाषिक क्षमता विकास हुने खालका अन्तर्क्रिया गराउनु पर्ने देखिन्छ । सिकाइका लागि शिक्षकलाई बढी तालिम अनिवार्य दिनुपर्ने र शिक्षण सिकाइका क्रममा प्रविधियुक्त शिक्षण सामग्रीको प्रयोग गरी विद्यार्थीमा रोचक खालको कक्षा निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ । विद्यालयले विषयगत पाठ्यपुस्तकको व्यवस्था गर्नुपर्ने र शिक्षणका क्रममा विद्यार्थीको रूचि अनुकूलका शिक्षण विधिहरूको प्रयोग गरी शिक्षण गर्नु पर्ने देखिन्छ । समय समयमा विद्यालयले अन्तर्क्रियात्मक अतिरिक्त क्रियाकलापमा सहभागी गराउनु पर्ने र भाषिक सिप विकासका कार्यकलाप बढी अपनाइ कक्षामा विविध सामूहिक कार्यकलाप गराउनु पर्ने देखिन्छ । जसले गर्दा विद्यार्थी शिक्षकका बिचमा अन्तर्क्रिया गर्न सहजहुने देखिन्छ ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

प्रस्तुत शोधपत्रमा अध्ययन, शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्यका सारभाग कुराहरूलाई निष्कर्षमा समावेश गरिएको छ । अध्ययन पश्चात् दिइएका सुझावहरू पनि प्रस्तुत शोधपत्रमा राखिएको छ, जसको चर्चा निम्नानुसार गरिन्छ -

## ५.१ निष्कर्ष

प्रस्तुत शोधपत्र सुर्खेत जिल्लाका वीरेन्द्रनगर नगरपालिका भित्रका ५ वटा विद्यालयका कक्षा सातमा नेपाली भाषा शिक्षणमा गरिने अन्तर्क्रियाका सम्बन्धमा यो अध्ययन केन्द्रित गरिएको छ । जसमा विद्यार्थीले गर्ने अन्तर्क्रिया प्रयोगको अवस्था, कक्षामा प्रयोग गरिएका अन्तर्क्रियाको विश्लेषण र अन्तर्क्रियामा देखिएका समस्या र समाधानका उपायहरूलाई  विद्यालयका आधारमा केन्द्रित रही विद्यार्थी र शिक्षकहरूलाई सोधिएका प्रश्नावलीमा व्यक्त गरिएका प्रतिक्रियाबाट प्राप्त तथ्याङ्कलाई आधार बनाइ निम्नानुसारका निष्कर्ष निकालिएको छ :

- विभिन्न शिक्षकहरूले कक्षा सातमा नेपाली भाषा शिक्षण गर्दा क्रमशः अन्तर्क्रियाहरूमा समूहगत, सिर्जनात्मक अभ्यास, समूह समूहगत, सस्वरवाचन, कथा कथन, छलफल, सहभागितामूलक शिक्षण, कठिन शब्दको उच्चारण, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रियाका श्रेणीहरूको उपयोग गरेको पाइयो ।

- मेट्रिक्सको नतिजाका आधारमा पाँचजना शिक्षकले गरेको कक्षा शिक्षण कार्यकलापमा अपनाइएका अन्तर्क्रियामा भावनाको स्वीकार, प्रशंसा वा प्रोत्साहन, विद्यार्थीका विचाहरूको कदर, प्रश्न गर्ने, व्याख्यान गर्ने, निर्देशन, टिप्पणी तथा पुष्ट्याई, विद्यार्थीका विचार प्रारम्भ र मौनता द्विबिधा प्रयोग गरेका छन् ।

- शिक्षककथन, विद्यार्थी कथन र मौनताको अवस्थालाई हेर्दा शिक्षक कथन प्रत्यक्ष र शिक्षक कथन अप्रत्यक्ष प्रयोग गरिएकाले शिक्षक विद्यार्थी बिचको सक्रियतालाई बढी प्रभावकारी भएको छ ।

- कक्षा सातमा अन्तर्क्रियाको प्रयोगको अवस्थाका सम्बन्धमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा २४ प्रतिशत शिक्षकले समूहमा छलफल गर्ने गरेका छन् भने ४८ प्रतिशत शिक्षकले कक्षामा पाठगत प्रश्नोत्तर, २२ प्रतिशत शिक्षकले सामूहिक रूपमा छलफल गर्ने गरेको र ६ प्रतिशत शिक्षकले कक्षामा कठिन शब्दको उच्चारण जस्ता अन्तर्क्रियात्मक कार्यको प्रयोग गर्दै आएको पाइयो ।

- विद्यार्थीले प्रतिक्रिया जनाएको अवस्थामा शिक्षकबाट प्रशंसा वा प्रोत्साहन कमै मात्र (०.४० प्रतिशत) गरेको पाइयो । यसले शिक्षकले पृष्ठपोषणको प्रयोग उचित किसिमको प्रयोग नगरेको भन्ने आधार प्रदानगर्दछ ।

- कक्षा सातमा नेपाली भाषा शिक्षणका क्रममा भाषिक सिपसँग सम्बन्धित अन्तर्क्रियात्मक कार्यहरू गर्ने गरेको देखिन्छ । जसमा प्रश्न सोध्ने, अनुशासनमा बस्ने, शब्द उच्चारण गर्ने, लेख्ने कुरामा, पढ्ने कुरामा, बोल्ने कुरामा, नजानेका कुरा सोध्ने, छलफल, प्रदर्शन विधि, वाचन प्रक्रिया जस्ता अन्तर्क्रियामा जोड दिएको पाइयो ।

- अध्ययनमा सहभागी भएका विद्यार्थीहरूको धारणा अनुसार शिक्षकले सबैभन्दा बढी छलफल विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको पाइयो ।

- विद्यार्थीले दिएको धारणा अनुसार शिक्षक र विद्यार्थी बीचको अन्तर्क्रियागर्दा सबैभन्दा बढी कक्षामा व्याख्यान विधिको प्रयोग गरेकाले विद्यार्थीको नेपाली भाषा शिक्षणमा अन्तर्क्रिया प्रभावकारी हुने नसकेको विद्यार्थीको प्रतिक्रिया रहेको पाइयो ।

- कक्षा सातमा नेपाली भाषा शिक्षण गर्ने क्रममा विद्यार्थीहरूलाई पृष्ठपोषण दिने प्रेरणा वा प्रोत्साहित गर्ने जस्ता उपायको प्रयोग भने ज्यादै न्युन रहेको पाइयो ।

- विद्यार्थीको प्रतिक्रिया वा उत्तरमा शिक्षकले थप प्रष्ट्याइ गर्ने सच्याइ दिने जस्ता अन्तर्क्रिया विधिको प्रयोग नगरेको पाइयो । यसले शिक्षक विद्यार्थीका कमीकमजोरीलाई बुझेर शिक्षण गर्ने भन्दा आफ्नो सोच र पूर्वयोजनालाई मात्र केन्द्रमा राखी कक्षा शिक्षण गरेका भन्ने आधार प्राप्तभएको पाइयो ।

- यस अध्ययनमा सहभागी भएका १० जना नेपाली शिक्षण गर्ने शिक्षकहरूमा कक्षामा अन्तर्क्रियाका क्रममा विद्यार्थीको सहभागिताको स्थितिको अध्ययन गर्दा ९० प्रतिशत शिक्षकले सक्रियतापूर्वक सहभागिता हुने र १० प्रतिशत शिक्षकले सहभागितामा वृद्धि हुने गरेको बताएका छन् । यसरी यस आधारमा कक्षा सातमा नेपाली शिक्षण गर्दा अन्तर्क्रिया प्रयोग गर्दा विद्यार्थीको सहभागितामा वृद्धि हुने भएकाले अन्तर्क्रियामार्फत शिक्षण गर्नु उपयुक्त रहेको देखिन्छ ।

- कक्षामा नेपाली भाषा शिक्षणका क्रममा अपनाइने अन्तर्क्रियालाई प्रभावकारी बनाउन विद्यालयमा नेपाली शिक्षकले छलफलको माध्यमबाट, प्रश्नोत्तरको विधि, प्रयोगात्मक विधि र सिर्जनात्मक विधिलाई नै बढी जोड दिइएको विचार  प्रस्तुत गरेका छन् तर यस आधारमा उनीहरूले शिक्षण गर्दा भने व्याख्या विधिको प्रयोग गरी शिक्षण गरेकाले भनाइ र गराइमा फरक रहेको देखियो ।

- अन्तर्क्रिया गर्दा शिक्षकले गरेको अनुभव अनुसार ३० प्रतिशत शिक्षकले अगाडिको बेन्चमा बस्ने विद्यार्थी मात्र सरिक हुने अनुभव गरेका छन् । ३० प्रतिशत शिक्षकले बाहिरको हल्लाले पनि समस्या आइरहने अनुभव गरेका छन् भने ३० प्रतिशत शिक्षकले जान्ने विद्यार्थी मात्र सहभागी हुने र १० प्रतिशत शिक्षकले यसमा समय निकै बढी खर्च हुने अनुभव गरेको देखिन्छ ।

- नेपाली शिक्षणका क्रममा गरिने अन्तर्क्रियाका सम्बन्धमा ४ प्रतिशत विद्यार्थीमा सुहाउँदो लाग्ने गरेको, १४ प्रतिशत विद्यार्थीमा आकर्षक लाग्ने गरेको, ४० प्रतिशत विद्यार्थीमा झन्झटिलो लाग्ने गरेको र ४२ प्रतिशत विद्यार्थीमा रमाइलो लाग्ने गरेको पाइयो । यसरी विद्यार्थीको धारणा अनुसार कक्षामा अन्तर्क्रिया गराउँदा विद्यार्थी र शिक्षकमा रमाइलो किसिमले सिकाइ हुने गरेकाले पनि नेपाली भाषा शिक्षणका क्रममा अर्न्तक्रिया गर्नु प्रभावकारी हुने देखिन्छ ।

- सहभागी शिक्षकहरूले कक्षा शिक्षणमा व्याख्यानको बढी प्रयोग गरेका छन् जसको मात्रा सबैभन्दा बढी ७२.६५ प्रतिशत र सबैभन्दा कम भावनाको स्वीकार रहेको छ जसको प्रयोगको मात्रा ०.२० प्रतिशत रहेको छ ।
- शिक्षक स्वयंले बोलेको समयावधि (शिक्षक कथन) ८७.४० प्रतिशत रहेको छ । यसअन्तर्गत अप्रत्यक्ष कथन अनुपात ३.२५ रहेको छ भने प्रत्यक्ष कथन अनुपात ८४.२ प्रतिशत छ । विद्यार्थी कथन अनुपात १०.८ प्रतिशत देखिन्छ । विद्यार्थी कथन अन्तर्गत विद्यार्थी-विचार प्रारम्भ र विद्यार्थी विचार-प्रतिक्रिया दुबै श्रेणी रहेका छन् ।
- कक्षामा शिक्षक विद्यार्थी अन्तर्क्रियाका आधारमा व्याख्या विधिलाई बढी प्रयोग गरिएको देखियो । जसमा ७२.६५ प्रतिशत प्रयोग गरिएको छ । यस आधारमा विद्यार्थी र शिक्षक केन्द्रित विधिमा व्याख्यानमा बढी जोड दिइएको छ । नेपाली भाषा सिकाइमा व्याख्यामा बढी जोड दिइनुले पनि विद्यार्थीको स्तरमा अझ प्रभावकारी बनाउन अझ अभ्यासपरक र सिकारू केन्द्रित रहनु आवश्यक छ । विद्यार्थीको भावनाको कदरमा सबैभन्दा कम प्रतिशत रहनुले पनि विद्यार्थी र शिक्षकको टिप्पणीमा तथा पुष्ट्याइको अवस्थामा न्युन रहेको छ । जसमा ०.२ प्रतिशत रहेको छ । यस आधारमा विद्यार्थी शिक्षक अन्तक्रियाको प्रयोको अवस्थामा कमजोर रहेको छ ।
- विद्यार्थीहरूमा देखिएका समस्याहरूमा शिक्षकले कक्षामा प्रश्न उत्तर भन्दा नबुझिने समस्या, उच्चारण गर्दा समस्याहरू हुने र प्रश्न उत्तरको समस्या,  कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा प्रश्नउत्तर नजान्ने समस्या, कहिलेकाही बोल्दा शब्दगलत उच्चारण गर्नु, कक्षामा शिक्षकले बोल्दा अलि झुक्किने, नेपाली शिक्षकले प्रश्नको उत्तर भन्दान बुझिने समस्या  र प्रश्नोत्तर भन्दा नबुझिने जस्ता समस्याहरू देखिएका छन् ।
- शिक्षकमा शब्द उच्चारण गर्न गाह्रो, प्रश्नउत्तर बुझाउन अप्ठ्यारो, सबै विद्यार्थीहरूले बुझ्न गाह्रो हुन्छ, उच्चारणमा समस्याहरू देखिएको पाइयो ।  प्यारागत आदर्श पब्लिक एकेडेमीमा शुद्ध उच्चारण गर्न नसक्नु, शुद्ध लेख्न नसक्नु, भाषिक सिप सम्बन्धी ज्ञानको अभाव, शुद्ध उच्चारण गर्न नसक्नु र शुद्धसँग लेख्न नसक्नु जस्ता विविध समस्याले गर्दा पनि कक्षामा अन्तर्क्रिया प्रभावकारी हुने सकेको पाइदैन ।

- अन्तर्क्रियाा देखिएका समस्यालाई समाधान गर्नका लागि विद्यालयले वा शिक्षकले कक्षामा भाषिक पाठ्य सामग्रीको व्यवस्था गरेर, भाषा शिक्षकहरूको बैठक, सेमिनार गरेर, तालिमको वसर/ व्यवस्था, स्टाफ बैठकमा छलफल, विद्यार्थीको समूह निर्माणमा आर्थिक तथा भौतिक, व्यवस्थापन सहयोग, पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन, नेट इन्टरनेटको सुविधा उपलब्ध गराएर र शैक्षिक सामग्रीहरू उपलब्ध गराएर, भाषामा र लेखनमा समस्या भएका विद्यार्थीको समूह अलग बनाइ तिनीहरूको लागि विशेष समय दिनुपर्ने देखिन्छ भने नेट इन्टरनेटको सुविधा दिएर विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराइनुका साथै अन्तर्क्रिया आइपरेका समस्यालाई विद्यालयले समाधान गर्नुपर्ने देखिन्छ ।

यसरी शिक्षक विद्यार्थीको बिच वा विद्यार्थी विद्यार्थीका बिच अन्तर्क्रिया नगन्य रूपमा मात्र भएको देखियो । त्यस्तै शिक्षकका लागि अति आवश्यक सामग्री निर्देशिका र पाठ्यक्रमको प्रयोगको कमिका कारण शिक्षकहरूमा शिक्षण क्रमको बारेमा ज्ञान कम भएको पाइयो । आजको बैज्ञानिक युगमा आएर पनि केवल छलफल विधिमा मात्र केन्द्रित भई शिक्षक सक्रिय भएर विद्यार्थीलाई निष्कृय बनाउन उपयुक्त नहुने भएकाले अन्तर्क्रियाको माध्यमबाट विद्यार्थीहरूलाई सक्रिय बनाएर विद्यार्थी केन्द्रित शिक्षण विधि र कार्यकलाप लगायत सिर्जनात्मक लेखन र अभ्यासमा अबलम्बन गर्नुपर्ने देखिन्छ ।

## ५.२ सुझावहरू

प्रस्तुत अध्ययन सुझावहरू निम्नानुसार बुँदागत रूपमा उल्लेख गरिएको छ -

### ५.२.१ नीतिगत तह

(क) नेपाल सरकारले नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई विभिन्न तालिम अन्तर्क्रिया, छलफलमा सहभागी गराउने नीति ल्याउन,

(ख) तालिम प्राप्त शिक्षकको तुलनामा तालिम अप्राप्त शिक्षकको शिक्षण सिकाइ त्यति प्रभावकारी नहुने हुँदा तालिम अप्राप्त शिक्षकलाई तालिम दिने र अन्तर्क्रिया सम्बन्धी जानकारी गराउने नीति ल्याउने,

(ग) शिक्षकले अध्यापनका क्रममा रचनात्मक र विविधता अपनाई अन्तर्क्रियाका लागि प्रत्येक समूहलाई निश्चित समय दिएर विद्यार्थी विद्यार्थी बीचमा छलफल तथा प्रश्नोत्तर गराउनुपर्ने नीति ल्याउन,

(घ) विद्यार्थीहरूलाई विषयवस्तु केन्द्रित गराई अन्तर्क्रिया गर्न लगाउने र अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई आधार मानेर समस्या समाधान गर्न लगाउने नीति ल्याउन,

(ङ) समग्र शैक्षिक क्षेत्रको गुणस्तर सुधारका लागि हरेक विद्यालयमा शिक्षण अन्तर्क्रियाको अवलोकन, निरीक्षणमा सम्बन्धित निकायले शिक्षक विद्यार्थीहरूलाई आवश्यक पृष्ठपोषण प्रदान गर्ने नीति ल्याउन ।

५.२.२ कार्यान्वयन तह

(क) कक्षाकोठामा प्रशस्त शैक्षिक सामग्री प्रयोगको संख्या बढाउनुपर्ने देखिन्छ ।

(ख) निरन्तर मूल्याङ्कन र अभ्यासलाई बढीभन्दा बढी जोड दिनुपर्ने छ ।

(ग) विद्यार्थीहरूलाई विषयवस्तु प्रति केन्द्रित गराई अन्तर्क्रिया गर्न लगाउने र अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई आधार मानेर समस्या समाधान गर्न लगाउने वा गराइदिने गर्नुपर्ने देखिन्छ ।

(घ) शैक्षिक गुणस्तर वृद्धिका लागि हरेक विद्यालयमा शिक्षण अन्तर्क्रियाको अवलोकन, निरीक्षण सम्बन्धीतनिकायले गर्नुपर्ने देखिन्छ ।

(ङ) कक्षाकोठामा शिक्षक विद्यार्थी अन्तर्क्रिया गर्दा सबैलाई सक्रिय सहभागी गराइनुपर्ने देखिन्छ ।

५.२.३ अनुसन्धान तह

(क) यो अनुसन्धान सुर्खेत जिल्लामा मात्र केन्द्रित गरिएकाले यसको अझ व्यापक क्षेत्र बनाएर अनुसन्धान गर्न सकिनेछ ।

(ख) यस अनुसन्धानमा केवल अन्तर्क्रियाको मात्र अनुसन्धा नगरिएकाले यसलाई अझव्यापक क्षेत्रका रूपमा पनि अनुसन्धान गर्न सकिनेछ ।

(ग) सरकारी तथा गैर सरकारी निकायले शैक्षिक संस्थामागरिने शिक्षकविद्यार्थी अन्तर्क्रियाका बारेमा अनुसन्धान गर्न सकिनेछ ।

(घ) विद्यालयले गर्ने अन्तर्क्रियालाई प्रभावकारी बनाउन स्थानीयनिकायले अनुसन्धान गर्न सकिनेछ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधपत्रको उपयोगितालाई  समग्रमा निम्न बुँदाहरूमा प्रस्तुत गरिएको छ -

(क) कक्षाकोठामा शिक्षकहरू एकोहोरो व्याख्या गरी थकित अवस्थामा शिक्षण गरिएको पाइएकोमा शिक्षक सक्रिय हुन भन्दा विद्यार्थीहरूलाई नै अन्तर्क्रियाको माध्यमद्वारा सक्रियबनाएर उनीहरूमा निहित प्रतिभालाई प्रस्फुटन गर्ने वातावरणको सिर्जना गर्न मदत पु¥याउँछ ।

(ख) अन्तर्क्रिया सञ्चालन गर्न केवल पाठ्यपुस्तकमा मात्र निर्भर नभई अन्य शैक्षिक सामग्रीको प्रयोग बढाउन र शैक्षिक सामग्रीको माध्यमबाट पनि अन्तर्क्रिया गराउन मदत गर्दछ ।

(ग) कक्षाकोठामा निरन्तर मूल्याङ्कन गर्न र मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा अङ्गीकार गरी निर्माणात्मक मूल्याङ्नको कार्यान्वयनमा जोड दिन उपायेगी हुन्छ ।

(घ) शिक्षकले अध्यापनका क्रममा रचनात्मक र विविधता अपनाई अन्तर्क्रियाका लागि प्रत्येक समूहलाई निश्चित समयावधि दिएर विद्यार्थी-विद्यार्थी बिचमा छलफल तथा प्रश्नोत्तर सहयोग गर्दछ ।

(घ) शिक्षकले अध्यापनका क्रममा समूह विभाजन गरेर समूहको समूह नेता छनोट गरिदिन र अन्तर्क्रियाबाट प्राप्त निष्कर्षलाई सकारात्मक रूपमा लिन, अनावश्यक वादविवाद तर्फ लैजान नदिन उपयोगी देखिन्छ ।

(ङ) शिक्षक विद्यार्थी बिचको अन्तर्क्रिया वा विद्यार्थी विद्यार्थी बिचको अन्तर्क्रियाले पनि सिकाइको वातावरण बनाउन उर्जा दिने देखिन्छ ।

(च) प्रभावकारी शिक्षणका साथै नवीनतम सामग्रीको खोजी हुने देखिन्छ ।

(छ) कक्षाकोठामा अगाडी बस्ने, सक्रिय र तेज विद्यार्थीमात्र नभई कमजोर विद्यार्थी पनि अन्तर्क्रियामा संलग्न हुन सक्ने देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षक

(क) कक्षा छ का विद्यार्थीहरूको अन्तर्क्रियात्मक क्षमताको अध्ययन,

(ख) कक्षा दसमा नेपाली भाषा शिक्षणमा अन्तर्क्रियाको प्रयोग,

(ग) माध्यमिक तहमा शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियाको अध्ययन,

(घ) कक्षा ५ मा गरिएका अन्तर्क्रिया विधिको अध्ययन,

(ङ) प्राथमिक तहका शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियाको अध्ययन,

(च) निम्न माध्यमिक तहका शिक्षक विद्यार्थी बिचको अन्तर्क्रियाको अध्ययन,

(छ) माध्यमिक तहका शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन ।

# सन्दर्भ सूची

## पुस्तक तथा लेख रचना सूची


अधिकारी, विष्णुप्रसाद(२०५९) *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौँ : आशिष बुक्स प्रा.लि., बागबजार ।

अधिकारी, हेमाङ्गराज (२०६७),*नेपाली भाषा शिक्षण,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७६), *नेपाली भाषा शिक्षण,*काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, भोजेन्द्र र अन्य (२०६४), *नेपाली भाषा शिक्षणका परिप्रेक्ष,* काठमाडौँः पैरवी प्रकाशन ।

ओझा, रामनाथ र सुवेदी (२०७४),*नेपाली भाषा शिक्षण,* काठमाडौः पिनाकल पब्लिकेसन ।

कुमार, दिनेश (सन् २०१३), *फ्लेन्डर्स इन्ट्र्याक्सन एनालाइज सिस्टम सम्पा. कुलबिन्दर पार्ल एजुकेसनल टेक्नोलोजी पृ. १४०* लर्भलीप्रोफेसनल युनिभर्सिटी ।

गौतम, रामप्रसाद (२०६१), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६३) *भाषा शिक्षण :* केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७), *नेपालीभाषा शिक्षण,* काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

निउरे, ध्रुबप्रसाद र घिमिरे, दिनेश (२०७२), *भाषिक अनुसन्धान विधि (दोस्रो संस्क.),* काठमाडौँः पैरवी प्रकाशन ।

पोखेल, केशवराज र काफ्ले, उमेश (२०७३), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ :क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०६५),*नेपाली किताब कक्षा ७,* सानोठिमी भक्तपुरः साझा प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयमहरू,* काठमाडौँः हेरिटेज पब्लिसर्स ।

फ्लेन्डर्स, एन.ए. (सन् १९६६), *इन्ट्र्याक्सन एनलाइज इन द क्लासरूम : अ मानुअल फर अब्जर्स.* स्कुलअफ एजुकेसन, युनिभर्सिटी अफ मिसिगन ।

भण्डारी र अन्य (२०७१), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

मूरे एम.जी. (सन् १९९१) अडिटोरियल : थ्रि टाइप्स अफ इन्ट्र्याक्सन. *द अमेरिकन जर्नल अफ डिस्टान्स एजुकेसन,* ३ (२), १-७ ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यु हिराबुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६१), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : न्यु हिराबुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण* , काठमाडौं : पैरवी प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७४), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**शोधपत्रसूची**

आचार्य, लालमणि (२०६९),*कक्षा ५ मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको भाषिक सिप क्षमताको तुलनात्मक अध्ययन,* प्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि., सुर्खेत ।

गौतम, शान्ताकुमारी (२०६९), *कक्षा चारका शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) ।

देवकोटा, लिलावती (२०७१), *कक्षा ५ को नेपाली भाषा शिक्षण सिकाइमा शिक्षक विद्यार्थी अन्तर्क्रिया,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषाशिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

न्यौपाने, रमा (२०६९, *कक्षा आठका शिक्षक विद्यार्थी अन्तर्क्रिया अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपालीभाषा केन्द्रीय विभाग, कीर्तिपुर काठमाडौँ ।

फौँजा,बेलमती(२०६९),*कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

बसरी, एम. (सन् २०१८), *एन एनलाइज अफ भर्बल इन्ट्र्याक्सन बिटुइन टिचर एन्ड स्टुडेन्ट द क्लासरुम इन इङ्लिस.* (अनपब्लिसेड मास्टर्स थेसिस), स्टेट युनिभर्सिटी अफ मकास्सर ।

बुढा, रमेशकुमार (२०७०), *कक्षा कोठामा शिक्षक विद्ययार्थी अन्तर्क्रियाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

भट्टराई, जानुका (२०७७), *नेपाली भाषा शिक्षणमा शिक्षक विद्यार्थी अन्तर्क्रियाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

# परिशिष्ट (क)

# शिक्षकका लागि प्रश्नावली

**विद्यार्थीका लागि प्रश्नावली**

विद्यार्थी भाइबहिनीहरू !

तल सोधिएका प्रश्नहरू स्नातकोत्तर तह चौँथो सेमेस्टरमा तयार पार्नुपर्ने अनुसन्धान शोधपत्रका लागि तयार गरिएका हुन् । यस **कक्षा सातमा नेपाली भाषा शिक्षणमा गरिएका अर्न्तक्रियाको अध्ययन** शीर्षकको शोधपत्र अध्ययनको लागि तयार गरिएका हुन् । दिइएका प्रतिक्रियाको गोपनियता उपयोग गरिने छ । तसर्थ निर्धक्कसँग उत्तर दिन अनुरोध छ ।

विद्यार्थीको नाम : सञ्जीप खत्री   मिति : २०६८/८/५ गते

कक्षा : सात

विद्यालयको नाम : श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय विरेन्द्र नगर ८ खल्ला सुर्खेत

१. शिक्षकले कक्षामा छलफल गराउनुहुन्छ ?

क) कहिलेकाहीँ मात्र   ख) गराउनुहुन्छ   ग) गराउनुहुँदैन   घ) दैनिक रूपमा गराउनुहुन्छ

२. शिक्षकले नेपाली शिक्षण गर्दा कक्षामा के कस्ता अर्न्तक्रियात्मक कार्य गर्नुहुन्छ ?

क) समूहमा छलफल   ख) पाठगत प्रश्नोत्तर   घ) सामूहिक छलफल   ग) कठिन शब्दको उच्चारण

३. शिक्षकले कक्षामा शिक्षक र विद्यार्थी बीच अर्न्तक्रिया गर्न के कस्ता अभ्यासहरु गराउनुहुन्छ ?

क) छलफल तथा अर्न्तक्रिया   ख) प्रश्नोत्तर लेखन   ग) सिर्जनात्मक अभ्यास   घ) वाचन प्रक्रिया

४. कक्षा शिक्षणका क्रममा शिक्षकले अर्न्तक्रिया गर्दा के कस्ता विधिको प्रयोग गर्नुहुन्छ ?

क) छलफल विधि   ख) प्रश्नोत्तर विधि   ग) अर्न्तक्रिया विधि   घ) प्रदर्शन विधि

५. नेपाली भाषा शिक्षणका क्रममा अर्न्तक्रिया गर्दा भाषिक सीपसँग सम्बन्धित कस्ता अर्न्तक्रिया गराउनुहुन्छ ?

क) छलफल तथा अन्तर्क्रिया ख) प्रश्नोत्तर लेखन

ग) सिर्जनात्मक अभ्यास घ) वाचन प्रक्रिया

६. तपाईको शिक्षकले कक्षामा कस्ता अर्न्तक्रियालाई बढी जोड दिनुहुन्छ ?

क) प्रश्नउत्तर सोधनहुन्छ ख) पाठ वाचन गानलगाउन हुन्छ

ग) ................ घ) ................

७. नेपाली शिक्षणका क्रममा गरिने अर्न्तक्रियाले तपाईको सिकाइमा कस्तो परिवर्तन भएको छ ?

क) लेखाइमा परिवर्तन   ख) बोलाइमा परिवर्तन

ग) पढाइमा जागरुकता   घ) सुनाइ र लेखाइमा विकास

८. कक्षामा नेपाली शिक्षणका समयमा गरिने अर्न्तक्रिया र छलफल कस्तो लाग्छ ?

क) सुहाउँदो लाग्छ   ख) आकर्षक लाग्छ   ग) झन्झटिलो लाग्छ   घ) रमाइलो लाग्छ

९. तपाईको कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा के कस्ता समस्या देखिएका छन् ?

हामीले कक्षामा शिक्षकले नेपाली शिक्षण गर्दा हामी झ्याकिने गर्छौं ।

१०. नेपाली विषय शिक्षकले पढाउँदा साथीहरूसँग पनि छलफल गर्न पाइन्छ ?

क) शिक्षक कक्षामा हुँदा बोल्ने अवसर हुँदैन   ख) कहिलेकाही मात्र बोल्न पाइन्छ

ग) शिक्षकले नै साथीहरुसँग सोध्न दिनुहुन्न   घ) साथीहरुसँग बोल्दा हल्ला हुने भएकाले बोल्ने पाइदैन

*धैर्यतापूर्वक सबै उत्तर दिएकोमा धन्यवाद् !*

## शिक्षकका लागि प्रश्नावली

यहाँ सोधिएका प्रश्नहरू स्नातकोत्तर तह चौँथो सेमेस्टरमा तयार पार्नुपर्ने अनुसन्धान शोधपत्रका लागि **कक्षा सातमा नेपाली भाषा शिक्षणमा गरिएका अर्न्तक्रियाको अध्ययन** शीर्षकको शोधपत्र अध्ययनको लागि तयार गरिएका हुन् । दिइएका प्रतिक्रियाको गोपनियता उपयोग गरिने छ। तसर्थ निर्धक्कसँग उत्तर दिन अनुरोध छ।

शिक्षकको नाम :

मिति : २०७८।०८।०५

अनुभव वर्ष : २४

तालिमको अवस्था : तालिम प्राप्त

१. अन्तरक्रियालाई कसरी बुझाउनुहुन्छ ?

(क) विद्यार्थी विद्यार्थी बीचको छलफल (ख) शिक्षक विद्यार्थी बीचको छलफल

(ग) सहभागिमूलक प्रयोगात्मक शिक्षण ✓(घ) सहभागिमूलक शिक्षण

२. कक्षामा विद्यार्थीलाई कस्ता किसिमका अर्न्तक्रिया गराउनुहुन्छ ?

(क) समूहगत (ख) समूह- समूहगत

(ग) सिर्जनात्मक अभ्यास (घ) सस्वर वाचन, कृयाकथन

३. तपाईले कक्षामा अर्न्तक्रियाका क्रममा विद्यार्थीको सहभागिताको अवस्था कस्तो पाउनु भयो ?

क) सक्रियता ख) निष्क्रियता ✓ग) उत्तेजनामूलक घ) सहभागितामा वृद्धि

४. तपाई कक्षामा अर्न्तक्रिया गर्दा भाषिक सीपसँग सम्बन्धित के कस्ता क्रियाकलाप र विधिको प्रयोग गर्नुहुन्छ ?

✓क) छलफल विधि ख) प्रश्नोत्तर विधि ग) समस्या समाधान विधि घ) प्रदर्शन विधि

५. तपाई कक्षाकोठामा प्रश्न सोध्दा कस्ता किसिमका प्रश्न सोध्नुहुन्छ ?

(क) छोटो उत्तर आउने (ख) ठीक - बेठीक छुट्याउने

(ग) वर्णनात्मक (घ) ........

६. कक्षाकोठामा शिक्षण सिकाइका क्रममा अर्न्तक्रिया गराउँदा र नगराउँदा विद्यार्थीको सिकाइमा के कस्तो फरक पाउनु भयो ?

क) सिकाइमा वृद्धि भएको छ ख) सिकाइ कमजोर रहेको छ

✓ग) सहभागितामा बृद्धि भएको छ घ) अध्ययन गर्ने बानीको विकास भएको छ

७. नेपाली भाषा शिक्षणका क्रममा शिक्षक र विद्यार्थीबीचको दोहोरो अर्न्तक्रिया प्रणालीलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?

(क) भाषिक पाठ्यसामग्रीको अध्ययन गरेर (ख) व्यक्तिगत तथा सामूहिक छलफल गरेर

(ग) प्रश्नोत्तर गरेर (घ) ........

८. नेपाली भाषा शिक्षणका क्रममा अर्न्तक्रिया गराउँदा के कस्ता समस्याहरु आउने गरेका छन् ?

(क) विद्यार्थीको निष्क्रियता

(ख) पर्याप्त भाषिक पाठ्यसामग्रीको अभाव

(ग) भाषिक विविधता

(घ) ........

९. कक्षा कोठामा अर्न्तक्रिया गराउँदा के के अनुभव गर्नु भएको छ ? सहमतमा ठिक र असहमतमा बेठिक चिन्ह लगाउनुहोस् ।

✓(क) अगाडिको बेन्चमा बस्ने विद्यार्थी मात्र सरिक हुन्छन्

✓(ख) बाहिरको हल्लाले पनि समस्या आइरहन्छ

✓(ग) जान्ने विद्यार्थी मात्र सहभागी हुन्छन्

✓(घ) यसमा समय निकै बढी खर्च हुन्छ

१०. तपाईलाई अर्न्तक्रिया गर्दा आइपरेका समस्यालाई समाधान गर्न विद्यालयले के कसरी सघाएको छ ?

(क) भाषिक पाठ्यसामग्रीको व्यवस्था गरेर

(ख) भाषा शिक्षकहरूको बैठक, सेमिनार गरेर

(ग) तालिमको अवसर / व्यवस्था

(घ) स्टाफ बैठकमा छलफल

*व्यस्त समयका बीच धैर्यतापूर्वक सबै उत्तर दिनुभएकोमा यहाँलाई धन्यवाद् !*

# व्यक्तिवृत्त



नाम : सुजता के.सी.

जन्ममिति : २०५३/०३/२६

बुवाको नाम : रत्नबहादुर के.सी.

आमाको नाम : जयन्ती के.सी.

बाजेको नाम : बुद्धिबहादुर के.सी.

स्थायी ठेगाना : भेरी न.पा. ९,जाजरकोट

अस्थायी ठेगाना : वी.न.पा. ११, सुर्खेत

लिङ्ग : महिला

धर्म : हिन्दू

राष्ट्रियता : नेपाली

उमेर : २४वर्ष

वैवाहिक स्थिति : विवाहित

पेशा : अध्ययन

भाषा : नेपाली, हिन्दी, अङ्ग्रेजी

रूचि : अध्ययन/अध्यापन

मोबाइल नं. : ९८६८०९६२३१

**शैक्षिक योग्यता**

| क्र.स. | तह | अध्ययन गरेको संस्थाको नाम | पूरा भएको बर्ष |
|---|---|---|---|
| १ | एस. एल. सी. | श्री दिपेन्द्र मा.वि., जाजरकोट | २०६८ |
| २ | १० +२ | श्री दिपेन्द्र मा.वि., जाजरकोट | २०७० |
| ३ | स्नातकतह (वी.एड.) | शितल क्याम्पस, चौरजहारी, रुकुम | २०७३ |
| ४ | स्नातकोत्तर तह (एम.एड.) | मध्यपश्चिम विश्वविद्यालय, वीरेन्द्रनगर,सुर्खेत | अध्ययनरत |